

# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

## (आ.व.२०८०/०८१-२०८५/०८६)

### कृष्णपुर नगरपालिका, कञ्चनपुर जिल्ला
### सुदुरपश्चिम प्रदेश

With support from Finland's development cooperation

Felm 1859

LI-BIRD

| | |
|---|---|
| **प्रकाशक** | कृष्णपुर नगरपालिका, कञ्चनपुर |
| **सर्वाधिकार** | प्रकाशकमा |
| **योजनाको नाम** | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना |
| **संस्करण** | प्रथम २०७९ |
| **तयार गर्ने** | कृष्णपुर नगरपालिका, कञ्चनपुर |
| **आर्थिक सहयोग** | विदेश मन्त्रालय, फिनल्याण्ड र फेल्म नेपालको आर्थिक सहयोगमा जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) द्धारा संचालित सक्षम परियोजना |
| **प्राविधिक सहयोग** | इन्टरनेशनल कन्जर्भेसन डेभलपमेन्ट पार्टनरसिप इन्कर्पोरेटेड (आई.सी.डी.पी.आई) |

# कृष्णपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, गुलरिया
सुदुरपश्चिम प्रदेश, कञ्चनपुर

मितिः

## नगर प्रमुखको तर्फबाट

वन तथा वातावरण मन्त्रालयले विक्रम संवत् २०७८ मा प्रकाशन गरेको सङ्कटासन्नता तथा जोखिम लेखाजोखा एवम् अनुकूलनका विकल्पहरू नामक प्रतिवेदन अनुसार कञ्चनपुर जिल्ला जलवायुजन्य प्रकोप एवम् विपद्हरूले पारेको समष्टिगत प्रभावका आधारमा उच्च जोखिममा पर्ने भएकोले समग्र जिल्लाको साथै यस कृष्णपुर नगरपालिकाका कृषक लगायत प्रायः सबै मानिसहरूमा यसका प्रत्यक्ष नकारात्मक असरहरू परिरहेको देखिन्छ । यस नगरपालिकाका धेरै बासिन्दाहरू प्रायः निर्वाहमुखी कृषि प्रणालीमा निर्भर छन् भने यहाँका सबै वडाका किसानहरूमा जलवायु परिवर्तनका कारण विभिन्न प्रकारका असरहरू देखिएका छन् । यस नगरपालिकामा बाढी, नदीकटान तथा डुवान, शीतलहर, पशुरोग, बालीरोग, मानवरोग, आगलागी, मिचाहाझार, चटचाङ, खडेरी, हावाहुरी, असिनापानी, भू-क्षय र पहिरोजस्ता जलवायुजन्य विपद् तथा प्रकोपका कारण राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ एवम् राष्ट्रिय अनुकूलन योजना, २०७९ मा उल्लेख भएका सबै ८ ओटा विषयगत क्षेत्रमा नकारात्मक असर परेको छ । यहाँ कृषि उत्पादनमा कमी हुनुका साथै मानिस लगायत पशु, वन तथा कृषि जमिनमा विविध समस्या तथा असरहरू देखिएका छन् ।

नेपाल सरकारले विक्रम संवत् २०७६ मा सार्वजनिक गरेको राष्ट्रिय जलवायु परिवर्तन नीतिले ८ ओटा क्षेत्रहरू ( १. कृषि तथा खाद्य सुरक्षा, २. वन, जैविक विविधता तथा जलाधार संरक्षण, ३. जलस्रोत तथा ऊर्जा, ४. ग्रामीण तथा सहरी बसोबास, ५. उद्योग, यातायात तथा भौतिक पूर्वाधार, ६. पर्यटन एवम् प्राकृतिक तथा सांस्कृतिक सम्पदा, ७. स्वास्थ्य, खानेपानी तथा सरसफाइ, र ८. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन) मा अनुकूलन तथा न्यूनीकरणका विभिन्न नीतिहरू अवलम्बन गरेको छ । नेपालको पन्ध्रौं पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/०७७ - २०८०/८१) ले नेपालका सबै स्थानीय तहमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारी तथा कार्यान्वयन गरी सबै जनतालाई बदलिँदो जलवायुमा अनुकूलित हुनका लागि उपयुक्त वातावरण निर्माण गर्दै जलवायु उत्थानशील समाज निर्माण गर्ने लक्ष्य लिएको छ । यसका लागि नेपाल सरकारले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरण ऐन, २०७४, स्थानीय अनुकूलन कार्ययोजनाको खाका, २०७६ कार्यान्वयनमा ल्याइसकेको छ भने स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७३ मस्यौदाको रूपमा कार्यान्वयनमा रहेको छ । यस्ता पक्षहरूलाई मध्यनजर गर्दै यस नगरपालिकाले यहाँ देखिएका प्रमुख विपद् तथा प्रकोपहरूको पहिचान र सङ्कटासन्नता तथा जोखिम विश्लेषण गरी त्यस्ता प्रकोप तथा विपद्हरूसँग जुध्नका निम्ति आगामी पाँच वर्षका लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गरेको छ । यो योजना नगरपालिकाको पञ्चवर्षीय योजनाको एक अभिन्न अङ्गको रूपमा रहनेछ र वार्षिक नीति तथा कार्यक्रम र बजेट तयारीको क्रममा यसलाई आत्मसात गरिनेछ ।

यस पञ्चवर्षीय स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले कृष्णपुर नगरपालिकामा देखिएका जलवायु परिवर्तनका कारण सिर्जित विपद् तथा प्रकोपहरूको धेरै हदसम्म सम्बोधन गर्ने विश्वास लिएको छु । योजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक, प्राविधिक तथा अन्य स्रोत साधनहरूको व्यवस्थापन गर्न नगरपालिका सदैव क्रियाशील रहने छ ।

यो योजना तयारीको क्रममा आवश्यक आर्थिक सहयोग गर्ने जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) अन्तर्गतको सक्षम परियोजनालाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यसका साथै प्राविधिक परामर्श सेवाको लागि इन्टरनेशनल कन्जर्भेसन डेभलपमेन्ट पार्टनरसिप इन्कर्पोरेटेड (आई.सी.डी.पी.आई) प्रति कृतज्ञता ज्ञापन गर्दछु । अन्तमा, यो योजना तयारीमा खटिने जनप्रतिनिधीहरू, राजनीतिक दलहरू, शिक्षक, समाजसेवी, महिला, दलित लगायत सहभागी सम्पूर्ण निकाय तथा व्यक्तिहरूप्रति धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

..................

हेमराज ओझा

नगर प्रमुख

# बिषय सूची


नगर प्रमुखको तर्फबाट ख
बिषय सूची ग
तालिका सूची च
नक्सा सूची छ
चित्र सूची छ
शब्दावलीहरू ज
सारांश ट
१. पृष्ठभूमि १
१.१. योजनाको औचित्य तथा मान्यता १
१.२. कानुनी तथा नीतिगत अवस्था १
१.३. कृष्णपुर नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २
२. योजनाका लक्ष्य एवम् उद्देश्यहरू तथा परिदृश्य लेखाजोखा ४
२.१. नगरपालिकाको दुरदृष्टि र लक्ष्य ४
२.२. योजनाका लक्ष्य तथा उद्देश्यहरू ४
२.२.१. लक्ष्य ४
२.२.२. उद्देश्यहरू ४
२.३. भावी जलवायु तथा विपद् परिदृश्य लेखाजोखा एवम् क्षमता परिकल्पना ६
३. योजना तयारी प्रक्रिया ८
३.१. तयारी ९
३.२. जलवायु परिवर्तन र विपद् जोखिमसम्बन्धी सचेतना अभिवृद्धि ९
३.३. सङ्कटासन्नता तथा जोखिम विश्लेषण ११
३.४. स्थलगत अवलोकन १२
३.५. रणनीतिहरूको पहिचान १२
३.६. योजना तयारी १३
३.७. अनुमोदन १३
४. कृष्णपुर नगरपालिकाको वस्तुस्थिति १४
४.१. अवस्थिति १४
४.२. उचाइ तथा भिरालोपन १५
४.३. क्षेत्रफल तथा जनसङ्ख्या १६
४.४. भूउपयोग परिवर्तनको अवस्था १६
४.५. सामाजिक अवस्था २०
४.५.१. लैङ्गिक, जातिगत तथा धार्मिक विविधता २०
४.५.२. शिक्षा २०
४.५.३. लैङ्गिक तथा सामाजिक समावेशीकरण २१
४.६. आर्थिक अवस्था २२

४.६.१. आर्थिक रूपमा सक्रिय र आश्रित जनसङ्ख्या २२
४.६.२. कृषि तथा खेती प्रणाली २३
४.६.३. खाद्यान्न उपलब्धता तथा खाद्य सुरक्षा २४
४.६.४. कृषि भूमिको माटोको अवस्था २४
४.६.५. पशुपालन २५
४.६.६. घरको बनोट २५
४.६.७. मुख्य बस्ती र व्यापारिक तथा बजारकेन्द्रहरू २६
४.७. प्राकृतिक स्रोतको अवस्था २६
४.७.१. वन २६
४.७.२. वन्यजन्तु २८
४.७.३. जडिबुटी २८
४.७.४. नदी/खोला तथा पानी मुहान २९
४.७.५. पोखरी २९
४.७.६. मिचाहा झारहरू ३०
४.८. भौतिक विकास ३०
५. जलवायु परिवर्तन तथा प्रकोप/विपद्को अवस्था ३२
५.१. जलवायुको अवस्था ३२
५.२. परिवर्तित मौसमी पात्रो ३४
५.३. कृषिबाली पात्रो ३५
५.४. विपद् तथा प्रकोपहरूको पहिचान तथा स्तरीकरण ३५
५.४.१. बाढी, नदीकटान र डुबान ३६
५.४.२. शीतलहर ३६
५.४.३. पशुरोग ३७
५.४.४. बालीरोग ३७
५.४.५. महामारी ३८
५.४.६. आगलागी ३८
५.४.७. मिचाहाझार ३८
५.४.८. हावाहुरी, असिनापानी र चटचाङ ३९
५.४.९. खडेरी ३९
५.४.१०. भू–क्षय ३९
५.४.११. पहिरो ४०
५.५. जोखिममा रहेका बस्तीहरू ४०
५.६. प्रकोप/विपद्हरूको ऐतिहासिक घटनाक्रम ४१
५.७. बस्ती अनुसार प्रकोप/विपद्को विवरण ४८
५.८. विषयगत क्षेत्रमा परेका प्रभाव तथा असरहरूको विश्लेषण ५१
५.९. प्रकोप/विपद्बाट विभिन्न समूह, लिङ्ग तथा समुदामा परेका असरहरूको विश्लेषण ५५
५.१०. जीविकोपार्जनका स्रोतहरूमाथिको प्रभाव विश्लेषण ५५

६. सङ्कटासन्नता तथा जोखिम विश्लेषण ५७
६.१. प्रकोप/विपद् सूचकाङ्क ५७
६.२. सम्मुखता ५७
६.३. संवेदनशीलता ५८
६.४. अनुकूलन क्षमता ५९
६.५. जोखिमका आधारमा वडा स्तरीकरण ६१
७. जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका रणनीतिहरू ६२
७.१. नीतिगत रणनीतिहरू ६२
७.१.१. जनचेतना तथा क्षमता अभिवृद्धिका रणनीतिहरू ६२
७.१.२. जोखिम न्यूनीकरणका रणनीतिहरू ६२
७.१.३. आपत्कालिन पूर्व तयारीका रणनीतिहरू ६३
७.१.४. प्रतिकार्यका रणनीतहरू ६३
७.१.५. पूनर्लाभका रणनीतिहरू ६४
७.२. प्रकोप/विपद् न्यूनीकरण एवम् व्यवस्थापन तथा अनुकूलनका प्रयासहरूको विश्लेषण ६४
७.३. सेवा प्रदायक संस्थाको विवरण ६६
८. योजना ७०
९. योजना कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन ९१
९.१. योजना प्रक्रियामा यस योजनाको समायोजन तथा कार्यक्रम कार्यान्वयन ९१
९.२. अनुगमन तथा मुल्याङ्कन ९२
९.३. अनुगमन तथा मुल्याङ्कनका आधार तथा उद्देश्य प्राप्तिका सूचकहरू ९४
९.३.१. अनुगमन तथा मुल्याङ्कन आधारहरू ९४
९.३.२. उद्देश्य प्राप्तिका सूचकहरू ९४
९.४. द्वन्द व्यवस्थापन ९५
अनुसूचीहरू ९६
अनुसूची १: स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमामा संलग्न सहभागीहरू ९६
अनुसुची २: सन् २००२, २०१२ र २०२२ मा भूउपयोगको वडागत अवस्था १०३
अनुसूची ३: नगरपालिकामा रहेका सामुदायिक वनहरू ११२

# तालिका सूची


तालिका १: छलफल तथा अन्तरक्रियाहरूमा संलग्न सहभागीहरू १०
तालिका २: प्रकोप, सम्मुखता, संवेदनशीलता र अनुकूलनका क्षमताका सूचकहरू १२
तालिका ३: वडा कार्यालयदेखि नगरपालिका कार्यालयसम्मको दुरी १५
तालिका ४: वडागत रूपमा जनसङ्ख्या तथा क्षेत्रफलको विवरण १६
तालिका ५: सन् २००२, २०१२ र २०२२ मा वडागत भूउपयोगको अवस्था १८
तालिका ६: वडागत रूपमा जातिगत जनसङ्ख्याको विवरण २०
तालिका ७: वडागत रूपमा साक्षरताको अवस्था २०
तालिका ८: वडागत रूपमा रहेका शिक्षण संस्थाहरू २१
तालिका ९: घर तथा जग्गामा महिलाको स्वामित्व भएका परिवार सङ्ख्या २१
तालिका १०: वडागत रूपमा अपाङ्गताको वर्ग अनुसार सङ्ख्या २२
तालिका ११: आर्थिक रूपले सक्रिय र आश्रित जनसङ्ख्याको विवरण २३
तालिका १२: प्रमुख अन्नबाली, नगदेबाली, दलहन, फलफूल तथा तरकारीबाली २३
तालिका १३: खाद्यान्न उपलब्धताको अवस्था २४
तालिका १४: वडागत रूपमा पशुहरूको विवरण २५
तालिका १५: नगरपालिकामा घरहरूको बनोट २५
तालिका १६: मुख्य बस्तीहरूको वडागत विवरण २६
तालिका १७: वनको वडागत अवस्था २७
तालिका १८: वडागत रूपमा सामुदायिक वनहरूको संक्षिप्त विवरण २७
तालिका १९: धार्मिक वनहरूको विवरण २८
तालिका २०: ताल तथा पोखरीहरूको विवरण २९
तालिका २१: सडकको वडागत अवस्था ३१
तालिका २२: स्वास्थ्य संस्थाहरूको विवरण ३१
तालिका २३: धार्मिक तथा पर्यटकीय स्थलहरू ३१
तालिका २४: परिवर्तित मौसमी पात्रो ३४
तालिका २५: कृषिबाली पात्रो ३५
तालिका २६: प्रकोप तथा विपद्रूको स्तरीकरण ३५
तालिका २७: बाढी, नदीकटान तथा डुवानको जोखिमको अवस्था ३६
तालिका २८: आगलागीको जोखिमको अवस्था ३८
तालिका २९: पहिरो, आगलागी र बाढीको जोखिममा रहेका बस्ती संख्या ४०
तालिका ३०: सहभागितामूलक ऐतिहासिक समयरेखा ४२
तालिका ३१: बस्ती अनुसार प्रकोपको विवरण ४९
तालिका ३२: वडागत रूपमा सबैभन्दा बढी र सबैभन्दा कम जोखिममा रहेका बस्ती ५१
तालिका ३३: विभिन्न विषयगत क्षेत्रमा रहेका प्रभाव तथा असरहरूको विश्लेषण ५२
तालिका ३४: प्रकोप/विपद्ले विभिन्न समूहमा परेका असरहरूको विश्लेषण ५५
तालिका ३५: प्रकोप/विपद्बाट जीविकोपार्जनका स्रोतहरूमाथि परेको प्रभाव विश्लेषण ५५
तालिका ३६: जलवायुजन्य प्रकोप/विपद्हरूको वडागत सूचकाङ्क ५७

तालिका ३७: सम्मुखताका सूचक र तिनीहरूको वडागत मान ५८
तालिका ३८: सम्मुखताहरूको वडागत सुचकाङ्क ५८
तालिका ३९: संवेदनशीलताका सूचक र तिनीहरूको वडागत मान ५९
तालिका ४०: संवेदनशीलताको वडागत सूचकाङ्क ५९
तालिका ४१: अनुकूलन क्षमताका सूचक र तिनीहरूको वडागत मान ६०
तालिका ४२: अनुकूलन क्षमताको वडागत सूचकाङ्क ६०
तालिका ४३: सङ्कटासन्नता तथा जोखिमको आधारमा वडा स्तरीकरण ६१
तालिका ४४: जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका रणनीतिहरू ६५
तालिका ४५: सेवा प्रदायकहरूको विवरण ६६
तालिका ४६: स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना ७१
तालिका ४७: योजनाको अनुगमन तथा मुल्याङ्कन खाका ९४

## नक्सा सूची

नक्सा १: नगरापालिकाको अवस्थिति १४
नक्सा ३: नगरपालिका भित्रको उचाइको अवस्था १५
नक्सा ३: नगरपालिकाको भिरालोपनको अवस्था १५
नक्सा ४: नगरपालिकाको सन् २००२, २०१२ र २०२२ को भूउपयोगको अवस्था १९
नक्सा ५: सडकको वडागत वितरण ३०
नक्सा ६: बाढी, नदीकटान तथा डुवानको जोखिमको अवस्था ३७
नक्सा ७: आगलागीको जोखिमको अवस्था ३९
नक्सा ८: वडा १ मा पहिरोको अवस्था ४०
नक्सा ९: विपद् तथा प्रकोपका आधारमा बस्तीहरूको वर्गीकरण ४१

## चित्र सूची

चित्र १: स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारी प्रक्रिया ८
चित्र २: विगत ४२ वर्षको वर्षा तथा तापक्रमको अवस्था ३२
चित्र ३: विगत ४२ वर्षको वर्षाको वार्षिक प्रवृत्ति ३३
चित्र ४: विगत ४२ वर्षको अधिकतम तथा न्यूनतम तापक्रमको वार्षिक प्रवृत्ति ३३

# शब्दावलीहरू

**१. मौसम**

कुनै निश्चित स्थान वा क्षेत्रको वायुमण्डलको दैनिक वा छोटो अवधिमा तापक्रम, वर्षा, हावा, वायुमण्डलीय चाप र सापेक्षिक आद्रताको अवस्थालाई मौसम भनिन्छ। यो प्रत्येक दिन, हप्ता र महिनामा परिवर्तन भइरहन्छ।

**२. जलवायु**

लामो अवधि (सामान्यत: ३० वर्ष वा सोभन्दा बढी) को मौसमको औसत अवस्थालाई जलवायु भनिन्छ। सामान्यतया जलवायु स्थान तथा ऋतु अनुसार फरक तर स्थिर रहन्छ। मौसमका जस्तै तापक्रम, वर्षा, हावा, वायुमण्डलीय चाप र सापेक्षिक आद्रता नै यसका सूचकहरू हुन्।

**३. जलवायु परिवर्तन**

दशक वा लामो समयको अन्तराल एवम् दीर्घकालीन अवधिमा जलवायुको अवस्थामा आउने औसत परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ। यसको मापन तथ्याङ्क शास्त्रीय विधिबाट पृथ्वीको निश्चित स्थान वा भूपरिधिमा देखिने परिवर्तनको गणना गरेर गरिन्छ। जलवायु परिवर्तन प्राकृतिक र पृथ्वीको आन्तरिक वा बाह्य दबाब (जस्तैः सौर्य चक्र, ज्वालामुखी विष्फोटन आदि) तथा मानवजन्य (जस्तै, भू-उपयोग परिवर्तन, वायुमण्डलमा विद्यमान ग्याँसहरूको सन्तुलन परिवर्तन, हरितगृह ग्याँसको अत्यधिक उत्सर्जन आदि) कारणहरूले हुने गर्दछ। जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका महासन्धि, १९९२ को धारा १ मा अनुसार प्राकृतिक कारण लगायत मानवीय गतिविधिका कारणले मापनयोग्य समयावधिमा वायुमण्डलको सन्तुलनमा आएको परिवर्तनलाई जलवायु परिवर्तन भनिएको छ।

**४. हरितगृह ग्याँसहरू**

वायुमण्डलभित्र तापक्रम सञ्चय गर्ने ग्याँसहरूलाई हरितगृह ग्याँस भनिन्छ। विश्वव्यापी उष्णीकरण र जलवायु परिवर्तनको लागि यी ग्याँसहरू जिम्मेवार मानिन्छन्। कार्वन डाइअक्साइड, मिथेन, नाइट्रस अक्साइड, परफ्लोरोकार्वन, सल्फर हेक्जाफ्लोराइड, नाइट्रोजन ट्राइफ्लोराइड, हाइड्रोफ्लोरो कार्वन्स, क्लोरोफ्लोरो कार्वन्स र हाइड्रोक्लोरोफ्लोरो कार्वन्स हरितगृह ग्याँसमा पर्दछन्।

**५. प्रकोप**

जलवायुजन्य प्रकोप भन्नाले जलवायु परिवर्तनका कारण जीविकोपार्जन, प्राकृतिक प्रणाली तथा पारिस्थितिकीय प्रणालीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पर्ने सम्भावित खतरा एवम् विनाशकारी असरहरूलाई जनाउँछ।

**६. विपद्**

कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैह्रप्राकृतिक अवस्था।

**७. सम्मुखता**

कुनै पनि जलवायुजन्य प्रकोप तथा विपद्का क्रममा तिनको सम्मुखमा पर्ने प्रणालीहरूलाई नै सम्मुखता भनिन्छ। जनसङ्ख्या, वनक्षेत्र, वन्यजन्तु, बसोबास, भौतिक पूर्वाधार, कृषिभूमि आदिलाई सम्मुखताको रूपमा लिन सकिन्छ।

**८. संवेदनशीलता**

जलवायु परिवर्तनको कारणले कुनै पनि प्रणालीलाई सकारात्मक वा नकारात्मक रूपमा पार्ने प्रभावको परिणाम वा अवस्थालाई संवेदनशीलता भनिन्छ।

**९. अनुकूलन क्षमता**

जलवायु परिवर्तन वा अन्य वातावरणीय समस्याहरूको प्रतिकार गर्ने वा बदलिँदो परिस्थिति अनुसार आफू र आफ्नो प्रणालीलाई परिवर्तिन गर्नसक्ने क्षमतालाई अनुकूलन क्षमता भनिन्छ । यो समुदायको आर्थिक स्रोत, प्रविधि तथा सूचनामा पहुँच, तिनीहरूको उपयोग गर्नसक्ने क्षमतासँग सम्बन्धित हुन्छ । अनुकूलन क्षमता विकाससँग पनि सम्बन्धित हुन्छ, जस्तै, राष्ट्र वा समुदाय जति बढी विकसित हुन्छ, अनुकूलन क्षमता पनि उत्ति नै बढी हुन्छ ।

**१०. सङ्कटासन्नता**

जलवायु विषमता लगायत जलवायु परिवर्तनका प्रतिकूल असरहरूको प्रतिकार गर्ने वा अनुकूलित हुनसक्ने क्षमताको कमी भएको अवस्थालाई सङ्कटासन्नता भनिन्छ । प्राकृतिक तथा मानवीय प्रणालीको संवेदनशीलता तथा न्यून अनुकूलन क्षमताले सङ्कटासन्नता बढाउँछ ।

**११. जोखिम**

विगत र वर्तमानका तथ्यहरूका आधारमा भविष्यमा देखिन सक्ने जलवायुको अवस्था तथा यसले प्राकृतिक, मानवीय, सामाजिक तथा भौतिक संरचनामा पार्नसक्ने नकारात्मक असरहरूको सम्भाव्यतालाई जोखिमको रूपमा लिइन्छ ।

**१२. अनुकूलन**

परिवर्तित वातावरणसँग मिल्दो जीवनशैली अर्थात जीवले आफ्नो अस्तित्व बचाउन वरिपरिको वातावरणसँग बाहिरी रूप, संरचना तथा प्रक्रियामा परिवर्तन गरेर आफूलाई वातावरणमा अनुकूलित बनाउने र जलवायु परिवर्तनको प्रभावलाई बुझेर सो अनुरूप ढाल्ने प्रक्रियालाई अनुकूलन भनिन्छ । अनुकूलनले जलवायु परिवर्तनले गर्दा हुने असरहरूलाई न्यूनीकरण गर्नुका साथै यसबाट फाइदा लिनसक्ने सम्मका कुराहरूलाई समेट्छ ।

**१३. भौगोलिक सूचना प्रणाली**

साधारणतयाः पृथ्वीका निश्चित स्थानहरूको भौगोलक अवस्थिति सम्बन्धी सूचना प्रणालीलाई भौगोलिक सूचना प्रणाली भनिन्छ । यो प्रणाली यसरी बनाइएको हुन्छ कि यसको प्रयोगबाट भौगोलिक तथ्याङ्क तथा सूचनालाई लिने, जम्मा गर्ने,  मिलाउने, विश्लेषण गर्ने, व्यवस्थापन गर्ने र प्रस्तुत गर्ने गरिन्छ ।

**१४.विपद् जोखिम न्यूनीकरण**

विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्यहरूलाई विपद् जोपखम न्यूनीकरण भनिन्छ ।

**१५. विपद् व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण, प्रतिकार्य र पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई विपद् व्यवस्थापन भनिन्छ ।

**१६. विपद् प्रतिकार्य**

विपद् प्रतिकाय विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्दार एवम् राहतसँग सम्बधित कार्य सम्झनु पर्दछ र यस शब्दले विपद् प्रतिकार्यको पूर्व तयारीलाई समेत जनाउँछ ।

**१७. न्यूनीकरण**

हरितगृह ग्याँस उत्सर्जन कटौती गरेर वायुमण्डलमा भएको तिनीहरूको मात्रालाई यथा अवस्थामा ल्याउने वा वायुमण्डलमा थप हरितगृह ग्याँस उत्सर्जन हुनबाट रोक्ने कार्यलाई नै न्यूनीकरण भन्ने गरिन्छ । वायुमण्डलमा भएका हरितगृह ग्याँसहरूको उत्सर्जन परिणाम घटाउनु, ती ग्याँसहरूलाई शोषण गर्नु र वायुमण्डलमा भएका यी ग्याँसहरूको भण्डारण गर्नु नै न्यूनीकरण हो । जस्तै दीगो वन व्यवस्थापनबाट कार्वन सञ्चिती बढाउनु ।

**१८. उत्थानशील**

उत्थानशील भन्नाले विपद् तथा प्रकोपको सम्मुखतामा रहेका प्रणाली, समुदाय, वा समाजमा अन्तर्निहित क्षमता बुझिन्छ जसले विपद् तथा प्रकोपका असरहरूलाई समयमा नै प्रभावकारी ढङ्गले प्रतिरोध, सामना वा समायोजन गर्नुका साथै पूर्ववत् अवस्थामा फर्कन समर्थ गराउँछ ।

**१९. राष्ट्रिय अनुकूलन कार्यक्रम**

अति कम विकसित मुलुकहरूमा जलवायु परिवर्तनको जोखिमको मूल्याङ्कन गर्ने र अनुकूलन सम्बन्धी उपयुक्त उपायहरूको पहिचान गरी जलवायु परिवर्तन सम्बन्धी समस्या र चुनौतीहरूलाई वैज्ञानिक ढङ्गले सम्बोधन गर्न तयार पारिएको राष्ट्रिय कार्य योजना नै राष्ट्रिय अनुकूलन कार्यक्रम हो । यसमा जलवायु परिवर्तनका तत्कालीन असरहरूलाई न्यूनीकरण गर्ने र जलवायु परिवर्तनका मुद्दाहरूलाई राष्ट्रिय विकास योजनामा मूलप्रवाहीकरण गर्ने उद्देश्य राखिएको हुन्छ । नेपाल सरकारले विक्रम संवत् २०६६ मा राष्ट्रिय अनुकूलन कार्यक्रम तयार पारी सार्वजनिक गऱ्यो जसमा ६ ओटा क्षेत्रहरू (कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, जलवायु सिर्जित प्रकोपहरू, वन तथा जैविक विविधता, जनस्वास्थ्य र सहरी बसोबास तथा पूर्वाधार) मा विभिन्न अनुकूलनका कार्यक्रमहरू पहिचान गरी सूचीकृत गरिएको छ ।

**२०. राष्ट्रिय अनुकूलन योजना**

जलवायु परिवर्तनले राष्ट्रियस्तरमा पारेका क्षेत्रगत असरहरूबाट के कसरी बच्ने भनी तयार पारिएको राष्ट्रिय योजना नै राष्ट्रिय अनुकूलन योजना हो ।

**२१. स्थानीय अनुकूलन कार्ययोजना र स्थानीय अनुकूलन कार्ययोजनाको खाका**

जलवायु परिवर्तनका स्थानीय असरहरूलाई न्यूनीकरण गरी जोखिममा रहेका समुदाय तथा घरपरिवारको अनुकूलन क्षमता वृद्धि गर्न स्थानीय सरोकारवाला, सेवाप्रदायक र सेवाग्राहीहरूको प्रत्यक्ष सहभागितामा तयार पारी कार्यान्वयन गरिने योजनालाई स्थानीय अनुकूलन कार्ययोजना भनिन्छ । नेपाल सरकारले विक्रम संवत् २०६८ मा यस्तो कार्ययोजना बनाउन सहजीकरण गर्ने उद्देश्यले स्थानीय अनुकूलन कार्ययोजनाको खाका तयार पारेको थियो । नेपालको सङ्घीय पुनर्संरचना पश्चात् २०६८ सालको खाका कार्यान्वयनबाट प्राप्त भएका सिकाइ समेतका आधारमा २०७६ सालमा यसको पुनवरावलोकन गरिएको छ । स्थानीय अनुकूलन कार्ययोजनाको खाकामा राष्ट्रिय अनुकूलन कार्यक्रम, राष्ट्रिय जलवायु परिवर्तन नीति तथा राष्ट्रिय अनुकूलन योजनाले पहिचान गरेका सङ्कटासन्न क्षेत्र तथा अनुकूलनका कार्यक्रमहरूलाई स्थानीय विकास योजनाहरूमा समाहित गर्ने उद्देश्य राखिएको छ ।

**२२. लैङ्गिक समानता**

महिला र पुरुषबीच सबै पक्ष र तहहरूमा समान अवसर र लाभ हासिल भएको अवस्था नै लैङ्गिक समानता हो ।

**२३. लैङ्गिक समायोजन**

लैङ्गिक समायोजन भन्नाले विभिन्न आयोजनाको निर्माण, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनका चरणहरूमा लैङ्गिक असमानता र भिन्नतालाई पहिचान गरी सम्बोधन गर्ने प्रक्रियालाई बुझाउँछ ।

**२४. समावेशिता**

कुनै पनि कार्यक्रम, कार्ययोजना तर्जुमा तथा कार्यान्वयन एवम् सोको निर्णय प्रक्रियामा सरोकारवाला व्यक्ति तथा समुदाय जस्तै महिला, दलित, विपन्न, विपन्नता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको सार्थक सहभागिताको सुनिश्चितता गर्नु समावेशिता हो ।

# सारांश

## कृष्णपुर नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाः एक झलक

<table>
<tr><th>शिर्षक</th><th colspan="8">विवरण</th></tr>
<tr><td>कार्ययोजनाले समेटेको क्षेत्र</td><td colspan="8">कृष्णपुर नगरपालिका, कञ्चनपुरका सबै नौवटा वडा</td></tr>
<tr><td>चारकिल्ला</td><td colspan="8">पूर्व : कैलाली जिल्लाका गोदावरी नगरपालिका र धनगढी उप-महानगरपालिका, पश्चिम : डडेलधुरा जिल्लाका पर्शुराम नगरपालिका र आलिताल गाउँपालिका र कैलाली जिल्लाको गोदावरी नगरपालिका र दक्षिण : कञ्चनपुरका लालझाडी गाउँपालिका र पुनर्वास नगरपालिका</td></tr>
<tr><td>क्षेत्रफल</td><td colspan="8">२५२.७५ वर्ग किलोमिटर (२५२७५ हेक्टर)</td></tr>
<tr><td rowspan="2">लैङ्गिक जनसंख्या तथा %</td><td colspan="2">महिला</td><td colspan="2">पुरुष</td><td colspan="2">जम्मा</td><td colspan="2">जम्मा घरधुरी</td></tr>
<tr><td colspan="2">४२४२२<br>५२.२२%</td><td colspan="2">३८८२२<br>४७.७८%</td><td colspan="2">८१२४४<br>१००%</td><td colspan="2">१४९४५</td></tr>
<tr><td rowspan="2">जातजाती जनसंख्या तथा %</td><td>ब्राम्हण</td><td>क्षेत्री</td><td>थारू</td><td>दलित</td><td>ठकुरी</td><td>सन्यासी</td><td>अन्य</td><td>जम्मा</td></tr>
<tr><td>१०९१३<br>१२.५५%</td><td>३४६७९<br>४२.६८%</td><td>१९३८९<br>२३.८७%</td><td>१३४३५<br>१६.५४%</td><td>२००२<br>२.४%</td><td>४३१<br>०.५३%</td><td>१११५<br>१.३७%</td><td>८१२४४<br>१००%</td></tr>
<tr><td>प्रमुख पेशा / जीविकोपार्जनको आधार</td><td colspan="8">यहाँका मानिसहरूको प्रमुख पेशा पराम्परागत कृषि हो भने केही मानिसहरू सरकारी जागिर, व्यवसायिक कृषि, व्यापार तथा वैदेशिक रोजगारीमा छन् ।</td></tr>
<tr><td>जलवायुको अवस्था</td><td colspan="8">उष्ण तथा उपोष्ण</td></tr>
<tr><td>जलवायु परिवर्तनको प्रभाव</td><td colspan="8">१. वर्षभरिमा हुने गर्मीका दिन पहिलाको तुलनामा करिब १ महिनाले बढेको र गर्मीको मात्रा पनि बढेको,<br>२. वर्षभरिमा हुने जाडेका दिन पहिलाको तुलनामा करिब १.५ महिनाले बढेको<br>३. मनसुनी वर्षाको अवधि पहिलाको तुलनामा २ महिनाले घटेको, हिउँदे वर्षा लगभग हुन छाडेको<br>४. खडेरी, पहिरो, शीतलहर आगलागी, बाढी, नदी कटान, डुवान तथा भू-क्षयको मात्रा तथा बारम्बारता बढेको<br>५. कृषिबाली, पशुपंक्षी तथा मानव रोगको प्रकोप बढेको</td></tr>
<tr><td>मुख्य प्रकोप/विपद्</td><td colspan="8">बाढी, नदीकटान तथा डुवान, शीतलहर, पशुरोग, बालीरोग, मानवरोग, आगलागी, मिचाहाझार, चटचाङ, खडेरी, हावाहुरी, असिनापानी, भू-क्षय र पहिरो</td></tr>
<tr><td rowspan="2">जोखिमको आधारमा वडा वर्गीकरण</td><td colspan="2">अति उच्च</td><td colspan="2">उच्च</td><td colspan="2">मध्यम</td><td colspan="2">कम</td></tr>
<tr><td colspan="2">४ र ७</td><td colspan="2">१ र २</td><td colspan="2">५, ६ र ९</td><td colspan="2">३ र ८</td></tr>
<tr><td>योजनाको परिकल्पना</td><td colspan="8">१. जलाधार संरक्षण, पहिरो रोकथाम तथा बाढीको क्षति न्यूनीकरण भएको हुनेछ;<br>२. किसानको क्षमता विकास भएको तथा कृषि क्षेत्रको प्रवर्द्धनका निम्ति कोषको व्यवस्थापन तथा परिचालन भएको हुनेछ;<br>३. वन अतिक्रमण तथा आगलागीबाट हुने वनको क्षती कम्तीमा पनि ७० प्रतिशत घट्नुका साथै वनको दिगो व्यवस्थापन भएको हुनेछ ।<br>४. पानीका सबै मुहानहरू संरक्षण भई सिँचाइ उपलब्ध भई उत्पादन वृद्धि भएको हुनेछ;<br>५. पहिरो, बाढी तथा नदीकटानलाई तारजाली तथा वृक्षारोपण गरी नियन्त्रण गरिएको हुनेछ;<br>६. वैकल्पिक ऊर्जामा स्थानीय जनताको पहुँच बढेको हुनेछ;<br>७. एक घर एक धारा पुगी सुरक्षित तथा स्वच्छ खानेपानीको व्यवस्था भएको हुनेछ;<br>८. प्राविधिक शिक्षा लिई धेरै भन्दा धेरै मानिसहरू स्थानीय स्तरमा स्वरोजगार भएका हुनेछन्<br>९. पोषण तत्व कार्यक्रम, खोप सेवा, सुत्केरी सुविधाजस्ता सेवाहरू व्यवस्थित ढङ्गबाट सुचारु भएको हुनेछ ।<br>१०. जलवायुजन्य प्रकोप/विपद्का कारण अति उच्च तथा उच्च जोखिमको तहमा परेका मानिस तथा पर्यावरणको जोखिमकोस्तर घटेको हुनेछ;</td></tr>
<tr><td>कार्ययोजनाको प्राथमिकता परेका अनुकूलनका मुख्य कार्यहरू</td><td colspan="8">१. बायोइञ्जिनियरिङ पद्दति अपनाएर तटबन्ध निर्माण<br>२. पोखरी निर्माण तथा मर्मत<br>३. ताल संरक्षण<br>४. पानीका मुहान संरक्षण<br>५. डिप/आर्टिजन बोरिङ<br>६. वृक्षारोपण तथा तारजाली<br>७. गोठ एवम् भकारो सुधार तथा यस सम्बन्धी तालिम<br>८. अग्नि रेखा निर्माण, वनको दीगो व्यबस्थापन<br>९. जनचेतना तथा क्षमता अभिवृद्धि</td></tr>
</table>

नेपाल जलवायु परिवर्तनका विपद् तथा जोखिमका दृष्टिले अति सङ्कटासन्न मुलुकहरू मध्येमा पर्ने भएकोले यसबाट बँच्नको लागि अनुकूलनका विभिन्न क्रियाकलापहरू सन्चालन मार्फत गरिब, बिपन्न, महिला लगायत किसानहरूको अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षमता बढाउन आवस्यक छ । यसका लागि राष्ट्रिय अनुकूलन कार्यक्रम, २०६६ तथा राष्ट्रिय अनुकूलन योजनामा प्रस्ताव गरिएका उपायहरूलाई लक्षित क्षेत्र र समुदायहरूसम्म पुऱ्याई कार्यान्वयन गर्न सन् २०६७ बाट कार्यान्वयनमा ल्याइएको स्थानीय अनुकूलन कार्ययोजना तयारी सम्बन्धी खाकालाई २०७६ मा परिमार्जन गरिएको छ । यसैगरी जलवायु परिवर्तन नीति २०६७ लाई समेत परिपार्जन गरी राष्ट्रिय जनवायु परिवर्तन नीति, २०७६ कार्यान्वयनमा ल्याइएको छ । विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरण ऐन, २०७४ लाई प्रभावकारी रूपमा लागु गर्नका लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७३ को मस्यौदा तयार भई विभिन्न गैह्रसरकारी निकाय तथा केही स्थानीय सरकारहरूमार्फत स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाहरू बनिरहेका छन् ।

विगतमा भएका प्रकोप/विपद्हरूको अवस्था विश्लेषण गरी आगामी वर्षहरूमा हुन सक्ने प्रभावहरूको समेत आँकलन गरेर दीर्घकालिन योजना तर्जुमा गर्नको लागि सहभागितामुलक परिदृष्य विकासको अवधारणा समेतको प्रयोग यो योजना तयारीमा गरिएको छ । राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा उल्लेख भएका ८ ओटा क्षेत्रहरू (१. कृषि तथा खाद्य सुरक्षा, २. वन, जैविक विविधता तथा जलाधार संरक्षण, ३. जलस्रोत तथा ऊर्जा, ४. ग्रामीण तथा सहरी बसोबास, ५. उद्योग, यातायात तथा भौतिक पूर्वाधार, ६. पर्यटन एवम् प्राकृतिक तथा सांस्कृतिक सम्पदा, ७. स्वास्थ्य, खानेपानी तथा सरसफाइ र ८. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन) मा नगरपालिकामा के कस्तो असर परेको छ भनेर विभिन्न सहभागितात्मक तथा वैज्ञानिक विधिहरूको माध्यमबाट विश्लेषण गरिएको छ ।

विश्व मानचित्रमा २८°४२'४१" देखि २९°०२'१४" सम्म उत्तरी अक्षांश र ८०°२३'२२" देखि ८०°३३'३१"सम्म पूर्वी देशान्तरमा फैलिएको कृष्णपुर नगरपालिका समुन्द्र सतहबाट १७३ मिटरदेखि १,३१७ मिटरको उचाइमा फैलिएको छ । वडा १ को चुरे क्षेत्र बाहेक सबै भू-भाग समथर रहेको यस नगरपालिकाको जम्मा क्षेत्रफल २५२.७५ वर्ग किलोमिटर र जम्मा जनसंख्या ८१,२४४ (महिला ४२,४२२ र पुरुष ३८,८२२) रहेको छ ।

पार्श्वचित्र २०७७ अनुसार यस नगरपालिकामा जम्मा १४,९४५ घरधुरी मध्ये ८६७ फुस तथा खरले छाएका, ३,६०३ जस्ता/च्यादरले छाएका, ६,४७१ काठको खम्बा तथा टायल र ढुङ्गाले छाएका, २,०४७ आरसिसि, १,५०९ सिमेन्टको जोडाइ भएको इँटा वा ढुङ्गाले छाएका र बाँकि ४४८ माटोको जाडाइ भएको इँटा वा ढुङ्गा छाएका छन् । यहाँ क्षेत्री ४२.६८%, थारू २३.८७%, दलित १६.५४% ब्राम्हण १२.५७%, ठकुरी २.४%, सन्यासी ०.५३% र अन्य १.३७% रहेका छन् । जम्मा ५४.४६% जनसंख्याका आर्थिक क्रियाकलापमा सक्रिय रहेका छन् । नगरपालिकाको सबै स्थानको माटोको अवस्था तथा गुण समान छैन । चुरे क्षेत्र, खोला तथा नदीका आसपासका भाग, वन रहेको स्थान र खेतिपाति गरिरहेका ठाउँमा फरक-फरक खालको माटो रहेको छ । त्यसैगरी माटोको अम्लियपन, नाइट्रोजन फस्फोरस र पोटास पनि फरक-फरक रहेको छ । यहाँ विभिन्न प्रकारका बालीरोग तथा पशुरोगहरू बढ्दोक्रममा रहेका छन् । यहाँबाट केही अन्नबाली, फलफूल, तरकारी, तथा दलहन लोप भइसकेका छन् भने केही लोपोन्मुख अवस्थामा पुगेका छन् ।

हाल नगरपालिका भरिमा १५१.३६ वर्ग किलोमिटर (५९.८९%) वन रहेको छ । सन् २००२ बाट सन् २०२२ सम्ममा कृषिभूमी ११.८८% ले घटेको छ भने वन तथा बुटचान क्षेत्र १०.६१% ले बढेको छ । नगरपालिकामा १४,४६९ घरधुरीले ५,९९४.७९ हेक्टर वनलाई ४४ ओटा सामुदायिक वनका रूपमा व्यवस्थापन गरी कृषकहरूलाई आवश्यक पर्ने वन पैदावारको आपूर्तीमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् । तर यी सामुदायिक वनहरू कम उत्पादन तथा बजारमुखी र बढी संरक्षणमुखी रहेका छन् । नगरपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको संयुक्त पहलमा सामुदायिक वनभित्र गैह्रकाष्ठ वन पैदावारको खेती गरी तिनीहरूको बजारीकरणमा उपभोक्ताहरूलाई सहयोग गर्नुपर्ने देखिन्छ । पछिल्लो समय कृषि जमिन बाँझो रहने क्रम बढ्दो छ । कृषकहरूलाई सकभर जमिन बाँझो नराख्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ भने केहीकसै गरी जमिन बाँझो रहने नै भएमा त्यस्ता स्थानमा जडिबुटी लगायत अन्य गैरकाष्ठ वन पैदावार खेती वा बहुउपयोगी वन बिरुवा रोपी निजी वन दर्ता गर्न सम्बन्धित किसानहरूलाई प्रोत्साहन र सहयोग गर्नु आवश्यक छ ।

यस नगरपालिकामा विगतमा रहेका पानीका मुहानहरू मध्ये अधिकांश सुकिसकेका छन् । यसैले हाल कायम रहेका मुहानहरूको संरक्षणमा नगरपालिका, सामुदायिक वन उपभोक्ता समूहहरू, सरकारी निकाय तथा अन्य गैह्र सरकारी निकाय सबैले सामूहिक र एकीकृत पहल गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ । यसरी एकीकृत र सामूहिक प्रयास गर्ने क्रममा सुकेका मुहानहरूको पुनरुत्थान गर्ने सम्भावना देखिएमा सोको लागि समेत कार्य गर्नुपर्ने देखिन्छ । यसैगरी नगरपालिकामा पहिला रहेका अधिकांश ताल तथा पोखरीहरू सुकिसकेका छन् । कृषि प्रधान यस नगरपालिकाको समग्र विकासका लागि यी पोखरी तथा तालहरूलाई पहिलेकै अवस्थामा ल्याउनु एक अनिवार्य कार्य हो । त्यसैले नगरपालिकाले योजना बनाई विभिन्न सरकारी तथा गैह्र सरकारी निकायसँगको साझेदारीमा पुरानो पोखरी एवम् तालहरूको पुनरुत्थान तथा नयाँ पोखरी/ताल निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राख्नु आवश्यक छ । भौगोलिक तथा भौगर्भिक अवस्थाका आधारमा यी पोखरीहरूलाई 'प्लास्टिक पोखरी' को रूपमा पनि निर्माण गर्न सकिन्छ तर प्राथमिकता भने स्थानीय ढुङ्गा माटोमा दिनु नै राम्रो हुन्छ । कृषिको लागि जग्गा भएको र नगरपालिकाको ठूलो जनसङ्ख्या कृषिमा नै निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउन सके कृषि उत्पादनमा वृद्धि भई यहाँका जनता जलवायु उत्थानशील हुन सहयोग पुग्ने दखिन्छ ।

यस नगरपालिकामा पछिल्लो समय विभिन्न प्रकारका मिचाहा प्रजातिहरू देखा परी फैलिरहेका छन् । यिनीहरूले खेतीयोग्य

बाली तथा रुखविरुवासँग खाद्यान्न तथा पानीको लागि प्रतिस्पर्धा गर्ने हुनाले कृषि उत्पादन तथा वनको पुनरुत्पादन क्रमश घटेको छ ।

नगरपालिकामा विगत ४२ वर्षमा वार्षिक औसत न्यूनतम तापक्रम र वार्षिक औसत अधिकतम तापक्रम दुबै थोरै बढेको छ भने सोही अवधिमा वार्षिक औसत वर्षा पनि बढेको । यस नगरपालिकाको मौसमी पात्रोमा पहिलाको तुलनामा उल्येख्य परिवर्तन आएको छ । नगरपालिकामा प्रकोप/विपद्हरूले पुऱ्याउने क्षति बढ्दो क्रममा रहेको छ । बाढी, नदीकटान तथा डुवान, शीतलहर, पशुरोग, बालीरोग, मानवरोग, आगलागी, मिचाहाझार, चटचाङ, खडेरी, हावाहुरी, असिनापानी, भू-क्षय र पहिरोजस्ता प्रकोप/विपद् पहिलाको तुलनामा बढिरहेको छ । ऐतिहासिक समय रेखाको विश्लेषणले यस्ता प्रकोप/विपद्हरूले समुदायको जीविकोपार्जनमा प्रत्यक्ष तथा अप्रत्यक्ष असर गरिरहेको देखिन्छ । जलवायु परिवर्तनका कारणले कृषिबाली र पशुपंक्षीहरूमा विभिन्न रोगहरूको प्रकोप बढ्नुका साथै बाढी, नदीकटान तथा डुवान, शीतलहरले यस क्षेत्रमा क्रमशः सताएको पाइएको छ । जलवायु परिवर्तनका असरहरूबाट उमेरगत समूहमा युवा र वयस्कहरूलाई, लैङ्गिक रूपमा महिलालाई, आर्थिक रूपमा विपन्नलाई र सामाजिक हिसाबमा एकल महिलालाई बढी असर परेको देखिन्छ । यस्ता असरहरूबाट बच्न स्थानीय स्तरमा एकल तथा सामूहिक रूपमा केही प्रयासहरू गरिएको छ यद्यपि यस्ता समस्यासँग दीर्घकालीन अनुकूलनका उपायहरूको योजनाबद्ध रूपमा तयारी तथा कार्यान्वयन गरिनु आवश्यक देखिन्छ ।

यस नगरपालिकाको वडागत सङ्कटासन्नता तथा जोमिको विश्लेषण नेपाल सरकारले २०७८ मा प्रकाशन गरेको सङ्कटासन्नता तथा जोखिम लेखाजोखा एवम् अनुकूलनका विकल्पहरू नामक पुस्तक अनुसार गरिएको छ । यसका लागि तेह्रवटा प्रकोप/विपद् (बाढी, नदीकटान तथा डुवान, शीतलहर, पशुरोग, बालीरोग, मानवरोग, आगलागी, मिचाहाझार, चटचाङ, खडेरी, हावाहुरी, असिनापानी, भू-क्षय र पहिरो), पाँचवटा सम्मुखताका सूचक (कूल जनसङ्ख्या, खेतीयोग्य जमिन, वन क्षेत्र, बसोवास क्षेत्र र भौतिक पूर्वाधार), बाह्रवटा सम्वेदनशीलताका सूचक (आर्थिक रूपमा आश्रित जनसङ्ख्या, महिलाको जनसङ्ख्या, फरक क्षमता भएकाको जनसङ्ख्या, दीर्घरोगीको जनसङ्ख्या, कच्ची घरको सङ्ख्या, फुसको छाना भएका घरको सङ्ख्या, बाढी, नदीकटान, पहिरो र आगलागीको जोखिममा भएका बस्ती सङ्ख्या, दाउरालाई मात्र इन्धनको रूपमा प्रयोग गर्ने घरधुरी, बत्ती बाल्न मट्टीतेलको प्रयोग गर्ने घरधुरी, खुल्ला पानी पिउने घरधुरी, पानीको अभाव भएको घरधुरी र खुल्ला शौचालय प्रयोग गर्ने घरधुरी) र सत्रवटा अनुकूलन क्षमताका सूचक (आर्थिक रूपले सक्रिय जनसङ्ख्या, शिक्षित जनसङ्ख्या, पानीका मुहानका सङ्ख्या, समुदायले व्यवस्थापन गरेको वनको सङ्ख्या, धाराको पानी प्रयोग गर्ने घरधुरी, बिजुलीमा पहुँच भएका घरधुरी, विद्यालयको सङ्ख्या, स्वास्थ्यकेन्द्र र अस्पतालको सङ्ख्या, सडक सञ्जाल, बजार क्षेत्रको सङ्ख्या, पर्यटन केन्द्रको सङ्ख्या, पक्की घरधुरी, प्रतिवर्ष हुने अन्न उत्पादन, घरपालुवा जनावर सङ्ख्या, नगरपालिका केन्द्रसँगको दुरी, सामुदायिक भवनको सङ्ख्या र आकस्मिक उद्दारका लागि उपलब्ध खुल्ला क्षेत्र) तय गरिएको थियो । जलवायु परिवर्तनका कारण वडा ४ सबैभन्दा बढी र त्यसपछि क्रमशः वडा ७, वडा २, वडा १, वडा ९, वडा ५, वडा ६, वडा ८ र वडा ३ रहेका छन् ।

आगामी पाँच वर्षको लागि जलवायु परिवर्तनका अनुकूलन एवम् विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि तयार पारिएको योजना अनुसार यस नगरपालिकामा ५१,९३,००,०००/- रुपैंयाको योजना बनेको छ । उक्त बजेटमध्ये पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौ वर्षका लागि क्रमशः १०,१०,८०,०००/-, ११,७३,८०,०००/, १०,४५,८०,०००/-, ९,५७,८०,०००/- र १०,०४,८०,०००/-रुपैंयाका क्रियाकलापहरू निर्धारण गरिएका छन् । समग्रमा बजेट तलको तालिका बमोजिम रहेको छ :

***आगामी पाँचवर्षको लागि तयार गरिएको स्थानीय अनुकूलन कार्ययोजनाको बजेट सारांश***

| क्र.सं. | क्षेत्र | वडागत बजेट (रु. बहजारमा) | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | न.पा | |
| १ | कृषि तथा खाद्य सुरक्षा | १९९०० | २०६५० | १४९०० | २३७५० | १७९०० | २२४०० | १९९०० | १७५०० | १९९०० | १०००० | १८६८०० |
| २ | वन, जैविक विविधता तथा जलाधार संरक्षण | ४००० | ४००० | ८७५ | ४००० | १३७५ | ३३७५ | २६२५ | २६२५ | ४६२५ | २३०० | २९८०० |
| ३ | जलस्रोत तथा उर्जा | ५७५० | ४९५० | ३३०० | ६३५० | ३६५० | ५९५० | ५३५० | ४३५० | ४३५० | | ४४००० |
| ४ | ग्रामिण तथा शहरी बसोबास | ३६०० | १२५७५ | ३३७५ | ६१०० | ९१२५ | ३३७५ | ३५०० | ३५०० | ३५०० | २५०० | ५११५० |
| ५ | उद्योग, यातायात तथा भौतिक पुर्वाधार | २५० | ५०० | ५०० | | | | | | | १७००० | १८२५० |
| ६ | पर्यटन एवम् प्राकृतिक तथा साँस्कृतिक सम्पदा | २१२५ | २१२५ | २७५० | १७५० | २१२५ | २६२५ | २१२५ | २५०० | ३००० | | २११२५ |
| ७ | स्वास्थ्य, खानेपानी तथा सरसफाई | २५०० | २०५० | १००० | १८०० | १२५० | १५०० | १५५० | १२५० | १५०० | ३००० | १७४०० |
| ८ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन | १४७५० | १५५०० | ४८६३ | १९३७५ | ७०२५ | ९३२५ | १८४७५ | ८२८८ | ८४७५ | २०२५० | १२६३२५ |
| ९ | लैङ्गिक समानता तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन | ७५० | १०५० | ४५० | १५०० | ४५० | ४५० | ४५० | ४५० | ४५० | ५९०० | ११९०० |
| १० | जनचेतना अभिवृद्धि तथा क्षमता विकास | | | | | | | | | | १२५५० | १२५५० |
| **जम्मा** | | **५३६२५** | **६३४००** | **३२०१३** | **६४६२५** | **४२९००** | **४९०००** | **५३९७५** | **४०४६३** | **४५८००** | **७३५००** | **५१९३००** |

विभिन्न विधि, प्रक्रिया तथा तरिकाहरू प्रयोग गरी तयार पारिएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको मस्यौदालाई नगरपालिकाले आयोजना गरेको बैठकबाट आवश्यक सल्लाह तथा सुझाव सहित पारित गरेको छ । उक्त बैठकले यस योजनालाई नगरपालिकाको आवाधिक योजनाको एक अभिन्न भागको रूपमा ग्रहण गर्दै नगरपालिकाले आगामी वर्षहरूमा वार्षिक तथा आवधिक योजना निर्माण गर्दा यस योजनालाई अङ्गिकार गर्ने निर्णय गरेको छ ।

# परिच्छेद १:पृष्ठभूमि

## १.१. योजनाको औचित्य तथा मान्यता

जलवायु परिवर्तन यो शताब्दीको विश्वकै चासो र सरोकारको मुद्दाको रूपमा स्थापित भएको छ । यसले सबै प्रकारका सभ्यता, मानवीय, भौतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासमा अवरोध पुऱ्याउनुका साथै विकासका पूर्वाधार तथा सामाजिक मान्यताहरूमाथि पनि चुनौती थपेको छ । यसै स्थितिलाई मनन गरी जलवायु परिवर्तनसँग जुध्न विश्व समुदाय एकाकार भई जलवायु परिवर्तन अनुकूलन एवम् न्यूनीकरणका र जलवायुजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका प्रयासहरू सुरु गरिएका छन् । जलवायु परिवर्तनका उत्पन्न प्रकोप तथा विपद्का कारण नेपालका किसानहरूलाई पर्ने असर तथा प्रभावहरू क्रमशः बढिरहेको अवस्था छ । भौगोलिक सूचना प्रणालीबाट प्राप्त तत्थ्याङ्कहरूको विश्लेषण तथा यहाँका स्थानीय समुदायहरूसँग प्रत्यक्ष छलफल गर्दा पनि जलवायुका असरहरू प्रष्ट रूपमा महसुस भएका छन् । वर्तमान तथा भविष्यमा आउन सक्ने जलवायुजन्य प्रकोप तथा विपद् र यसबाट सामाजिक, सांस्कृतिक, वातावरणीय, पर्यटन तथा आर्थिक पक्ष र विकासका कार्यक्रममा पर्न सक्ने चुनौतीलाई सहभागितात्मक परिदृश्य निर्माणको माध्यमबाट प्रभावकारी अनुकूलनका उपायहरूको पहिचान तथा प्राथमिकीकरण गरी वातावरण तथा पर्यावरणीय प्रणालीको दिगो विकासमा सुनिश्चता ल्याउन जरुरी हुन्छ । नेपालले विगत एक दशकभन्दा अघिदेखि विपद् न्यूनीकरण तथा व्यवस्थापन एवम् जलवायु परिवर्तन अनुकूलनका क्षेत्रमा विभिन्न पहलकदमीहरू सुरु गरी विपद् तथा जलवायु परिवर्तन सङ्कटासन्न समुदाय तथा घरधुरीहरूको अनुकूलन क्षमता वृद्धि गर्न मुलुकको विभिन्न भागमा विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ ।

## १.२. कानुनी तथा नीतिगत अवस्था

नेपाल जलवायु परिवर्तनका दृष्टिले अति सङ्कटासन्न मुलुकहरूमध्ये एक रहेको छ । यहाँको गरिबी, सामाजिक एवम् आर्थिक ढाँचा, भौगोलिक अवस्थिति आदिका कारणले जलवायु परिवर्तनका असर र प्रभावहरू प्रत्यक्ष महसुस हुने गरी देखिएका छन् । यसै सन्दर्भमा संगठित र योजनाबद्ध रूपमा जलवायु सङ्कटासन्नता तथा जोखिमलाई सम्बोधन गर्न संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन खाका महासन्धिको प्रावधान अनुसार नेपालले विक्रम संवत् २०६६ मा आफ्नो राष्ट्रिय अनुकूलन कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । राष्ट्रिय अनुकूलन कार्यक्रममा प्रस्ताव गरिएका अनुकूलनका उपायहरूलाई लक्षित क्षेत्र र समुदायहरूसम्म पुऱ्याई कार्यान्वयन गर्न जलवायु परिवर्तन नीति, २०६७ र स्थानीय अनुकूलन कार्ययोजनाको खाका, २०६८ तयार पारी कार्यान्वयनमा ल्याइएको थियो ।

जलवायु परिवर्तन नीति, २०६७ र स्थानीय अनुकूलन कार्ययोजनाको खाका, २०६८ को कार्यान्वयनबाट प्राप्त भएका सिकाइका आधारमा र नेपालको राज्य पुनर्संरचना पश्चात शासकीय स्वरूप तथा स्थानीय तहहरूको राजनीतिक सिमानामा भएको परिवर्तनका कारण यी नीति तथा खाकालाई समयानुकूल परिवर्तन गरी राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र स्थानीय अनुकूलन कार्ययोजनाको खाका, २०७६ कार्यान्वयनमा ल्याइएको छ । नेपालको पन्ध्रौँ पञ्चवर्षीय योजनाले सन् २०२५ को अन्त्यसम्ममा नेपालका सबै स्थानीय तहमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना वा स्थानीय अनुकूलन कार्ययोजना बनी कार्यान्वयनमा आउने अपेक्षा गरेको छ । यसका साथै नेपालको राष्ट्रिय अनुकूलन योजना यसै वर्ष तयार भएको छ ।

तत्कालिन स्थानीय विकास मन्त्रालयले विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ लाई स्थानीय तहमा

कार्यान्वयन गर्नको लागि स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ जारी गरी कार्यान्वयनमा ल्याएको थियो । नेपाल संघीय संरचनामा प्रवेश गरेसँगै बनेका विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरण ऐन, २०७४ लाई प्रभावकारी रूपमा लागु गर्नका लागि २०६८ को निर्देशिका कार्यान्वयनका सिकाइलाई समेत समेटी स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७३ को मस्यौदा तयार भई विभिन्न गैह्रसरकारी निकाय तथा केही स्थानीय सरकारहरूमार्फत स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाहरू बनिरहेका छन् ।

## १.३. कृष्णपुर नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

जलवायु परिवर्तनले सबै तह र तप्काका मानिसहरूलाई असर गरेपनि यस नगरपालिकाका गरिब, विपन्न, स्रोतसाधनमा कम पहुँच भएका घरधुरीहरूका साथै महिला, बालबालिका, मुक्त कमैया र बृद्धवृद्धाहरू बढी प्रभावित भएका छन् । यहाँ बाढी, नदीकटान तथा डुवान, शीतलहर, पशुरोग, बालीरोग, मानवरोग, आगलागी, मिचाहाभार, चटचाङ, खडेरी, हावाहुरी, असिनापानी, भू-क्षय र पहिरो गरी जम्मा १३ ओटा जलवायुजन्य विपद् तथा प्रकोपहरू तिनीहरूको असर र प्रभावका आधारमा प्राथमिकीकरण गरिएको छ । यी विपद् तथा प्रकोपहरूले गर्दा खाद्यान्न उत्पादन, वन जङ्गल, पानीका स्रोतहरू, भौतिक पूर्वाधार बसोबास तथा मानव स्वास्थ्यमा समेत असरहरू देखिएको छ । त्यसकारण यहाँका बासिन्दाहरूको विपद् न्यूनीकरण/व्यवस्थापन तथा अनुकूलन क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने विश्वास गर्दै यस नगरपालिकाका निर्वाचित जनप्रतिनिधी, सरोकारवाला, राजनीतिक दलहरू, वन उपभोक्ता समूह, महिला, दलित, शिक्षक र अन्य सरोकारवाला निकायको उपस्थितिमा २०७९ मंसिर र पुषमा नगरपालिका, वडा तथा समुदाय तहमा भएका छलफल एवम् अन्तरक्रिया, भौगोलिक सुचना प्रणालीबाट प्राप्त तत्थ्याङ्क र नगरपालिकामा रहेका तत्थ्याङ्कको विश्लेषणका आधारमा यो योजना तर्जुमा गरिएको हो ।

यो योजना राष्ट्रिय अनुकूलन कार्यक्रम, २०६६, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, राष्ट्रिय अनुकूलन योजना, २०७९, स्थानीय अनुकूलन कार्ययोजनाको खाका, २०७६ र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७३ (मस्यौदा) र अन्य वैज्ञानिक तथ्य तथा अध्ययनले गरेको मार्गनिर्देशन अनुसार तयार गरिएको छ । यस योजनामा स्थानीय समुदायले आफ्ना आवश्यकताको सम्बोधन गर्नको लागि आफैँले निर्णय गर्न सक्ने सहज उपायको पहिचान, विश्लेषण तथा प्राथमिकीकरण गरिएको छ ।

यस स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले यस नगरपालिकामा जलवायुजन्य विपद् तथा प्रकोपबाट सङ्कटासन्न र जोखिम अवस्थामा रहेका टोल, वस्ती तथा समुदाय र तिनका अनुकूलन अभ्यास तथा जल्दाबल्दा समस्याहरूलाई पहिचान गरी स्थानीय समुदायले आवश्यक निर्णय गर्न सहज हुने गरी विपद् न्यूनीकरण/व्यवस्थापन एवम् जलवायु अनुकूलन कार्यहरूको पहिचान तथा प्राथमिकीकरण गर्न सहजीकरण गर्ने अपेक्षा गरिएको छ । यस योजनाले जलवायुजन्य विपद् तथा प्रकोपका असरबाट प्रभावित विपन्न समुदाय, महिला, दलित तथा भौगोलिक विकटतामा रहेका समुदायहरूले सामना गर्नु परेका मुद्दाहरूको पहिचान तथा अनुकूलनका सम्भावित अवसरहरूको पहिचान गरेको छ ।

कृष्णपुर नगरपालिकाको विपद् तथा जलवायु परिवर्तन सङ्कटासन्नता/जोखिम पहिचान गर्ने, संवेदनशीलता विश्लेषण गर्ने र प्रकोप/विपद्हरूको क्षेत्र तथा प्रभावित समुदाय पहिचान गरी ती पक्षहरूलाई सम्बोधन गर्ने गरी योजना

तयार गर्ने मान्यता अनुरुप यो योजना तयार भएको छ । जलवायुजन्य प्रकोप/विपद् बढ्दै गएको महसुस गरेका यस नगरपालिकाका बासिन्दाले यस योजनाको कार्यन्वयनको क्रममा पाँचवर्षे योजना निर्माण गरी जलवायुजन्य जोखिमको असर र प्रभावलाई न्यूनीकरण गर्न यहाँका सबै वर्ग (खास गरी बढी जोखिममा रहेका समुदायहरू) को सहभागितामा अनुकूलन क्षमता वृद्धि हुनेगरी योजना तयार गरिएको छ । यो योजना कार्यान्वयनको प्रत्येक चरणमा कार्यान्वयनको प्रभावकारिता बढाउनको लागि समाजिक सहभागिता र समावेशीकरणलाई सुनिश्चित गरी यो योजना तयार गरिएको छ ।

कृष्णपुर नगरपालिकाको नगरसभाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गरी जलवायु उत्थानशील नगर निर्माणका लागि विक्रम संवत् २०७५ मा नगर विपद् न्यूनीकरण तथा व्यवस्थापन ऐन तर्जुमा गरेको छ भने विपद् व्यवस्थापन कोष खडा गरी त्यसको व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५ ( संशोधन २०७६) समेत कार्यान्वयनमा रहेको छ । यो योजनाले उक्त ऐन तथा कार्यविधिको कार्यान्वयनमा योगदान गर्ने छ ।

# परिच्छेद २:योजनाका लक्ष्य एवम् उद्देश्यहरू तथा परिदृश्य लेखाजोखा

## २.१. नगरपालिकाको दुरदृष्टि र लक्ष्य

कृष्णपुर नगरपालिकाको दुरदृष्टि, लक्ष्य, ध्येय, तथा उद्देश्यहरू प्राप्त गर्न अन्य योजना तथा कार्ययोजनाहरूले सहयोग गर्नुपर्दछ । यसैले यो योजना पनि कृष्णपुर नगरपालिकाले तय गरेका दुरदृष्टि, लक्ष्य, ध्येय तथा उद्देश्यहरू प्राप्त गर्न सहयोग गर्ने तरिकाले नै नयार पारिएको छ ।

समग्रमा यस नगरपालिकाको **दुरदृष्टि** सामाजिक न्याय, सुशासन र नवीन प्रविधियुक्त पूर्वाधार र गुणस्तरीय शिक्षा र स्वास्थ्य सहितको समृद्ध नगरपालिकाको निर्माण तथा विकास गर्ने रहेको छ भने यसको **लक्ष्य** "शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र उद्योगः आत्मनिर्भर कृष्णपुरमा स्रोतको सदुपयोग" रहेको छ ।

## २.२. योजनाका लक्ष्य तथा उद्देश्यहरू

### २.२.१. लक्ष्य

यस योजनाको लक्ष्य "जलवायु उत्थानशील समाजको निर्माण गर्न स्थानीय स्तरमा कार्यान्वयन गरिने विकास निर्माण र स्रोत व्यवस्थापनको समग्र प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने" रहेको छ ।

### २.२.२. उद्देश्यहरू

१. सुख्खा सहन सक्ने स्थानीय बाली तथा तिनका प्रजातिहरू पहिचान गरी संरक्षण, विकास तथा प्रवर्द्धन र स्थानीय तहमा नै सामुदायिक बीउ बैङ्क स्थापना गरी सञ्चालन गर्ने;

२. बाढी, पहिरो तथा नदीकटान जस्ता जलवायुजन्य विपद्बाट हुने क्षयीकरण रोक्न आवश्यक बायोइञ्जिनियरिङ, नदीकटान नियन्त्रण, वृक्षरोपण, चरिचरण नियन्त्रणजस्ता कार्यहरू गर्ने;

३. प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण बालीनालीमा लाग्ने रोगकीरा नियन्त्रण गर्न एकीकृत रोग कीरा व्यवस्थापन तथा जैविक मलजस्ता स्थानीय परिवेश सुहाउँदा प्रविधि विकास गरी प्रवर्द्धन गर्ने;

४. कृषि जमिनमा सिँचाइको समस्या समाधानको लागि सरल थोपा सिँचाइ, विविध पानी प्रयोग गर्ने विधि लगायतका प्रविधिलाई प्रवर्द्धन गर्ने । त्यस्तै वर्षाको पानी सङ्कलन गर्ने प्रविधि प्रचार प्रसार गर्ने;

५. प्राङ्गारिक मल तथा कम्पोस्ट मलको प्रयोगलाई प्रवर्द्धन गर्ने;

६. स्थानीय र कृषक समूहस्तरमा कृषि सूचना प्रणाली (जस्तैः मौसमी पात्रो) स्थापना गरी कृषक समुदायबीच सूचना प्रवाह गर्ने । पशुपक्षीमा प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण लाग्ने रोग नियन्त्रण गर्न उपयुक्त प्रविधिहरू पहिचान गरी प्रवर्द्धन गर्ने;

७. कृषि र पशुपक्षी बिमा लागू गर्ने;

८. जलवायुमैत्री परम्परागत र स्थानीय प्रविधि तथा अभ्यासलाई प्रवर्द्धन गर्ने, जस्तै अन्न भण्डारका लागि प्रयोग गरिएको प्रविधि, बीउ उमार्ने प्रविधि, अग्लो नर्सरी ब्याड, बीउ उमार्ने र बालीनाली लगाउने समयमा परिवर्तन;

९. जोखिममा रहेका वन, वन्यजन्तु एवम् सिमसार क्षेत्रहरूको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्ने;

१०. जलवायु परिवर्तनका कारण सङ्कटासन्न र जोखिममा रहेका लोपोन्मुख प्रजातिहरूको संरक्षणको लागि स्थानीय र सामुदायिक स्तरमा नर्सरी स्थापना गर्ने;

११. बाली विविधीकरणमा जोड दिने;

१२. प्राकृतिक स्रोतमा आश्रित गरिब, विपन्न, महिला तथा सङ्कटासन्न घरधुरी र समुदायका लागि अनुकूलन क्षमता बढाउने वैकल्पिक आय आर्जनका उपायहरू पहिचान गरी प्रवर्द्धन गर्ने;

१३. जलवायुजन्य जोखिमबाट प्रभावित भिरालो तथा हैसियत कम भएको वन क्षेत्रमा कृषि वन विकास गर्ने र सङ्कटासन्न घरधुरी र समुदाय केन्द्रित कार्यक्रम पहिचान गरी प्रवर्द्धन गर्ने;

१४. मिचाहा प्रजातिको प्रकोप न्यूनीकरण र व्यवस्थापन एवम् वन डढेलो न्यूनीकरण र व्यवस्थापन गर्न स्थानीयस्तरमा योजना बनाई कार्यान्वयन गर्ने;

१५. वर्षात्को पानी सोस्न र भूमिगत जल भरण/पुनर्भरण तथा सङ्कलन र समुचित व्यवस्थापनको लागि प्लास्टिक पोखरी, संरक्षण पोखरी, तलाउ र सुक्ष्म जलाशयहरू निर्माण गरी प्रवर्द्धन गर्ने र लोप भएका पोखरीहरूको पुनःस्थापना गर्ने;

१६. खानेपानीका मुहानहरू संरक्षण तथा वैकल्पिक पानीको स्रोतको पहिचान गरी पानीको उपलब्धता र पहुँचमा स्थानीय समुदायको अधिकार सुनिश्चित गर्ने;

१७. सिँचाइ र पानीको वितरणमा हुने जोखिम न्यूनीकरण गर्न स्थानीयस्तरमा उपयुक्त मापदण्ड तथा प्रविधिको विकास गरी कार्यन्वयन गर्ने;

१८. नदी किनाराका गह्रा सदा हराभरा भन्ने नाराका साथ नदी तथा खोलामा पानी जम्मा गरी छेउछाउमा अवस्थित कृषियोग्य जमिनमा सौर्य ऊर्जा समेत उपयोग गरी लिफ्ट सिँचाइ आयोजना सञ्चालन गर्ने;

१९. सङ्क्रामक रोग नियन्त्रणको लागि स्थानीय संरचनाहरू जस्तै स्वास्थ्य चौकी तथा अस्पतालको सेवा सुविधालाई सुधार गर्ने;

२०. घरेलु तथा होटल व्यवसाय र अस्पतालहरूबाट निस्कने फोहरमैलाको स्रोतमा नै वर्गीकरण गरी सफा ऊर्जा उत्पादन गर्न प्रोत्साहन गर्ने;

२१. घरभित्र हुने धुँवा र यसबाट हुने असरलाई न्यूनीकरण गर्न उपयुक्त प्रविधिलाई प्रोत्साहन गर्ने जस्तैः सुधारिएको चुलोको प्रवर्द्धन ;

२२. स्थानीय विद्यालयहरूमा जलवायु परिवर्तनको कारण स्वास्थ्य तथा सरसफाइमा पर्ने असरको बारेमा जनचेतना अभिवृद्धि गर्ने;

२३. भूउपयोग योजना तर्जुमा गर्दा जलवायु परिवर्तनका जोखिमहरूको आधारमा वन, कृषि, वस्ती तथा औद्योगिक क्षेत्र लगायतका क्षेत्रहरूको निर्धारण गर्ने;

२४. ग्रामीण र सहरी वस्तीका पूर्वाधार एवम् घरका ढाँचा र ती संरचनाहरूको निर्माण गर्दा जलवायु परिवर्तनका जोखिमहरूलाई दृष्टिगत गरी अनुकूलनका प्रविधिहरू अनुसरण गर्ने । जस्तैः हरेक घरमा पानी सङ्कलन र सडकको दाँयाबाँया पानी निकास गर्ने प्रविधि;

२५. सुरक्षित आश्रयस्थल, आकस्मिक उद्धार तथा उपचारजस्ता विपद् प्रतिकार्यको पूर्वतयारी र कार्यान्वयन गर्ने;

२६. घर, सार्वजनिक भवन तथा खेतबारी वरिपरि हावाहुरी छेक्नसक्ने रूख प्रजातिका वृक्ष हुर्काउने र उचित व्यवस्थापन गर्ने;

२७. घर तथा सार्वजनिक सेवाका भवनहरूमा (विद्यालय, अस्पताल, किनमेल केन्द्र, कार्यालय आदि) चट्याङ पार गराउने प्रविधि र रड प्रयोग गर्ने;

२८. बाढी, नदीकटान तथा पहिरोका जोखिमयुक्त ठाउँहरूको पहिचान गरी जोखिममा रहेकालाई अन्यत्र सार्ने;

२९. हरेक विकास योजना जलवायुमैत्री भए वा नभएको जाँच गर्ने व्यवस्थाका लागि विधि र प्रक्रिया निर्धारण गर्ने;

३०. स्थानीय तहमा पर्यटन क्षेत्रलाई वातावरण र जलवायुमैत्री बनाउन आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने;

३१. संवेदनशील एवम् जलवायु सङ्कटासन्न र जोखिममा रहेका पर्यटनस्थल र साँस्कृतिक सम्पदाको पहिचान गरी त्यस्ता क्षेत्रहरूको स्थानीय समुदाय र सङ्घसंस्थाको सक्रीय सहभागितामा संरक्षण र व्यवस्थापन गर्ने;

३२. जलवायु सङ्कटासन्न र जोखिममा रहेका घरधुरी र समुदाय केन्द्रित पर्यटनमा आधारित रोजगारीका कार्यक्रमहरू सञ्चालन गर्ने;

३३. जलवायु अनुकूलन र जोखिम न्यूनीकरण सम्बन्धी स्थानीय सांस्कृतिक ज्ञान र महत्वका बारेमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने;

३४. स्थानीय स्तरमा जलवायु परिवर्तनको असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया तथा पछाडि पारिएको समुदायको सहभागिता सुनिश्चित गर्ने;

३५. विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय र समुदायस्तरमा दक्ष जनशक्ति तयार गर्नका लागि सीपमूलक तालिम सञ्चालन गर्ने;

३६. विभिन्न लक्षित समूहको लागि उपयुक्त हुने तथ्याङ्क, सूचना, सिकाइ तथा असल अभ्यास सहितका ज्ञानमूलक सामग्रीहरू तयार गरी वितरण गर्ने;

३७. स्थानीय स्तरमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू स्थानीय सरकार, गैरसरकारी संस्था एवम् नागरिक समाजको सहभागितामा सञ्चालन गर्ने ।

## २.३. भावी जलवायु तथा विपद् परिदृश्य लेखाजोखा एवम् क्षमता परिकल्पना

यो योजना तर्जुमा गर्दा प्रकोप/विपद्, सम्मुखता, संवेदनशीलता, अनुकूलन क्षमता, सङ्कटासन्नता तथा जोखिमको वर्तमान अवस्था विश्लेषण सहभागितामूलक तथा वैज्ञानिक विधिको संयोजनमा गरिएको छ । यी विश्लेषणको आधारमा कृष्णपुर नगरपालिकाको अहिलेको अवस्था र भविष्यमा पर्नसक्ने असर तथा प्रभावहरू र यसबाट बच्ने उपायहरूको सहभागितामूलक विकास परिदृश्यको अवधारणा अनुसार पहिचान गरी भावी अवस्थाको परिकल्पना गरिएको छ । यो योजना तयारी गोष्ठीहरूमा सहभागी निर्वाचित जन प्रतिनिधिहरू लगायत सरोकारवालाहरू र स्थानीय समुदायको उपस्थितीमा भएका सहभागितामूलक छलफलबाट तयार भएका प्रमुख परिकल्पनाहरू तल उल्लेख गरिएको छ ।

१. उपल्लो तटीय तथा तल्लो तटीय क्षेत्रमा हुने जलवायुजन्य प्रकोप/विपद् तथा तिनका असर र प्रभावहरू पहिचान भई रोकथामका लागि आवश्यक कार्यक्रम कार्यान्वयन मार्फत जलाधार संरक्षण, पहिरो रोकथाम तथा बाढी, नदीकटान एवम् डुवानको क्षति न्यूनीकरण भएको हुनेछ;

२. परम्परागत रूपमा चलिरहेको निर्वाहमुखी कृषि प्रणालीलाई आवश्यकता अनुसार परिमार्जन गर्दै बदलिँदो जलवायुको अवस्थासँग मेल खाने फलफूलहरू (आँप, केरा, कागती, अमिलो) आदिको रोपण तथा व्यावसायिक कृषि प्रणाली अवलम्बन गरी स्थानीयस्तरमा आयआर्जनको वृद्धि भएको हुनेछ । किसानको क्षमता विकास भएको तथा कृषि क्षेत्रको प्रवर्द्धनका निम्ति घुम्ति कोषको व्यवस्थापन तथा परिचालन भएको हुनेछ;

३. वन अतिक्रमण तथा आगलागीबाट हुने वनको क्षती कम्तीमा पनि ८० प्रतिशत घट्नुका साथै वनको दिगो व्यवस्थापन भएको हुनेछ । नयाँ सामुदायिक वन तथा कबुलियती वनहरू गठन भई व्यवस्थित ढङ्गबाट परिचालन भएको हुनेछ । वृक्षारोपण भएर हरियाली कायम भएको तथा वन नर्सरीहरू स्थापना भएको हुनेछ;

४. पानीका सबै मुहानहरू संरक्षण भई सिँचाइ उपलब्ध भई उत्पादन वृद्धि भएको हुनेछ;

५. पहिरो तथा नदीटानलाई तारजाली तथा वृक्षरोपण गरी नियन्त्रण गरिएको हुनेछ;

६. सडकको स्तरोन्नती भएको हुनेछ तथा वस्तीवस्तीमा सडक पुगेको हुनेछ;

७. शिक्षाको प्रवर्द्धनका निम्ति विद्यालय तथा क्याम्पसको आवश्यक भौतिक संरचनाहरूको स्थापना भएको हुनेछ,

८. वैकल्पिक ऊर्जा जस्तैः सुधारिएका चुलोको व्यवस्था भई खाना पकाउन वैकल्पिक ऊर्जामा स्थानीय जनताको पहुँच बढेको हुनेछ;

९. एक घर एक धारा पुगी सुरक्षित तथा स्वच्छ खानेपानीको व्यवस्था भएको हुनेछ;

१०. विपद्पूर्व तयारी, विपद् न्यूनीकरण तथा व्यवस्थापन एवम् विपद् प्रतिकार्य समिहिरू गठन भई क्रियाशील भएका हुनेछन् ।

११. प्राविधिक शिक्षा लिई धेरै भन्दा धेरै मानिसहरू स्थानीय स्तरमा स्वरोजगार भएका हुनेछन्, साथै स्थानीय स्तरमा व्यवसाय तथा रोजगारीका अवसरहरू बढेर भारत जस्ता देशमा काम गर्न जाने मानिसहरूको सङ्ख्या कम्तीमा ५० प्रतिशतले घटेको हुनेछ;

१२. समान कामको लागि असमान ज्यालाको अन्त्य भई समान कामको लागि महिला तथा पुरुषहरूको समान ज्याला कायम भएको हुनेछ;

१३. पोषण तत्व कार्यक्रम, खोप सेवा, सुत्केरी सुविधा जस्ता सेवाहरू व्यवस्थित ढङ्गबाट सुचारु भएको हुनेछ ।

१४. जलवायुजन्य विपद्का कारण हुने क्षतिको मात्रा यो योजना कार्यान्वयन हुनुपूर्वको अवस्थाभन्दा कम्तीमा पनि ८० प्रतिशतले घटेको हुनेछ ।

१५. जलवायुजन्य विपद् तथा प्रकोपका कारण अति उच्च तथा उच्च सङ्कटासन्न तहमा परेका मानिसहरूको सङ्कटासन्नता घटेको हुनेछ;

१६. आगामी १० वर्षमा यस नगरपालिकामा प्राविधिक जनशक्तिको सङ्ख्यामा वृद्धि भएको हुनेछ ।

# परिच्छेद ३:योजना तयारी प्रक्रिया

हालसम्म नेपालमा स्थानीय निकायले तयार गरेका तथा कार्यान्वयन गर्ने अधिकांश स्थानीय अनुकूलन कार्ययोजनाहरू स्थानीय अनुकूलन कार्ययोजनाको खाका, २०६७ र जलवायु अनुकूलन कार्ययोजना कार्यान्वयन पुस्तिकाले निर्दिष्ट गरेका प्रक्रिया, विधि र औजारका आधारमा तयार पारिएका छन् । नेपाल सरकारले २०७६ मा तयार गरेको स्थानीय अनुकूलन कार्ययोजनाको खाकाका आधारमा यस्ता कार्ययोजनारू धेरै कम बनेका छन् । यसका साथै नेपालमा हालसम्म बनेका अधिकांश स्थानीय अनुकूलन कार्ययोजनाहरूमा सङ्कटासन्नता तथा जोखिम विश्लेषण स्थानीय समुदायको सहभागितामा मात्र तयार पार्ने गरिएको थियो ।

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७३ (मस्यौदा) मा मात्र आधारित रही योजना निर्माण गर्दा सङ्कटासन्नता तथा जोखिम विश्लेषण बढी सहभागितामूलक हुन गई बैज्ञानिक तथ्य तथा तथ्याङ्क छाँयामा पर्न सक्छ । त्यसैले यो योजना निर्माण गर्दा स्थानीय अनुकूलन कार्ययोजनाको खाका, २०७६ र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७३ (मस्यौदा) दुबैलाई बराबर महत्त्व दिइएको छ । नगरपालिकाको वडागत जलवायुजन्य सङ्कटासन्नता तथा जोखिम विश्लेषण नेपाल सरकारले २०७८ मा प्रकाशन गरेको सङ्कटासन्नता तथा जोखिम लेखाजोखा एवम् अनुकूलनका विकल्पहरू नामक पुस्तक अनुसार गरिएको छ ।

जलवायुजन्य विपद्/प्रकोप न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनलाई कृष्णपुर नगरपालिकाका विकास योजनाहरूमा मूलप्रवाहीकरण गर्नको लागि स्थानीय स्तरमा यस सम्बन्धी जनचेतना र क्षमताको विकास हुनु जरुरी छ । अर्को महत्वपूर्ण प्रक्रिया भनेको जोखिम र सङ्कटासन्नताको विश्लेषण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिको पहिचान हो । पहिचान गरिएका रणनीति र कार्यहरूलाई स्थानीय सरकारको नीति तथा योजनाहरूमा समायोजन र वार्षिक कार्यक्रममा समावेश गर्नु अति नै महत्वपूर्ण हुन्छ । यसै गरी अनुकूलन कार्यहरूलाई स्थानीय समुदाय लक्षित गरी कार्यान्वयन गर्नु अर्को महत्वपूर्ण पक्ष रहेको छ । जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई नगरपालिकाको समग्र स्थानीय योजना प्रक्रियामा समायोजन गर्न मुख्य रूपमा चित्र १ मा उल्लेखित ६ ओटा प्रक्रियाहरूलाई अङ्गीकार गरिएको छ ।




*चित्र १: स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारी प्रक्रिया*

## ३.१. तयारी

कृष्णपुर नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना योजना तयारीको क्रममा सबैभन्दा पहिला आवश्यक तयारी गर्ने कार्य गरिएको थियो । यसमा तल उल्लेखित कार्यहरू गरिएको थियो ।

१. सन् २००२, २०१२ र २०२२ को कृष्णपुर नगरपालिकाको भौगोलिक सूचना प्रणालीको आधारमा भूउपयोग नक्सा तथा विवरण तयारी र र अध्ययन
२. सन् २००२, २०१२ र २०२२ को कृष्णपुर नगरपालिकाका सबै वडाहरूको भौगोलिक सूचना प्रणालीको आधारमा भूउपयोग नक्सा तथा विवरण तयारी र  अध्ययन
३. भौगोलिक सूचना प्रणालीको आधारमा नगरपालिकामा पहिरोको जोखिम नक्सा तयारी तथा अध्ययन
४. भौगोलिक सूचना प्रणालीको आधारमा नगरपालिकामा आगलागीको जोखिम नक्सा तयारी तथा अध्ययन
५. भौगोलिक सूचना प्रणालीको आधारमा नगरपालिकामा बाढी, नदीकटान तथा डुवानको जोखिम नक्सा तयारी तथा अध्ययन
६. भौगोलिक सूचना प्रणालीको आधारमा नगरपालिकाको उचाइ तथा भिरालोपनको अवस्थाको नक्सा तयारी तथा अध्ययन
७. कृष्णपुर नगरपालिकाको विक्रम संवत् २०३७ देखि विक्रम संवत् २०७९ मौसमी विवरण (उच्चतम तापक्रम, न्यस्नतम तापक्रम, वर्षा र हावाको वेग) सङ्कलन तथा त्यसको विश्लेषण
८. नगरपालिकाको पार्श्वचित्र, नगरसभाले पारित गरी राजपत्रमा प्रकाशित ऐन, कानुन तथा निर्देशिकाहरूको अध्ययन

## ३.२. जलवायु परिवर्तन र विपद् जोखिमसम्बन्धी सचेतना अभिवृद्धि

यस नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारीको प्रक्रियामा स्थानीय अनुकूलन कार्ययोजनाको खाका, २०७६ तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७३ ( मस्यौदा) ले तय गरेका प्रक्रिया अनुसार जिल्ला तहदेखि समुदायस्तरसम्म विश्वव्यापी रूपमा भई रहेको जलवायु परिवर्तनको कारण र यसबाट परेको वा पर्न सक्ने असर तथा प्रभाव र विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन र अनुकूलनको आवश्यकता सन्र्दभमा अभिमुखीकरण गरिएको थियो । यस्ता अभिमुखीकरण कार्य छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरी प्रत्यक्ष रूपमा मात्र नभएर अप्रत्यक्ष र अनौपचारिक रूपमा पनि गरिएको थियो ।

औपचारिक अभिमुखीकरण कार्यक्रम नगरपालिका तथा वडास्तरमा गरिएको थियो । नगरपालिकास्तरमा एक दिने अभिमुखीकरण कार्यक्रममा देहाय बमोजिमको कार्य गरिएको थियो ।

१. जलवायु र मौसममा भिन्नता, हरित गृह ग्याँसहरू, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन, जलवायु परिवर्तनका असर आदि विषयमा अन्तरक्रियात्मक छलफल
२. कृष्णपुर नगरपालिकाको विगत ४२ वर्षको वर्षा र तापक्रमको अवस्थाको प्रस्तुती तथा छलफल
३. जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणमा वनको भूमिकामा छलफल तथा प्रस्तुति
४. भौगोलिक सूचना प्रणालीका आधारमा तयार पारिएका नक्साहरू (पहिरो जोखिम, बाढी, नदीकटान तथा डुवानको

जोखिम, आगलागी जोखिम, भू-उपयोग परिवर्तन) को प्रस्तुती, छलफल तथा अद्यावधिक

५. नेपालमा विपद् तथा जलवायु उत्थानशील योजना तयारी तथा कार्यान्वयनमा भएका प्रयासहरूको प्रस्तुती तथा छलफल

६. कृषिबाली पात्रो, जलवायु परिवर्तनजन्य प्रकोप/विपद्हरूले विभिन्न समूह (लिङ्ग, उमेर, वर्ग, सामाजिक अवस्था र जात) मा पारेका असरहरूको विश्लेषण, मौसमी पात्रो, पर्यावरण तथा पारिस्थितिकीय प्रणालीमा पारेको जोखिमको विश्लेषण, जीविकोपार्जनका साधानहरूको विश्लेषणजस्ता विधिहरूको प्रयोग

७. वडागत रूपमा सङ्कटासन्नता तथा जोखिम विश्लेषणका लागि प्रकोप/विपद्, सम्मुखता, संवेदनशीलता तथा अनुकूलन क्षमताका सूचकहरूको निर्धारण

८. तय गरिएका सूचकरूको आधारमा जोखिमहरूको वडागत स्तरीकरण

नगरपालिकाको अतिरिक्त अभिमुखीकरण कार्य वडाहरूमा समेत गरिएको थियो । वडास्तरमा अभिमुखीकरण गर्दा देहाय बमोजिमका कार्य गरिएको थियो ।

१. जलवायु र मौसममा भिन्नता, हरित गृह ग्याँसहरू, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन, जलवायु परिवर्तनका असर आदि विषयमा अन्तरक्रियात्मक छलफल

२. जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणमा वनको भूमिकामा छलफल तथा प्रस्तुति

३. भौगोलिक सूचना प्रणालीका आधारमा तयार पारिएका नक्साहरू ( पहिरो जोखिम, बाढी, नदीकटान तथा डुवानको जोखिम, आगलागी जोखिम, भू-उपयोग परिवर्तन) को प्रस्तुती, छलफल तथा अद्यावधिक

४. नगरपालिकामा छलफल गरी तयार गरिएका कृषिबाली पात्रो, जलवायु परिवर्तनजन्य प्रकोप/विपद्हरूले विभिन्न समूह (लिङ्ग, उमेर, वर्ग, सामाजिक अवस्था र जात) मा पारेको असरहरूको विश्लेषण, मौसमी पात्रो, पर्यावरण तथा पारिस्थितिकीय प्रणालीमा पारेको जोखिमको विश्लेषण, जीविकोपार्जनका साधानहरूको विश्लेषणको नतिजाको प्रस्तुती तथा अद्यावधिक

५. प्रकोप/विपद्हरूको ऐतिहासिक समयरेखा, तिनीहरूले पारेको क्षेत्रगत तथा विषयगत असर, जलवायुजन्य प्रकोप/विपद्हरूसँग जुध्न समुदायले अपनाएका उपाय तथा रणनीतिहरू, समुदायका उपायहरूको प्रभावकारिता तथा दिगोपना र वैकल्पिक अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका उपायहरूजस्ता विधिहरूको प्रयोग

६. वडाभित्र हाल पाइने जडिबुटी, वन प्रजाति, वन्यजन्तु, अन्नबाली, दलहन, तेलहन, नगदेबाली, तरकारी, फलफूल आदिमाथिको छलफलका साथै लोप भइसकेका र लोपोन्मुख अवस्थामा पुगेका प्रजातिहरूको विवरण सङ्कलन तथा त्यसमा अन्तरक्रिया र छलफल

नगरपालिका तथा वडास्तरमा भएका छलफल तथा अन्तरक्रियामा रहेका सहभागीहरूको संक्षिप्त विवरण तालिका १ मा र नामावली अनुसूची १ मा उल्लेख गरिएको छ ।

*तालिका १: छलफल तथा अन्तरक्रियाहरूमा संलग्न सहभागीहरू*

| योजना तर्जुमा स्थान | पुरुष | महिला | जम्मा | दलित | थारू | बा.क्षे.ठ. | अन्य |
|---|---|---|---|---|---|---|---|
| नगरपालिका स्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण | २९ | ४ | ३३ | १ | ७ | २४ | १ |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा १ | २५ | १२ | ३७ | २ | ७ | २८ | ० |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा २ | १५ | २ | १७ | १ | ५ | ७ | ४ |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ३ | १६ | १३ | २९ | ५ | १८ | ६ | ० |

| योजना तर्जुमा स्थान | पुरुष | महिला | जम्मा | दलित | थारू | बा.क्षे.ठ. | अन्य |
|---|---|---|---|---|---|---|---|
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ४ | १० | २९ | ३९ | १ | १७ | २१ | ० |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ५ | ८ | ८ | १६ | ४ | २ | १० | ० |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ६ | १४ | १७ | ३१ | ७ | १८ | ४ | २ |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ७ | ११ | २१ | ३२ | ४ | १४ | १३ | १ |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ८ | ११ | ३४ | ४५ | ५ | २५ | १५ | ० |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ९ | १० | ७ | १७ | ५ | १ | ९ | २ |
| नगरपालिकास्तरीय गोष्ठिबाट अनुमोदन | १५ | २ | १७ | ० | ५ | १२ | ० |
| जम्मा | १६४ | १४९ | ३१३ | ३५ | ११९ | १४९ | १० |

यो कार्ययोजना तयारीको प्रक्रियामा जलवायु परिवर्तनबाट परेका असरहरूको अध्ययन तथा भौगोलिक सूचना प्रणालीको माध्यमबाट प्राप्त सूचनाहरूलाई विश्लेषण गरेर आएका नतिजाहरूलाई सहभागितामूलक परिदृश्य विकासको अवधारणामा प्रयोग गरिएको छ । भौगोलिक सूचना प्रणालीबाट लिइएको आँकडाहरूको विश्लेषणले यस नगरपालिकाको कुनकुन क्षेत्रमा के कस्तो प्रभाव तथा जोखिम बढाएको छ भन्ने कुराले समुदायलाई जलवायु परिवर्तन तथा विपद् न्यूनीकरण/व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गर्न थप मद्दत गरेको छ ।

विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन एवम् जलवायु परिवर्तन तथा यसका असरहरूबारे स्थानीय स्तरमा जानकारी हुनु अति नै आवश्यक भएपनि यहाँका मानिसहरूमा यस अघि त्यस्ता सचेतना कार्यक्रमहरू पर्याप्त मात्रामा नभएको पाईयो तथापि यो योजना तयारीका क्रममा यस नगरपालिकामा जलवायु परिर्वतनबारे केही मानिसहरूमा थोरबहुत जानकारी रहेको पाइएको छ । यद्यपि यो योजना तर्जुमा कार्यमा अधिकांश सहभागीहरूले यसका कारणहरू तथा बच्ने उपायहरूबारे अति कम सूचनाहरू पाएको देखिएको छ। यस स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारी प्रक्रियामा जनचेतना अभिवृद्धि कार्यक्रमबाट पालिका तथा वडास्तरीय सचेतना तथा योजना तर्जुमा र अन्त्यमा सञ्चालन भएको प्रकोप/विपद्हरूको विश्लेषण तथा हरेक वडाहरूबाट आएका अनुकूलन कार्ययोजनाहरूको छलफल तथा अनुमोदनको प्रक्रियामा जलवायु परिवर्तनका असर तथा प्रभावहरू, यसबाट बच्नको लागि आवश्यक योजना तथा सजगताहरूको बारेमा विस्तृतमा जानकारी भएको छ। जसले गर्दा आगामी दिनहरूमा विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन तथा जलवायु अनुकूलनका लागि स्थानीयस्तरमा पनि प्रभावकारी रूपमा आवश्यक क्रियाकलापहरू सञ्चालन हुनसक्ने अवस्थाको सिर्जना भएको छ ।

## ३.३. सङ्कटासन्नता तथा जोखिम विश्लेषण

कृष्णपुर नगरपालिकाको जलवायु सङ्कटासन्नता तथा जोखिम विश्लेषण विभिन्न सूचकहरूको आधारमा गरिएको छ । यसका लागि राष्ट्रिय अनुकूलन योजना तर्जुमा प्रक्रियाका लागि सङ्कटासन्नता एवम् जोखिम विश्लेषण खाका तथा सूचकहरू, २०७४ मा उल्लेख गरिएका विषयगत क्षेत्रहरूका विभिन्न सूचकहरूलाई आधारको रूपमा लिई कृष्णपुर नगरपालिकाका लागि विशिष्ट सूचकहरू तय गरिएका छन् । नगरपालिकामा भएको अन्तरक्रियामा विभिन्न प्रकोप/विपद्हरूको पहिचान गरिएको थियो । ती प्रकोप/विपद्हरूलाई वडागत रूपमा १ देखि १० सम्मको मान प्रयोग गरी प्रकोप/विपद्को आधारमा वडाहरूको वर्गीकरण गरिएको थियो । सङ्कटासन्नता तथा जोखिमका लागि नगरपालिकामा भएको यसै अन्तरक्रियामा सभागितामूलक रूपमा पहिचान गरिएका सूचकहरू तालिका २ मा दिइएको छ। सूचकहरूका आधारमा सङ्कटासन्नता तथा जोखिम विश्लेषण गरिएको विस्तृत तरिका परिच्छेद ६ मा उल्लेख गरिएको छ ।

*तालिका २: प्रकोप, सम्मुखता, संवेदनशीलता र अनुकूलनका क्षमताका सूचकहरू*

| प्रकोप/विपद्हरू | सम्मुखता | संवेदनशीलता | अनुकूलन क्षमता |
|---|---|---|---|
| पहिरो | कूल जनसङ्ख्या | आर्थिक रूपमा आश्रित जनसङ्ख्या | आर्थिक रूपले सक्रिय जनसङ्ख्या |
| बालीरोग | खेतीयोग्य कृषि भूमि | महिलाको जनसङ्ख्या | शिक्षित जनसङ्ख्या |
| पशुरोग | वन क्षेत्र | फरक क्षमता भएकाको जनसङ्ख्या | पानीका मुहानका सङ्ख्या |
| बाढी | बसोबास क्षेत्र | दीर्घरोगीको जनसङ्ख्या | समुदायले व्यवस्थापन गरेको वनको सङ्ख्या |
| खडेरी | भौतिक पूर्वाधार | कच्ची घरको सङ्ख्या | धाराको पानी प्रयोग गर्ने घरधुरी |
| असिनापानी | | फुसको छाना भएका घरधुरी सङ्ख्या | बिजुलीमा पहुँच भएका घरधुरी |
| भू-क्षय | | पहिरो, बाढी तथा आगलागीको जोखिममा भएका घरधुरी सङ्ख्या | विद्यालयको सङ्ख्या |
| आगलागी | | दाउरालाई मात्र इन्धनको रूपमा प्रयोग गर्ने घरधुरी सङ्ख्या | स्वास्थ्यकेन्द्र र अस्पतालको सङ्ख्या |
| मिचाहाझार | | बत्ती बाल्न मट्टीतेल प्रयोग गर्ने घरधुरी सङ्ख्या | सडक सञ्जाल |
| हावाहुरी | | खुल्ला पानी पिउने घरधुरी सङ्ख्या | बजार क्षेत्रको सङ्ख्या |
| चटचाङ | | पानीको अभाव भएका घरधुरी सङ्ख्या | पर्यटन केन्द्रको सङ्ख्या |
| मानवरोग | | खुल्ला शौचालय भएका घरधुरी सङ्ख्या | पक्की घरधुरी |
| शीतलहर | | | प्रतिवर्ष हुने अन्न उत्पादन |
| | | | घरपालुवा जनावर सङ्ख्या |
| | | | वडा कार्यालयको नगरपालिका केन्द्रसँगको दुरी |
| | | | सामुदायिक भवनको सङ्ख्या |
| | | | आकस्मिक उद्दारका लागि उपलब्ध खुल्ला क्षेत्र |

नगरपालिकाको समष्टिगत सङ्कटासन्नता तथा जोखिम विश्लेषण गरी वडाहरूको स्तरीकरण गरे पश्चात् भएका वडागत छलफल तथा कार्ययोजना निर्माणका क्रममा वडाभित्र रहेका विभिन्न वस्तीहरू (साविकका वडाहरू) को पहिचान भएका विभिन्न प्रकोप/विपद्हरूको आधार सहभागितात्मक विधिबाट स्तरीकरण गरिएको थियो ।

## ३.४. स्थलगत अवलोकन

यस नगरपालिका भित्रका सबै वडाहरूमा स्थानीय समुदाय तथा निर्वाचित जनप्रतिनिधिरूको उपस्थितिमा स्थलगत अवलोकन भ्रमणहरू गरिएको थियो । स्थलगत अवलोकनका क्रममा यस गाउँपालिकामा रहेका पहिरो जोखिम क्षेत्रहरू, बाढी तथा नदीकटानको जोखिम क्षेत्रहरू, आगलागीजन्य क्षेत्रहरू, सामुदायिक वनहरू, नर्सरी तथा वृक्षारोपण गर्न सकिने सम्भावित स्थान, संरक्षण गर्नुपर्ने पानीका मुहानहरू, पोखरीहरू, धार्मिक एवम् पर्यटकीय स्थलहरूजस्ता क्षेत्रहरूको अवलोकन गरी स्थलगत अवस्था तथा जानकारी सङ्कलन गरियो । त्यस्तै विभिन्न टोलहरूको अवस्था तथा तिनीहरूको अन्य वस्तीसँगको सम्बन्ध, स्थानीयले जलवायुजन्य विपद् जोखिम न्यूनीकरण तथा अनुकूलनका निम्ति गरेका प्रयासहरूको समेत सुक्ष्म अध्ययन गरिएको थियो ।

## ३.५. रणनीतिहरूको पहिचान

नगरपालिका तथा वडास्तरमा भएका अन्तरक्रिया तथा छलफलहरूमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका लागि स्थानीय समुदायले के कस्ता प्रयासहरू गरिरहेका छन्, यिनीहरूको प्रभावकारिता तथा दिगोपना कस्तो छ भनी छलफल गरिएको थियो । यसै छलफलमा विपद् न्यूनीकरण/व्यवस्थापन तथा जलवायु अनुकूलनका अबका रणनीतिहरू के हुने भन्नेबारे छलफल गरिएको थियो । ती सम्भावित रणनीतिहरूको प्रभावकारिता, सम्भाव्यता, दिगोपना, मितव्ययिता, अपाङ्ग मैत्री तथा महिलाको कार्यबोझमा हुने कमीका आधारमा तिनीहरूको स्तरीकरण समेत गरिएको थियो । स्तरीकरण गरिएका रणनीतिहरूलाई विभिन्न विषयगत क्षेत्रहरूमा समावेश गरिएको थियो ।

## ३.६. योजना तयारी

कृष्णपुर नगरपालिकाका सबै वडाहरूमा आयोजना गरिएका अन्तरक्रिया कार्यक्रममा हालसम्म स्थानीय सरकार तथा स्थानीय बासिन्दाले जलवायुजन्य प्रकोप/विपद्हरूको रोकथाम, नियन्त्रण तथा अनुकूलनका लागि गरेका प्रयासहरूको समीक्षा गर्दै आगामी पाँच वर्षको लागि स्थानीय जलवायु परिवर्तन अनुकूलन योजना तयार गरिएको थियो । यी योजनाहरू कृषि तथा खाद्य सुरक्षा; वन, जैविक विविधता तथा जलाधार संरक्षण; जलस्रोत तथा ऊर्जा; ग्रामीण तथा सहरी बसोबास; उद्योग, यातायात तथा भौतिक पूर्वाधार; पर्यटन एवम् प्राकृतिक तथा सांस्कृतिक सम्पदा; स्वास्थ्य, खानेपानी तथा सरसफाइ; विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन; लैङ्गिक समानता तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन; र जनचेतना अभिवृद्धि तथा क्षमता विकास गरी दशवटा विषयगत क्षेत्रहरूसँग अन्तरसम्बन्धित रहेका छन् ।

## ३.७. अनुमोदन

विभिन्न विधि, प्रक्रिया तथा तरिकाहरू प्रयोग गरी तयार पारिएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको मस्यौदालाई नगरपालिकाले आयोजना गरेको बैठकबाट आवश्यक सल्लाह तथा सुझाव सहित पारित गरेको थियो । उक्त बैठकले यस योजनालाई नगरपालिकाको एक अभिन्न भागको रूपमा ग्रहण गर्दै नगरपालिकाले आगामी वर्षहरूमा वार्षिक तथा आवधिक योजना निर्माण गर्दा यस योजनालाई अङ्गिकार गर्ने निर्णय गऱ्यो ।

# परिच्छेद ४:कृष्णपुर नगरपालिकाको वस्तुस्थिति

## ४.१. अवस्थिति

कृष्णपुर नगरपालिका सुदुर पश्चिम प्रदेश अन्तर्गत कञ्चनपुर जिल्लाको सबैभन्दा पूर्वी भागमा रहेको छ। विक्रम संवत् २०७३ मा भएको राज्यको पुनर्संरचना अनुसार साविक कृष्णपुर नगरपालिकाका सबै वडा, साविक रैकवार विचवा गाविसका सबै वडा र साविक देखतभुली गाविसको वडा नं. ९ मिली यो नगरपालिका बनेको हो। यस नगरपालिकाको पूर्वमा कैलाली जिल्लाका गोदावरी नगरपालिका र धनगढी उप-महानगरपालिका पश्चिममा कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका र लालझाडी गाउँपालिका, उत्तरमा डडेलधुरा जिल्लाको पर्शुराम नगरपालिका र आलिताल गाउँपालिका र कैलाली जिल्लाको गोदावरी नगरपालिका र दक्षिणमा कञ्चनपुरका लालझाडी गाउँपालिका र पुनर्वास नगरपालिका रहेका छन् (नक्सा १)। विश्व मानचित्रमा यो नगरपालिका २८°४२'४१'' देखि २९°०२'१४'' सम्म उत्तरी अक्षांश र ८०°२३'२२'' देखि ८०°३३'३१'' सम्म पूर्वी देशान्तरमा फैलिएको छ।

यस नगरपालिकाको कार्यालय वडा ५ को गुलरियामा समुन्द्री सतहबाट २०६ मिटरको उचाइमा २८°५०'२०'' उत्तरी अक्षांश र ८०°२९'११'' पूर्वी देशान्तरमा रहेको छ। नगरपालिकाको कार्यालाय रहेको गुलरिया बजार पूर्व-पश्चिम राजमार्गमा पर्दछ। महेन्द्र (पूर्व-पश्चिम) राजमार्गमा पर्ने अत्तरियाबाट नगरपालिकाको दुरी ७.५ किलोमिटर (अन्दाजी १५ मिनेटको बस यात्रा) रहेको छ।




*नक्सा १: नगरापालिकाको अवस्थिति*

तालिका ३ मा देखाइए अनुरूप नगरपालिकाको कार्यालयबाट वडा नं. ९ को वडा कार्यालय सबैभन्दा टाढा (१४.७ किलोमिटर) र वडा ५ को वडा कार्यालय सबैभन्दा नजिक (०.७५ किलोमिटर) रहेका छन्।

*तालिका ३: वडा कार्यालयदेखि नगरपालिका कार्यालयसम्मको दुरी*

| क.सं. | वडा | कोअर्डिनेट्स | | | नगरपालिका कार्यालयबाट दुरी (किमि) |
|---|---|---|---|---|---|
| | | एक्स | वाइ | प्रकार | |
| १ | नपा | २८.८३६८८० | ८०.४८५५४ | WGS84 | ० |
| २ | १ | २८.९०९८९३ | ८०.४२४०४ | WGS85 | १४.१ |
| ३ | २ | २८.८६२५३० | ८०.४२२४७ | WGS86 | ७.२ |
| ४ | ३ | २८.८२८१३३ | ८०.३९६३९ | WGS87 | ११.५ |
| ५ | ४ | २८.८६८५२४ | ८०.४८११८ | WGS88 | ५.१ |
| ६ | ५ | २८.८३४३०४ | ८०.४९२२१ | WGS89 | ०.७५ |
| ७ | ६ | २८.८०३७०२ | ८०.४९८५३ | WGS90 | ५ |
| ८ | ७ | २८.७९७७७७ | ८०.५२४७२ | WGS91 | ७ |
| ९ | ८ | २८.७६७०९६ | ८०.५१९४० | WGS92 | १० |
| १० | ९ | २८.७४००७७ | ८०.५३११२ | WGS93 | १४.७ |

## ४.२. उचाइ तथा भिरालोपन

कृष्णपुर नगरपालिकाको सबैभन्दा होचो भाग वडा ९ जोरल कटान (समुन्द्र सतहदेखि १७३ मिटरको उचाइ) रहेको छ भने सबैभन्दा अग्लो भाग वडा १ को खानिखोला गाउँ (समुन्द्र सतहदेखि १,३१७ मिटरको उचाइ) मा रहेको छ। नक्सा २ मा देखाइएभैँ यहाका २-९ सम्मका वडाहरू समथर तराई भू-भागमा रहेका छन् भने वडा १ को केही भाग चुरे पर्वतमा पर्दछ।

वडा १ को डडेलधुरा तर्फको सिमानामा पर्ने भाग चुरेको पर्वत हो। यस बाहेकको सबै भाग समथर रहेको छ। यस नगरपालिकाको अधिकांश भू-भाग ५% भन्दा कमको भिरालोपनमा रहेको छ भने नगन्य भाग ६% देखि १५% को भिरालोपनमा रहेको छ। यहाँको वडा १ को चुरे पर्वत तर्फको भाग भने ३०% देखि ४५% भन्दा माथिसम्मको भिरालोपनमा फैलिएको छ। यहाँको भिरालोपनको अवस्था नक्सा ३ मा देखाइएको छ।




*नक्सा ३: नगरपालिका भित्रको उचाइको अवस्था*




*नक्सा ३: नगरपालिकाको भिरालोपनको अवस्था*

## ४.३. क्षेत्रफल तथा जनसङ्ख्या

विक्रम संवत् २०७३ सालमा राज्यको पुनर्संरचना गर्दा साविक कृष्णपुर नगरपालिकाका सबै वडा, साविक रैकवार विचवा गाविसका सबै वडा र साविक देखतभुली गाविसको वडा नं. ९ लाई मिलाएर यो नगरपालिका बनाइएको हो। यस नगरपालिकामा हाल नौवटा वडा रहेका छन्। नगरपालिकाको जम्मा क्षेत्रफल २५२.७५ वर्ग किलोमिटर र जम्मा जनसङ्ख्या ८१,२४४ (महिला ४२,४२२ र पुरुष ३८,८३३) रहेको छ। क्षेत्रफलका हिसाबले वडा ३ सबैभन्दा सानो (५.८ वर्ग किमि) र वडा १ सबैभन्दा ठुलो (७२.१२ वर्ग किमि) रहेका छन्। वडा २ मा सबैभन्दा धेरै घरधुरी (२६६४) र जनसङ्ख्या (१३,३९३) रहेको छ। वडा ५ नगरपालिकाको दोस्रो सानो (९.३८ वर्ग किमि) वडा भएता पनि यहाँको जनघनत्व सबैभन्दा बढी (१,०९०) रहेको छ। नगरपालिकाको वडागत क्षेत्रफल तथा जनसङ्ख्याको विवरण तालिका ४ बमोजिम रहेको छ।

**छोटकरीमा:**

घरधुरीसङ्ख्याको आधारमा सबैभन्दा ठुलो वडा: २
क्षेत्रफलको आधारमा सबैभन्दा ठुलो वडा: १
जनसङ्ख्याको आधारमा सबैभन्दा ठुलो वडा: २
जनघनत्वको अधारमा सबैभन्दा बाक्लो वडा: ५

घरधुरीसङ्ख्याको आधारमा सबैभन्दा सानो वडा: ३
क्षेत्रफलको आधारमा सबैभन्दा सानो वडा: ३
जनसङ्ख्याको आधारमा सबैभन्दा सानो वडा: ३
जनघनत्वको अधारमा सबैभन्दा पातलो वडा: १

***तालिका ४: वडागत रूपमा जनसङ्ख्या तथा क्षेत्रफलको विवरण***

| क्र.सं. | नयाँ वडा | साविक नपा/गाविस | साविक वडा | घरधुरी | जनसङ्ख्या | | | क्षेत्रफल (वर्ग किमि) | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा | | |
| □ | □ | कृष्णपुर | १ | १५१७ | ४०७२ | ४०३६ | ८१०८ | ७२.१२ | ११२ |
| □ | □ | कृष्णपुर | २ | २६६४ | ६९६६ | ६४३० | १३३९६ | १७.७५ | ७५५ |
| ३ | ३ | देखतभुली | ९ | ८५४ | २५४९ | २४२५ | ४९७४ | ५.८ | ८५८ |
| □ | □ | कृष्णपुर | ३ र ४ | २४१० | ६४३९ | ५८०० | १२२३९ | ५७.४३ | २१३ |
| □ | □ | कृष्णपुर | ५ र ६ | १८८९ | ५३३१ | ४८९१ | १०२२२ | ९.३८ | १०९० |
| ६ | ६ | कृष्णपुर | ७, ८ र ९ | १५२२ | ४२३० | ३६२० | ७८५० | ९.४१ | ८३४ |
| ७ | ७ | रैकवार विचवा | ३, ४ र ५ | १६३७ | ५३५६ | ४६४० | ९९९६ | २१.९ | ४५६ |
| ८ | ८ | रैकवार विचवा | १, २ र ६ | ८९५ | २९८० | २८५९ | ५८३९ | २८.०८ | २०८ |
| ९ | ९ | रैकवार विचवा | ७, ८ र ९ | १५५७ | ४४९९ | ४१२१ | ८६२० | ३०.८८ | २७९ |
| जम्मा | | | १९ | १४९४५ | ४२४२२ | ३८८२२ | ८१२४४ | २५२.७५ | ३२१ |

*स्रोत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७९ र कृष्णपुर नगरपालिकाको २०७७*

## ४.४. भूउपयोग परिवर्तनको अवस्था

सन् २००२, सन् २०१२ र सन् २०२० मा भौगोलिक सूचना प्रणालीबाट लिइएको तथ्याङ्क को विश्लेषण गर्दा यहाँको भू-उपयोगमा उल्लेखनीय परिवर्तन भएको पाइन्छ। सन् २००२, सन् २०१२ र सन् २०२२ मा भू-उपयोगको अवस्था नक्सा ४ मा देखाइएको छ भने त्यसको तथ्याङ्कीय विवरण तालिका ५ मा उल्लेख गरिएको छ।

भौगोलिक सूचना प्रणालीको अध्ययन तथा विश्लेषणको आधारमा हेर्दा समग्रमा, सन् २००२ को तुलनामा यहाँको कृषिभूमि सन् २०२२ मा ११.८८% ले घटेको छ भने सो अवधिमा वन तथा बुटयान क्षेत्र १०.६१% ले बढेको देखिन्छ। नगरपालिका तथा वडास्तरमा भएका छलफलहरूका सहभागीहरूले भने यहाँको वन क्षेत्र घटेको र कृषिभूमि बढेको अनुभव सुनाएका थिए। कृषिभूमिमा पहिलाभन्दा रुखविरुवाको बढेका व्यक्तिगत जग्गालाई समेत भौगोलिक सूचना प्रणालीले वनको रूपमा लिएका कारण समेत यस्तो तथ्याङ्क देखिएको हुनुपर्छ। व्यक्तिगत स्वामित्वमा रहेको कृषिभूमिलाई बाँझो छाड्नु र त्यस स्थानमा घाँस, रुख तथा बिरुवाहरूको वृद्धि हुनु नै वन क्षेत्र बढ्नु र कृषिभूमि घट्नुको मुख्य कारण हो। स्थानीयस्तरमा भएका छलफलहरूका अनुसार खासमा यस नगरपालिकामा सन् २००२

देखि सन् २०२० को बीचमा राष्ट्रिय वनको क्षेत्रफल बढेको भने छैन । यस अवधिमा आवासीय क्षेत्र ०.०३७६ वर्ग किलोमिटरबाट बढेर ०.९०६ वर्ग किलोमिटर (२,४३४.३१% वृद्धि) पुगेको छ । चरन तथा घाँसे क्षेत्र ४६.१६% ले घटेको र खोला, बालुवा तथा दलदलको क्षेत्र ५.२९% ले बढेको देखिन्छ ।

भू-उपयोग परिवर्तन सबै वडामा भएको देखिन्छ। वडागत रूपमा भएको भू-उपयोग परिवर्तनका नक्सा तथा अवस्था अनुसूची २ मा दिइएको छ। सन् २००२ बाट सन् २०२२ मा आइपुग्दा कृषिभूमि वडा ८ बाहेक सबै वडामा घटेको (सबैभन्दा कम वडा ६ मा ५.२०% र सबैभन्दा बढी वडा १ मा ३२.२२%) छ। वडा ६ मा यो जम्मा ०.५७% ले बढेको छ। त्यसैगरी वन तथा बुटचान क्षेत्र वडा ८ बाहेक सबै वडामा बढेको (सबैभन्दा कम वडा ९ मा ०.५% र सबैभन्दा बढी वडा ३ मा १६४.३६%) छ। वडा ८ मा वन तथा बुटचान क्षेत्र ०.४१% ले घटेको छ।

क्षेत्रफलको हिसाबमा कम भएता पनि प्रतिशतमा हेर्दा यस नगरपालिकाका सबै वडामा सन् २००२ को तुलनामा सन् २०२२ मा बसोबासको क्षेत्र अत्यधिक बढेको छ । यस्तो वृद्धी वडा ७ मा सबैभन्दा बढी (०.००१ वर्ग किलोमिटरबाट २०,४२०% बढेर ०.२०५२ वर्ग किलोमिटर पुगेको) छ भने वडा ४ मा सबैभन्दा कम (०.००६ वर्ग किलोमिटरबाट २१६.६७% बढेर ०.०१९ वर्ग किलोमिटर पुगेको ) रहेको छ ।

नगरपालिकाका प्राय सबै वडामा सन् २००२ को तुलनामा सन् २०२२ मा खोला (बालुवाको क्षेत्र सहित) को क्षेत्रफल बढेको छ। तर यस्तो क्षेत्र वडा १ मा ७.१५% ले र वडा ६ मा ६०% ले घटेको छ। खोलाको क्षेत्र सबैभन्दा बढी वडा ५ मा ७४०% (०.००५ वर्ग किलोमिटरबाट ०.०४२ वर्ग किलोमिटर) र सबैभन्दा कम वडा ४ मा ०.११% ( ७.१०९ वर्ग किलोमिटरबाट ७.११७ वर्ग किलोमिटर) ले बढेको छ भने वडा ८ मा खोलाको क्षेत्रफमा कुनै पनि परिवर्तन देखिदैन ।

*तालिका ५: सन् २००२, २०१२ र २०२२ मा वडागत भूउपयोगको अवस्था*

| वडा | कृषि जमिनको क्षेत्रफल (वर्ग किमि) | | | | वन र बुटचान क्षेत्रको क्षेत्रफल (वर्ग किमि) | | | | आवास क्षेत्रको क्षेत्रफल (वर्ग किमि) | | | | चरन तथा घाँसे क्षेत्रको क्षेत्रफल (वर्ग किमि) | | | | खोला, बालुवा तथा दलदल क्षेत्रको क्षेत्रफल (वर्ग किमि) | | | | जम्मा क्षेत्रफल (वर्ग किमि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २००२ | २०१२ | २०२२ | २००२ देखि २०२२ सम्मको परिवर्तन % | २००२ | २०१२ | २०२२ | २००२ देखि २०२२ सम्मको परिवर्तन % | २००२ | २०१२ | २०२२ | २००२ देखि २०२२ सम्मको परिवर्तन % | २००२ | २०१२ | २०२२ | २००२ देखि २०२२ सम्मको परिवर्तन % | २००२ | २०१२ | २०२२ | २००२ देखि २०२२ सम्मको परिवर्तन % | |
| १ | १६.१३ | १०.९२ | १०.९३ | -३२.२२ | ५१.१५ | ५५.७३ | ५६.५३ | १०.५२ | ०.०० | ०.०१ | ०.०५ | २५०० | ३.०६ | ३.४२ | २.९५ | -३.५६ | १.७८ | २.०५ | १.६५ | -७.१५ | ७२.१२ |
| २ | १०.९० | १०.४३ | १०.३२ | -५.३७ | ५.१६ | ५.८१ | ५.४९ | ६.४० | ०.०१ | ०.०३ | ०.२१ | १६१६.६७ | ०.५७ | ०.०६ | ०.०५ | -९०.९२ | १.१० | १.४३ | १.६९ | ५२.८१ | १७.७५ |
| ३ | ४.१० | ३.८८ | ३.३१ | -१९.३७ | ०.६८ | ०.९१ | १.८० | १६४.३६ | ०.०० | ०.०० | ०.०३ | २६०० | ०.३६ | ०.२० | ०.०० | -१०० | ०.६६ | ०.८० | ०.६७ | १.६७ | ५.८० |
| ४ | १४.२७ | १४.०८ | १२.९० | -९.६३ | ३१.६८ | ३२.३२ | ३५.३३ | ११.५० | ०.०१ | ०.०१ | ०.०२ | २१६.६७ | ४.३६ | ३.३७ | २.०७ | -५२.५१ | ७.११ | ७.६५ | ७.१२ | ०.११ | ५७.४३ |
| ५ | ८.२० | ७.८० | ७.६५ | -६.७० | ०.८१ | १.५३ | १.१७ | ४४.२१ | ०.०१ | ०.०२ | ०.१४ | ९९२.८६ | ०.३५ | ०.०२ | ०.०० | -१०० | ०.०१ | ०.०१ | ०.०४ | ७४० | ९.३८ |
| ६ | ८.५४ | ८.३२ | ८.१० | -५.२० | ०.६८ | १.०९ | १.१७ | ७२.४६ | ०.०० | ०.०० | ०.१४ | १३६७० | ०.१८ | ०.०० | ०.०० | -१०० | ०.०१ | ०.०० | ०.०० | -६० | ९.४१ |
| ७ | १०.१५ | ९.८२ | ८.७० | -१४.२७ | ९.४८ | ११.०८ | १२.६६ | ३३.५० | ०.०० | ०.०१ | ०.२१ | २०४२० | २.२० | ०.९२ | ०.२६ | -८८.०९ | ०.०७ | ०.०६ | ०.०७ | ४.४१ | २१.९० |
| ८ | ८.८५ | ९.०२ | ८.९० | ०.५७ | १८.६४ | १८.३५ | १८.५७ | -०.४१ | ०.०० | ०.०० | ०.०७ | ६६५० | ०.५२ | ०.६३ | ०.४८ | -८.१५ | ०.०७ | ०.०८ | ०.०७ | ० | २८.०८ |
| ९ | ११.९० | ११.४० | ११.१९ | -५.९४ | १८.५५ | १८.४७ | १८.६५ | ०.५० | ०.०० | ०.०१ | ०.१० | ९९८० | ०.०१ | ०.४४ | ०.४४ | ८६३० | ०.४२ | ०.५६ | ०.५० | १९.४४ | ३०.८८ |
| जम्मा | ९३.०४ | ८५.६७ | ८१.९९ | -११.८८ | १३६.८४ | १४५.२८ | १५१.३६ | १०.६१ | ०.०४ | ०.०९ | ०.९५ | २४३४.३१ | ११.६१ | ९.०६ | ६.२५ | -४६.१६ | ११.२२ | १२.६५ | ११.८१ | ५.२९ | २५२.७५ |
| २००२ देखि २०२२ सम्मको परिवर्तन (वर्ग किमि) | -११.०५ | | | | १४.५२ | | | | ०.९२ | | | | -५.३६ | | | | ०.५९ | | | | |
| २००२ देखि २०२२ सम्मको परिवर्तन % | -११.८८% | | | | १०.६१% | | | | २४३४.३१% | | | | -४६.१६ | | | | ५.२९ | | | | |




*नक्सा ४: नगरपालिकाको सन् २००२, २०१२ र २०२२ को भूउपयोगको अवस्था*

## ४.५. सामाजिक अवस्था

### ४.५.१. लैङ्गिक, जातिगत तथा धार्मिक विविधता

तालिका ४ मा देखाइएझैँ यस नगरपालिकामा रहेका १४,९४५ घरधुरीमा पुरुषभन्दा महिलाको जनसङ्ख्या ३,६०० बढी छ (४२,४२२ महिला र ३८,८२२ पुरुष) । यहाँको महिला र पुरुषको लैङ्गिक अनुपात १:०.९१५ रहेको छ । कृष्णपुर नगरपालिकाको पार्श्वचित्र, २०७७ अनुसार यहाँ ७.०८ प्रतिशत मात्र परिवारमा महिलाको स्वामित्वमा घर र १०.४२ प्रतिशत परिवारमा मात्र महिलाको स्वामित्वमा जग्गा रहेको छ ।

कृष्णपुर नगरपालिकाको पार्श्वचित्र, २०७७ अनुसार यहाँको कूल ८१,२४४ जनसङ्ख्यामा सबैभन्दा धेरै जनसङ्ख्या क्षेत्री (३४,६७९ अर्थात् ४२.६८%) र त्यसपछि थारू १३,४३५ अर्थात् २३.८७%) को रहेको छ। तेस्रो ठुलो जनसङ्ख्या दलितको (१६.५४%) रहेको यस नगरपालिकामा त्यसपछि क्रमशः ब्राह्मण (१२.५५), ठकुरी (२.४%) र सन्यासी ( ०.५३%) को जनसङ्ख्या रहेको छ। यहाँ मधेशी, मुसलमान तथा पहाडीमुलका जनजाती आदिको जनसङ्ख्या १.३७% (१,११५) रहेको छ। वडागत रूपमा रहेको जातिगत जनसङ्ख्याको विवरण तालिका ६ मा देखाइएको छ। कृष्णपुर नगरपालिकाको पार्श्वचित्र, २०७७ अनुसार यहाँ कूल जनसङ्ख्याको ७८% हिन्दू, १४% इसाइ, ७% बुद्धिष्ट र १% बहाइ धर्मावलम्बीहरू रहेका छन् ।

*तालिका ६: वडागत रूपमा जातिगत जनसङ्ख्याको विवरण*

| वडा | जातजाति | | | | | | | | | | | | | | जम्मा | जम्मा सङ्ख्याको वडामा % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राह्मण | | क्षेत्री | | थारू | | दलित | | ठकुरी | | सन्यासी | | अन्य | | | |
| | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | | |
| १ | १०७३ | १०.५३ | ४९२३ | १४.२० | १२०७ | ६.२३ | ६८५ | ५.१० | १६७ | ८.३४ | ३१ | ७.१९ | २२ | १.९७ | ८१०८ | ९.९८ |
| २ | १२३६ | १२.१३ | ४६३४ | १३.३६ | ३३५५ | १७.३० | २९७२ | २२.१२ | ६७२ | ३३.५७ | १४५ | ३३.६४ | ३८२ | ३४.२६ | १३३९६ | १६.४९ |
| ३ | ४९६ | ४.८७ | ३०९६ | ८.९३ | ९७८ | ५.०४ | ३२९ | २.४५ | ६१ | ३.०५ | १४ | ३.२५ | ० | ० | ४९७४ | ६.१२ |
| ४ | १५९६ | १५.६६ | ४२४४ | १२.२४ | ३८३० | १९.७५ | १८०५ | १३.४४ | ४८८ | २४.३८ | ९१ | २१.११ | १८५ | १६.५९ | १२२३९ | १५.०६ |
| ५ | १७६३ | १७.३० | २९७३ | ८.५७ | २५४४ | १३.१२ | २४४७ | १८.२१ | २०३ | १०.१४ | ४९ | ११.३७ | २४४ | २१.८८ | १०२२३ | १२.५८ |
| ६ | १२५४ | १२.३० | ३०५९ | ८.८२ | २१२७ | १०.९७ | १३६३ | १०.१५ | ३८ | १.९० | ३ | ०.७० | ६ | ०.५४ | ७८५० | ९.६६ |
| ७ | १३२५ | १३ | ४७०२ | १३.५६ | २२१४ | ११.४२ | १६३१ | १२.१४ | ९८ | ४.९० | ११ | २.५५ | १५ | १.३५ | ९९९६ | १२.३० |
| ८ | ६२० | ६.०८ | ३४८३ | १०.०४ | ११२६ | ५.८१ | ४८४ | ३.६० | १०९ | ५.४४ | ५ | १.१६ | १२ | १.०८ | ५८३९ | ७.१९ |
| ९ | ८३० | ८.१४ | ३५६५ | १०.२८ | २००८ | १०.३६ | १७११९ | १२.७९ | १६६ | ८.२९ | ८२ | १९.०३ | २४९ | २२.३३ | ८६१९ | १०.६१ |
| जम्मा | १०१९३ | १०० | ३४६७९ | १०० | १९३८९ | १०० | १३४३५ | १०० | २००२ | १०० | ४३१ | १०० | १११५ | १०० | ८१२४४ | १०० |
| % | १२.५५ | | ४२.६८ | | २३.८७ | | १६.५४ | | २.४ | | ०.५३ | | १.३७ | | १०० | |

*स्रोत: कृष्णपुर नगरपालिकाको पार्श्वचित्र, २०७७*

### ४.५.२. शिक्षा

कृष्णपुर नगरपालिकाको पार्श्वचित्र, २०७७ अनुसार यहाँ ७७.७२ प्रतिशत पुरुष र ६२.९८ प्रतिशत महिला गरी औषतमा ७०.३५ प्रतिशत जनसङ्ख्या साक्षर छन्। साक्षर जनसङ्ख्याको प्रतिशत सबैभन्दा बढी वडा ६ मा (८१.३२) र सबैभन्दा कम वडा वडा ७ मा (६६.३६) रहेको छ। ५ वर्षभन्दा कम उमेरको जनसङ्ख्यालाई साक्षरता दर निर्धारण गर्ने क्रममा जम्मा जनसङ्ख्याबाट घटाइएको छ। साक्षरतादरको वडागत विवरण तालिका ७ मा दिइएको छ।

*तालिका ७: वडागत रूपमा साक्षरताको अवस्था*

| वडा | साक्षरताको अवस्था (%) | | | | | |
|---|---|---|---|---|---|---|
| | साक्षर | | | निरक्षर | | |
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | ८४.५३ | ६१.०३ | ७२.७८ | १५.४७ | ३८.९७ | २७.२२ |
| २ | ७४.०४ | ६१.६१ | ६७.८३ | २५.९६ | ३८.३९ | ३२.१८ |
| ३ | ७६.६१ | ५९.२४ | ६७.९३ | २३.३९ | ४०.७६ | ३२.०८ |

| वडा | साक्षरताको अवस्था (%) | | | | | |
|---|---|---|---|---|---|---|
| | साक्षर | | | निरक्षर | | |
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| ४ | ७३.७४ | ६५.४८ | ६९.६१ | २६.२६ | ३४.५२ | ३०.३९ |
| ५ | ८०.१२ | ६२.२० | ७१.१६ | १९.८८ | ३७.८० | २८.८४ |
| ६ | ८५.८७ | ७६.७६ | ८१.३२ | १४.१३ | २३.२४ | १८.६९ |
| ७ | ७१.५४ | ६१.१७ | ६६.३६ | २८.४६ | ३८.८३ | ३३.६५ |
| ८ | ७६.३८ | ६०.२५ | ६८.३२ | २३.६२ | ३९.७५ | ३१.६९ |
| ९ | ७६.६६ | ५९.०४ | ६७.८५ | २३.३४ | ४०.९६ | ३२.१५ |
| जम्मा | ७७.७२ | ६२.९८ | ७०.३५ | २२.२८ | ३७.०२ | २९.६५ |

*स्रोत: कृष्णपुर नगरपालिकाको पार्श्वचित्र, २०७७*

नगरपालिकामा ६८ ओटा सामुदायिकस्तरमा र २८ ओटा निजिस्तरमा गरी जम्मा ९६ ओटा बाल विकासकेन्द्र (कक्षा एकभन्दा तल्लो तह) रहेका छन् भने आधारभूत तह (कक्षा १ देखि कक्षा ८) सम्म पढाइ हुने जम्मा ३८ ओटा शिक्षण संस्था (निजि १८ ओटा र सामुदायिक २० ओटा) रहेका छन् । कक्षा ९ देखि कक्षा १२ सम्म पढाइहुने शिक्षण संस्था निजि १० ओटा र सामुदायिक १३ ओटा गरी जम्मा २३ ओटा रहेका यस नगरपालिकामा जम्मा २ ओटा क्याम्पस रहेका छन् । वडागत रूपमा शिक्षण संस्थाको सङ्ख्यात्मक विवरण तालिका ८ मा उल्लेख गरिएको छ ।

***तालिका ८: वडागत रूपमा रहेका शिक्षण संस्थाहरू***

| वडा | शिक्षण संस्था | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाल विकासकेन्द्र | | | आधारभूत | | | माध्यमिक (+२ समेत) | | | क्याम्पस | | |
| | सामुदायिक | निजि | जम्मा | सामुदायिक | निजि | जम्मा | सामुदायिक | निजि | जम्मा | सामुदायिक | निजि | जम्मा |
| १ | १७ | ४ | २१ | ५ | ४ | ९ | १ | ० | १ | ० | ० | ० |
| २ | १२ | ६ | १८ | ४ | ४ | ८ | २ | २ | ४ | १ | ० | १ |
| ३ | ९ | ३ | १२ | २ | १ | ३ | १ | १ | २ | ० | ० | ० |
| ४ | १२ | ४ | १६ | ३ | १ | ४ | २ | ३ | ५ | ० | ० | ० |
| ५ | ३ | ३ | ६ | १ | ० | १ | १ | २ | ३ | १ | ० | १ |
| ६ | २ | २ | ४ | २ | २ | ४ | २ | २ | ४ | ० | ० | ० |
| ७ | ४ | ३ | ७ | १ | ३ | ४ | २ | ० | २ | ० | ० | ० |
| ८ | ५ | १ | ६ | ० | १ | १ | १ | ० | १ | ० | ० | ० |
| ९ | ४ | २ | ६ | २ | २ | ४ | १ | ० | १ | ० | ० | ० |
| जम्मा | ६८ | २८ | ९६ | २० | १८ | ३८ | १३ | १० | २३ | २ | ० | २ |

*स्रोत: कृष्णपुर नगरपालिकाको पार्श्वचित्र, २०७७*

### ४.५.३. लैङ्गिक तथा सामाजिक समावेशीकरण

यस नगरपालिकाका सबै वडाहरूमा पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी रहेको छ। समग्रमा महिला र पुरुषको जनसङ्ख्याको अनुपात ९१.५१४ रहेको छ । जनसङ्ख्याको रूपमा महिला बढी भएता पनि यस नगरपालिकामा ७.०८ प्रतिशत मात्र परिवारमा महिलाको स्वामित्वमा घर र १०.४२ प्रतिशत परिवारमा मात्र महिलाको स्वामित्वमा जग्गा रहेको छ (तालिका ९) । समग्रमा हेर्दा घर तथा जग्गामा महिलाको स्वामित्वको प्रतिशत वडा १ मा सबैभन्दा कम र वडा ५ मा सबैभन्दा बढी देखिन्छ ।

***तालिका ९: घर तथा जग्गामा महिलाको स्वामित्व भएका परिवार सङ्ख्या***

| विवरण | वडा | | | | | | | | | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| महिलामा घरको स्वामित्व भएको (%) | ०.७६ | २.४ | ५.७ | ७.३७ | १२.८ | ७.९८ | १०.९७ | १२.७५ | ३.०२ | ७.०८ |
| महिलामा घरको स्वामित्व नभएको (%) | ९९.२४ | ९७.६ | ९४.३ | ९२.६३ | ८७.२ | ९२.०२ | ८९.०३ | ८७.२५ | ९६.९८ | ९२.९२ |
| महिलामा जग्गाको स्वामित्व भएको (%) | ४.३६ | ६.८२ | ६.४८ | ८.८४ | १६.७१ | १२.७७ | १५.७५ | १५.१ | ६.९४ | १०.४२ |
| महिलामा जग्गाको स्वामित्व भएको (%) | ९५.६४ | ९३.१८ | ९३.५२ | ९१.१६ | ८३.२९ | ८७.२३ | ८४.२५ | ८४.९ | ९३.०६ | ८९.५८ |

*स्रोत: कृष्णपुर नगरपालिकाको पार्श्वचित्र, २०७७*

पालिका तथा वडास्तरमा भएका छलफल तथा अन्तरक्रियाहरूका सहभागीरूले पछिल्लो समयमा महिला तथा पुरुषका बीचमा हुने विभेद कम भएको बताएका थिए । यी छलफल तथा अन्तरक्रियाहरूमा महिला र पुरुषको उपस्थिती लगभग बराबर रहेको थियो (तालिका १) । सम्पत्तिमाथि महिलाको स्वामित्व क्रमिक रूपमा बढिरहेको छ । पालिका तथा वडास्तरका सहभागीहरूले यसको मूल कारण महिलाको नाममा जग्गा नामसारी गर्दा कर कम बुझाउनु पर्ने प्रावधान भएको बताएका थिए ।

यस नगरपालिकामा जातिगत विभेद अझै पनि कायम रहेता पनि यो क्रमिक रूपमा कम हुँदै गएको छ। नगरपालिका, स्थानीय गैह्र सरकारी सङ्घसंस्था, समुदायमा आधारित सङ्घसंस्था (जस्तै सामुदायिक वन उपभोक्ता समूह) तथा स्थानीयस्तरका अन्य समूहहरू (जस्तै आमा समूह, युवा समूह आदि) मा दलित, जनजाति, महिला, तथा गरिब सबैको सहभागिता, उपस्थिती, पहुँच तथा नियन्त्रण पहिलाकोभन्दा तुलनात्मक रूपमा वृद्धि भएको छ ।

यस नगरपालिकामा पश्चिम पहाडी जिल्लाबाट बसाइँ सरेर आएका परिवारको सङ्ख्या उल्लेख्य रहेको छ भने शताब्दीयौँदेखि यहीँ बसेका थारूजस्ता समुदायसमेत यहाँ रहेका छन् । यी विभिन्न समुदायको बीचमा जातीय, सामुदायिक तथा धार्मिक सद्भाव पाइन्छ ।

यस नगरपालिकामा जम्मा ४०७ जना अपाङ्गता भएका व्यक्तिहरू रहेका छन् । सबैभन्दा बढी र कम अपाङ्गता भएका व्यक्ति क्रमशः वडा २ र वडा ८ मा रहेका छन् । अपाङ्गताको वर्गका आधारमा अपाङ्गता भएका व्यक्तिहरूको वडागत सङ्ख्या तालिका १० मा उल्लेख गरिएको छ ।

यसरि नगरपालिकामा उल्लेख्य मात्रामा अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्या रहेको भएता पनि नगरपालिकाको कार्यालय, वडा कार्यालयहरू लगायत अन्य सरकारी कार्यालयहरू, सामाजिक संघसंस्थाका एवम् गैह्र सरकारी संघसंस्थाका कार्यालयहरू अपाङ्गमैत्री देखिदैनन् । नगरपालिकाले नेपाल सरकारले तोके बमोजिम विभिन्न वर्गका अपाङ्गता भएका आफ्ना नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइरहेको छ ।

*तालिका १०: वडागत रूपमा अपाङ्गताको वर्ग अनुसार सङ्ख्या*

| अपाङ्गताको वर्ग | वडा | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| क | १० | १८ | ६ | १२ | ९ | ३ | ९ | ६ | ४ | ७७ |
| ख | २९ | ३९ | १२ | ४२ | २२ | १८ | ३४ | १५ | १७ | २२८ |
| ग | ८ | १५ | ५ | १६ | ११ | १४ | ६ | १ | १० | ८६ |
| घ | ३ | २ | ० | २ | ६ | ० | २ | ० | १ | १६ |
| जम्मा | ५० | ७४ | २३ | ७२ | ४८ | ३५ | ५१ | २२ | ३२ | ४०७ |

*स्रोत: कृष्णपुर नगरपालिकाको आन्तरिक रेकर्ड, २०७९*

## ४.६. आर्थिक अवस्था

### ४.६.१. आर्थिक रूपमा सक्रिय र आश्रित जनसङ्ख्या

कृष्णपुर नगरपालिकाको पार्श्वचित्र, २०७७ अनुसार यहाँको जम्मा जनसङ्ख्या ८१,२४४ को ५४.४६% जनसङ्ख्या ( अर्थात् ४४,२४५) मात्र आर्थिक रूपमा सक्रिय रहेको छ । वडाको जम्मा जनसङ्ख्यामा आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको प्रतिशतका आधारमा हेर्दा वडा ३ सबैभन्दा राम्रो (५७.३८%) र वटा २ सबैभन्दा कम (५१.८९%) रहेको छ । नगरपालिकामा आर्थिक रूपले सक्रिय र आश्रित जनसङ्ख्याको वडागत विवरण तालिका ११ मा देखाइएको छ ।

*तालिका ११: आर्थिक रूपले सक्रिय र आश्रित जनसङ्ख्याको विवरण*

| विवरण | वडा | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| जम्मा जनसङ्ख्या | ८१०८ | १३३९६ | ४९७४ | १२२३९ | १०२२३ | ७८५० | ९९९६ | ५८३९ | ८६१९ | ८१२४४ |
| आर्थिक रूपले सक्रिय जनसङ्ख्या | ४४९१ | ६९५१ | २८६९ | ६४७८ | ५७२० | ४२५८ | ५४८९ | ३२६९ | ४७२० | ४४२४५ |
| आर्थिक रूपले सक्रिय जनसङ्ख्याको % | ५५.३९ | ५१.८९ | ५७.६८ | ५२.९३ | ५५.९५ | ५४.२४ | ५४.९१ | ५५.९९ | ५४.७६ | ५४.४६% |
| आर्थिक रूपले आश्रित जनसङ्ख्या | ३६१७ | ६४४५ | २१०५ | ५७६१ | ४५०३ | ३५९२ | ४५०७ | २५७० | ३८९९ | ३६९९९ |
| आर्थिक रूपले आश्रित जनसङ्ख्याको % | ४४.६१ | ४८.११ | ४२.३२ | ४७.०७ | ४४.०५ | ४५.७६ | ४५.०९ | ४४.०१ | ४५.२४ | ४५.५४% |

*स्रोत: कृष्णपुर नगरपालिकाको पार्श्वचित्र, २०७७*

### ४.६.२. कृषि तथा खेती प्रणाली

यस नगरपालिकाका अधिकांश घरधुरी कृषि पेशामा संलग्न रहेका छन् र जीविकोपार्जनको प्रमुख स्रोत निर्वाहमुखी खेती प्रणाली नै रही आएको छ। प्राय: जनसङ्ख्या कृषिमा संलग्न छन्। थोरै जनसङ्ख्या भने व्यापार, रोजगारी र अन्य पेशामा संलग्न रहेका छन्। यहाँका केही घरधुरीबाट रोजगारीका लागि देशभित्र वा भारत तथा खाडी मुलुक जानेक्रम पछिल्लो समय बढिरहेको छ।

यस नगरपालिकामा रहेका प्रमुख अन्नबाली, दलहन, तेलहन, फलफूल, तरकारी तथा नगदेबाली तालिका १२ बमोजिम रहेको छ। यहाँका सबै वडा प्राय एकै प्रकारको हावापानीमा फैलिएकोहुँदा उल्लेखित प्राय सबै बालीनाली नगरपालिकाका सबै वडाहरूमा पाइन्छन्। तर यिनीहरूको उपलब्धता सबै वडाहरूमा एकै प्रकारको छैन।

*तालिका १२: प्रमुख अन्नबाली, नगदेबाली, दलहन, फलफूल तथा तरकारीबाली*

| अन्नबाली | दलहन | तेलहन | फलफूल | तरकारी | अन्य |
|---|---|---|---|---|---|
| धान, गहुँ, मकै, | चना, मसुरो, अरहर, केराउ, मास, सिमी, मुम, बोडी, बकुल्ला, मस्याङ् र भटमास | तोरी, अर्सी, सुर्यमखी, भटमास, लाहा, गोपी लाही र सर्सिउँ | आँप, केरा, अम्बा, कुसुम, जामुन, अठन्नी, बयर, बिउरो, अनार, लिची, बेल, बदाम, कागती, कटहर, आरू, सिताफल/सरिफा, भुँइकटहर, मेवा, अङ्गुर अमला, भोगटे र निबुवा, | सिमी, बन्दा, सलगम, परवल, काउली, आलु, टमाटर, भण्टा, खुर्सानी, गाँजर, मुला, ब्रो काउली, प्याज, बोडी, करेला, काँक्रा, फर्सी, भिण्डी/राम तोरिया, लौका, कुन्दु, लसुन, अदुवा, रुख टमाटर, बेसार/हल्दी, बकुल्ला, गोलभेँडा, स्कुस, घिरौँला, चिचिण्डो, कुभिण्डो, कुरिलो र भिभिन्न प्रकारका सागहरू | उखु |

यस नगरपालिकामा अन्नबाली, तरकारी तथा फलफूलमा विभिन्न प्रकारका बालीरोगहरू देखा परेका छन्। यी रोगहरू कतिपय पछिल्लो समय देखापरेका हुन् भने कतिपय पहिलादेखि रहेका भएतापनि पछिल्लो समय यिनीहरूको असर तथा प्रकोप बढेको छ।

यहाँ धानमा ब्लास्ट, खैरोथोप्ले, फेद कुहिने, धानको बाला कालो हुने र जरा किराले खाने; गहुँमा कालोपोके, दाना नै नलाग्ने र सिन्दुरे; मकैमा डाँठ तथा घोगा कुहिने र जरा किराले खानेजस्ता रोगहरू देखिएका छन्। तरकारीमा लेटब्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, डचम्पिङ्ग अफ, जरा कुहिने, बोट कुहिने, रातो कमिला लाग्ने, सलहको आक्रमण, सङ्खेकिराको प्रकोप, फौजी किरा, लाई, गभारो, खुम्ले किरा, पहेँले, लाट्टी, ट्वाँटी, खुम्रे, आलुमा ऐँजेरु पलाउने, खबटे किरा, ढुसी तथा भुसिलेकिराजस्ता समस्या तथा असरहरू रहेका छन्।

त्यसैगरी फलफूलहरूमा कोत्रे, सेतो धुलेरोग, भोजकपात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने, टुप्पोबाट मर्ने र फललाई कुहाउने औसा कीरा, पँहेलिने, ऐँजेरू, फल कुहिएर झर्ने, केरामा पात पँहेलिने र गभारा, मेवामा ढुसी लागेर मर्ने तथा रातो कमिलाजस्ता विभिन्न समस्या तथा प्रकोपहरू रहेका छन्। यसका साथै यस नगरपालिकामा पशुमा मुख्य गरी भ्यागुते रोग, लम्पी रोग, प्यारालाइसिस ज्वरो आउने, जुका पर्ने, फनफने, लङ्गडो हुने, खोरेत एवम् शरिरमा विभिन्न प्रकारका दाग तथा खटिरा आउनेजस्ता रोगहरू रहेका छन्।

यस नगरपालिकामा परामपरागत रूपमा खेतीपाती गरिएका धेरै प्रजातिहरू हाल लोप भइसकेका छन् भने कतिपय लोप हुने अवस्थामा पुगेका छन् । अनदी धान, मनसुली धान, अञ्जना धान, रायमन्मा धान, झिमुवा धान, झिम्मो धान, कालगुर्जी धान, सौठयारी धान, सिल्की धान, सर्जु धान, जानकी धान, हर्दिना धान, राम थान, पन्थफोर बहुगनी धान, चैते धान, राधा धान, आरा चौबिस धान, पहेँली मकै, सेती मकै, कालो भटमास, मुडुले गहुँ, धनिया गहुँ, मास, मुसुरो, रामचना, कलउ, अर्सी, लाहा, गोपी लाही, सर्सिउँ, आदि अन्नबाली दलहन तथा तेलहन कि त पूर्ण रूपमा लोप भइसकेका छन् कि त लोपोन्मुख अवस्थामा पुगेका छन् । हाल जलवायुका प्रतिकूल असरहरूले गर्दा उत्पादन उल्लेखनीय रूपमा घटेको छ । जलवायुजन्य प्रकोपहरूले यहाँ  मौसमी तथा बेमौसमी कृषिबालीमा उल्लेख्य असर पारेको छ । यस नगरपालिकामा पछिल्लो समय रासायनिक मल तथा विषादी प्रयोग गर्ने क्रम बढेको छ ।

हालसम्म पनि यहाँका अधिकांश कृषक निर्वाहमुखी खेती प्रणालीमा नै रहेका छन् । तर पछिल्लो समय यहाँका सबै वडामा तरकारी खेतीजस्ता छिट्टै आम्दानी दिनसक्ने बाली प्रणाली र व्यवसायिक पशुपालनमा कृषकहरू आकर्षित भइरहेका छन् । नगरपालिकाले समेत व्यावसायिक तरकारी तथा फलफूल खेतीलाई प्रोत्साहन गरिरहेको छ ।

### ४.६.३. खाद्यान्न उपलब्धता तथा खाद्य सुरक्षा

यस नगरपालिकामा पछिल्लो समय बाहिरबाट भित्रिएका खाद्य तथा पेय पदार्थको माग बढ्दो छ । यहाँका मानिसहरूमा आफूले उत्पादन गर्नेभन्दा बजारमा किन्नेक्रम बढ्दो छ । वडास्तरमा गरिएका छलफल तथा अन्तरक्रियाहरूबाट प्राप्त भएको नतिजाको आधारमा यस नगरपालिकामा आफ्नै उत्पादनले अधिकांश महिना खान पुग्ने घरधुरी २८.८९ प्रतिशत मात्र रहेको छ भने त्यती नै घरधुरीलाई आफ्नै उत्पादनले तीन महिना मात्र खान पुग्छ । २२.७८ प्रतिशत घरधुरीलाई तीनदेखि छ महिना र बाँकि १९.४४ प्रतिशत घरधुरीलाई छदेखि नौ महिना आफ्नो उत्पादनले खान पुग्ने देखिन्छ । तालिका १३ मा यहाँको खाद्यान उपलब्धताको अवस्था देखाइएको छ ।

*तालिका १३: खाद्यान्न उपलब्धताको अवस्था*

| खान पुग्ने अवधि | वडा तथा जनसङ्ख्या प्रतिशत | | | | | | | | | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| ३ महिनाभन्दा कम | १० | ५० | ५ | ४० | २० | ३५ | ३५ | ५० | १५ | २८.८९ |
| ३ देखि ६ महिना | ४५ | १५ | १५ | ३० | १० | २० | ३५ | १५ | २० | २२.७८ |
| ६ देखि ९ महिना | ३० | १५ | ३० | २० | २५ | २० | १० | १० | १५ | १९.४४ |
| ९ देखि १२ महिना | १५ | २० | ५० | १० | ४५ | २५ | २० | २५ | ५० | २८.८९ |

### ४.६.४. कृषि भूमिको माटोको अवस्था

नेपाल कृषि अनुसन्धान परिषद्ले सन् २०२१ मा तयार गरेको नक्सा अनुसार कृष्णपुर नगरपालिकाको माटोको स्रोत मुलतः तीन प्रकारका चट्टान हुन् । नगरपालिकाको उत्तरी भागमा स्याण्डस्टोन, वडा ९ को मोहना नदीको किनार, वडा ४ को मछेली नदीको दुवै किनार तथा वडा २ र वडा ३ को बनारा खोलाको किनारमा फ्लुभियल काल्कारियस र बाँकि रहेको भागमा फ्लुभियल नन-काल्कारियसको प्रचुरता रहेको छ ।

यहाँको अधिकांश भागको माटोको अम्लियपन तटस्थ (पिएच मान ६.६ देखि ७.३ सम्म) रहेको छ । तर वडा १ को सबैभन्दा उत्तरी भागको पिएच भने हल्का अम्लीय (पिएच मान ६.१ देखि ६.५ सम्म) छ तथा वडा ८, वडा ९, वडा २ र वडा ३ को पूर्वी सिमानाको माटो हल्का क्षरीय (पिएच मान ७.४ देखि ७.८ सम्म) रहेको छ ।

वडा १ को उत्तरी भाग, र वडा ८ को लालझाडी तर्फको सिमानामा प्राङ्गारिक पदार्थको मात्रा उच्च (२.५% देखि

५% सम्म) रहेको छ भने बाँकि भागमा यसको मात्रा मध्यम (१% दखि २.५% सम्म) रहेको छ। वडा २ को दक्षिणी भाग, वडा ३ को सबै भाग र वडा ५ देखि ९ सम्मको पूर्वी सिमानाको माटोमा कूल नाइट्रोजन मध्यम (०.०.०६% देखि ०.१%) र बाँकि स्थानमा उच्च (०.१% देखि ०.२%) रहेको छ। माटोमा नाइट्रोजन कम हुनु भनेको प्राङ्गारिक पदार्थको कमी हुनु हो। नाइट्रोजन/प्राङ्गारिक पदार्थ बालीबिरुवा र दिगो माटो व्यवस्थापनको लागि उपयोगी र आवश्यक मानिन्छ। यस नगरपालिकाको सबैभन्दा उत्तरी भागमा पोटासियम उच्च (२८० देखि ५००) रहेको छ भने बाँकि प्राय सबैतिर मध्यम (११० दखि २८०) छ। त्यसैगरी यहाँ पोटासियम उच्च भएको स्थानमा फस्फोरस मध्यम र पोटासियम मध्यम भएका स्थानमा फस्फोरस न्यून रहेको छ। माटोको समग्र अवस्था हर्दा यहाँ प्राङ्गारिक मल बढी मात्रामा प्रयोग गर्नुपर्ने आवश्यकता रहेको छ। यसबाहेक गुणस्तरीय प्राङ्गारिक मलहरू (गोठेमल, कम्पोष्ट मल, हरियो मल आदि) को प्रयोगबाट पनि माटाको उत्पादकत्वमा सुधार ल्याउन सकिन्छ।

### ४.६.५. पशुपालन

कृष्णपुर नगरपालिकाको पशु विकास शाखामाले विक्रम संवत् २०७९ मंसिरमा उपलब्ध गराएको तथ्याङ्क अनुसार यस नगरपालिकामा २६,०४९ खसि, बोका, बाखा तथा भेडा, १४,३१५ रागा तथा भैंसी, ८,३०९ गाई तथा गोरु र ३,१३७ गरी जम्मा ५१,८१० घरपालुवा जनावर रहेका छन्। वडा ४ मा सबैभन्दा धेरै ८,७५६ र वडा ३ मा सबैभन्दा थोरै २,१८३ जनावर रहेका छन्। घरपालुवा जनावरको वडागत विवरण तालिका १४ बमोजिम रहेको छ।

*तालिका १४: वडागत रूपमा पशुहरूको विवरण*

| वडा | गाई र गोरु | भैंसी र राँगा | बाखा र खसिबोका | सुगगर तथा वङ्गुर | जम्मा |
|---|---|---|---|---|---|
| १ | १०२६ | १४४१ | ४४१२ | ६९० | ७५६९ |
| २ | १३०४ | १९२० | ४०४९ | १२४ | ७३९७ |
| ३ | ४३९ | ६४६ | १०२९ | ६९ | २१८३ |
| ४ | १३५७ | २३४० | ४१७७ | ८८२ | ८७५६ |
| ५ | ७८८ | १८५६ | ३२२० | ३५२ | ६२१६ |
| ६ | ७५० | १५२८ | २६१७ | ३७३ | ५२६८ |
| ७ | १३४८ | १८६३ | ३०९२ | ९२ | ६३९५ |
| ८ | ५५६ | १३०२ | १८२८ | २३५ | ३९२१ |
| ९ | ७४१ | १४१९ | १६२५ | ३२० | ४१०५ |
| जम्मा | ८३०९ | १४३१५ | २६०४९ | ३१३७ | ५१८१० |

*स्रोत: कृष्णपुर नगरपालिका, २०७९*

यस नगरपालिकामा पशुमा भ्यागुते, लम्पी, प्यारालाइसिस, ज्वरो आउने, जुका तथा नाम्ले, धम्की, फनफने, लङ्गडो हुने, खोरेत, आँखा सुनिने/पाक्ने, लौमुते, थुनेलो, कलेजो पाक्ने, एवम् शरिरमा विभिन्न प्रकारका दाग तथा खटिरा आउनेजस्ता रोगहरू रहेका छन्। यसका साथै पछिल्लो समय कुखुरामा विफरको समस्या देखिन थालेका छ।

### ४.६.६. घरको बनोट

यस नगरपालिकामा रहेका जम्मा १४,९४५ घरधुरी मध्ये सबैभन्दा धेरै ४३.३५ प्रतिशत घरधुरीका घर काठको खम्बा तथा टायल र ढुङ्गाले छाएको छ भने सबैभन्दा कम २.९९ प्रतिशत घरधुरीका घर माटो जोडाइ भएको इँटा वा ढुङ्गाले छाएको छ। बाहिरी भित्ताको प्रकारको आधारमा हेर्दा यहाँका ६०.९९ प्रतिशत घरधुरीका घर काठका खम्बाले बनेका छन्। यहाँका घरहरूको बनोट अवस्था तालिका १५ मा दिइएको छ।

*तालिका १५: नगरपालिकामा घरहरूको बनोट*

| क.सं. | विवरण | संङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| | छानाको प्रकारको आधारमा नगरपालिकामा रहेका घरधुरी | | |
| १ | फुस तथा खरले छाएको | ८६७ | ५.७९ |

| क.सं. | विवरण | संङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| | छानाको प्रकारको आधारमा नगरपालिकामा रहेका घरधुरी | | |
| २ | जस्ता/चदरले छाएको | ३६०३ | २४.१९ |
| ३ | काठको खम्बा तथा टायल र ढुङ्गाले छाएको | ६४७१ | ४३.२५ |
| ४ | आरसिसि | २०४७ | १३.६८ |
| ५ | सिमेन्टको जोडाइ भएको इँटा वा ढुङ्गा | १५०९ | १०.०९ |
| ६ | माटोको जाडाइ भएको इँटा वा ढुङ्गा | ४४८ | २.९९ |
| **जम्मा** | | **१४९४५** | **१००** |
| | **बाहिरी भित्ताको प्रकारको आधारमा नगरपालिकामा रहेका घरधुरी** | | |
| १ | माटोको चिनाइ भएको ढुङ्गा तथा इँटा | ५४४ | ३.६४ |
| २ | सिमेन्टको चिनाइ भएको ढुङ्गा तथा इँटा | २०७७ | १३.९० |
| ३ | आरसिसि | ३०६१ | २०.४८ |
| ४ | काठको खम्बा | ९११५ | ६०.९९ |
| ५ | अन्य | १४८ | ०.९९ |
| **जम्मा** | | **१४९४५** | **१००** |
| | **घरमा हालेको जगका आधारमा नगरपालिकामा रहेका घरधुरी** | | |
| १ | माटोको चिनाइ भएको ढुङ्गा तथा इँटा | ६५८ | ४.४० |
| २ | सिमेन्टको चिनाइ भएको ढुङ्गा तथा इँटा | ५८५८ | ३९.२० |
| ३ | काठ | ७०३९ | ४७.१० |
| ४ | बाँस | ८६७ | ५.८० |
| ५ | काँचो इँटा | ३० | ०.२० |
| ६ | अन्य | ४९३ | ३.३० |
| **जम्मा** | | **१४९४५** | **१००** |

*स्रोत: कृष्णपुर नगरपालिकाको पार्श्वचित्रचत्र, २०७९*

### ४.६.७. मुख्य बस्ती र व्यापारिक तथा बजारकेन्द्रहरू

यस नगरपालिकाका मुख्य बस्तीहरूको वडागत विवरण तालिका १६ मा उल्लेख गरिएको छ।

*तालिका १६: मुख्य बस्तीहरूको वडागत विवरण*

| वडा | मुख्य बस्तीहरू |
|---|---|
| १ | पहरिया, सुन्दरीफाँटा, निगाली, बण्ड, कुन्छा गल्ली, दोमिल्ला, धारापानी, कुन्छा गल्ली, शिरपुर, पलगडी, जडेखोला गाउँ, खानीखोला गाउँ, कुङ्गढा |
| २ | बङ्क, वाणी पुरानो बस्ती, बाणी नयाँ बस्ती, बनारा, बाणी शिविर, सालघारी शिविर, खल्ला शिविर, बडनीखेडा टोल |
| ३ | चित्रपुर, आमघाट, भिआइपी टोल, बडबैका टोल, बैबाहपट्टी, कटानपट्टी, हिरापुर |
| ४ | मालुबेला, किचाई, दया अमरपुर, खल्लाढायाँ, साहारा नगर, शिवशक्ति टोल, कोइराल बोझिया, बेलकुण्डी, किचाई शिविर, मौवाफाँटा, बालुवाटार |
| ५ | रानाटोल गुलरिया, बङ्गपुर टोल, सिद्धर्थ टोल, अत्तरियापट्टी, सुदर्शनपुर, बडुटोल, मकन्न टोल, बर्डेखल्ला टोल, पवित्र बस्ती, पटेलपट्टी, खल्ल टोल, प्रगती टोल, बेहेऱ्यान टोल |
| ६ | सिंहपुर, रानाटोल, उत्तर बञ्जरिया, दक्षिण बञ्जरिया, बलुवाफाँटा, मिलनटोल, मोहना चोकटोल, खरसापटी, (पूर्वटोल), वसन्तपुर, शान्तिटोल, गौरादेवीटोल, कालिकाटोल, विष्टटोल, काँडाटोल, खड्काटोल, भट्टराईटोल, ओझाटोल, रोकायाटोल, |
| ७ | कलुवापुर, पछलीपट्टी, शान्तिपुर, कार्की कटान, सिमलकोट, मटैया, बलुवापुर, अहिलपट्टी |
| ८ | शान्तिपुर, राजघाट, मझगाँई, विचुवा, रतासिगौढी, रैकवार, विचुवागौढी, पाँचधाकी |
| ९ | राजघाट, चप्परतल, साना गाउँ, जोराल कटान, पचढक्की, पिपरिया, घलघले, घोडाघाट |

नगरपालिकाका सबै वडामा स-साना बजारकेन्द्रहरू रहेका छन्। यी बजारहमा घरायसी प्रयोजनका लागि दैनिक आवस्यक सामाग्री किन्न सकिन्छ। तर यहाँका बासिन्दाका मुख्य बजारहरू धनगढी, बत्तरिया, गुलरिया, बङ्क र वाणी हुन् जहाँ कृषकले सामान खरिद गर्नसक्ने मात्र हैन आफ्ना उत्पादन विक्री पनि गर्न सक्दछन्।

## ४.७. प्राकृतिक स्रोतको अवस्था

### ४.७.१. वन

कृष्णपुर नगरपालिका सबैभन्दा होचो वडा ९ को जोरल कटान (समुन्द्र सतहदेखि १७३ मिटर) देखि सबैभन्दा अग्लो वडा १ को खानिखोला गाउँ (समुन्द्र सतहदेखि १,३१७ मिटर) मा फैलिएको छ। वडा १ को दक्षिणी मोहोडामा रही

डिडेलधुरासँग सिमाना जोडिएको केही भागबाहेक यहाँको सबै जमिन समथर छ । अतः वडागत रूपमा यहाँको हावापानीमा खासै फरक छैन । समुन्द्र सतहदेखिको उचाइको आधारमा यहाँको अधिकांश भागको जलवायुलाई उष्ण जलवायु मान्न सकिन्छ भने वडा १ को चुरेको भागलाई उपोष्ण जलवायु मान्न सकिन्छ ।

यस्तो हावापानी, भौगोलिकता एवम् मोहोडा भएको यस नगरपालिकामा विभिन्न प्रकारका वनस्पति पाइन्छन् । यस नगरपालिकामा मुख्य गरी साल, सतिसाल, दालचिनी, खयर, सिसौ/सिसम, साज, सिमल, बिजयसाल, गुटिल, जामुन, पिपल, बर, हर्रो, अमला, बर्रो, बाँस, सगुन, टिक, कुसुम, सल्ला प्रजाती, जामुन, चिले, हल्दु/कर्मा, रुइना, बकाइनो, अस्ना, मेलौरा, मसला/लिप्टिस, निभारो, कदम, मौवा, बेल, धयरो, बोट धयरो, सिन्दुरे, असारे, बडहर आदि रुख प्रजाति पाइन्छन् । सन् २०२२ मा भौगोलिक सूचना प्रणालीमा आधारित भई लिइएको तथ्याङ्क अनुसार यस नगरपालिकाको जम्मा क्षेत्रफलको ५९.८९% भाग वन तथा झाडी बुट्यानले ढाकेको छ । तालिका १७ मा देखाइए अनुरूप नौवटा वडाहरूमध्ये प्रतिशतका आधारमा वडा १ मा सबैभन्दा धेरै (५६.५३ वर्ग किलोमिटर; ७८.३८%) र वडा ६ मा सबैभन्दा कम (१.१७ वर्ग किलोमिटर; १२.४३%) वन रहेको छ ।

*तालिका १७: वनको वडागत अवस्था*

| वडा | क्षेत्रफल (वर्ग किलोमिटर) | | वनको % |
|---|---|---|---|
| | जम्मा क्षेत्रफल | वन | |
| १ | ७२.१२ | ५६.५३ | ७८.३८ |
| २ | १७.७५ | ५.४९ | ३०.९३ |
| ३ | ५.८ | १.८० | ३१.०३ |
| ४ | ५७.४३ | ३५.३३ | ६१.५२ |
| ५ | ९.३८ | १.१७ | १२.४७ |
| ६ | ९.४१ | १.१७ | १२.४३ |
| ७ | २१.९ | १२.६६ | ५७.८१ |
| ८ | २८.०८ | १८.५७ | ६६.१३ |
| ९ | ३०.८८ | १८.६५ | ६०.४० |
| **जम्मा (हे.)** | **२५२.७५** | **१५१.३६** | **५९.८९** |

वन तथा भू-संरक्षण विभागको पछिल्लो तथ्याङ्क अनुसार यस नगरपालिकामा १४,४६९ घरधुरीले जम्मा ५,९९४.७९ हेक्टर राष्ट्रिय वन सामुदायिक वनको रूपमा संरक्षण, व्यवस्थापन र सदुपयोग गरिरहेका छन् । यस नगरपालिकाका सबै वडामा सामुदायिक वन रहेका छन् । नगरपालिकामा रहेका यी ४४ ओटा सामुदायिक वनले कृषकहरूलाई आवश्यक पर्ने वन पैदावारको आपूर्तीमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् । यस नगरपालिकाका सामुदायिक वनहरूको वडागत विवरण तालिका १८ मा दिइएको छ भने विस्तृत विवरण अनुसूची ३ मा संलग्न गरिएको छ ।

*तालिका १८: वडागत रूपमा सामुदायिक वनहरूको संक्षिप्त विवरण*

| वडा | सामुदायिक वनको सङ्ख्या | जम्मा क्षेत्रफल (हे) | जम्मा आवद्ध घरधुरी |
|---|---|---|---|
| १ | ६ | १२०१.६६ | १५९२ |
| २ | ७ | ९९७.०३ | २५२९ |
| ३ | १ | १७६.७५ | १४४ |
| ४ | ६ | १५७०.३३ | ३७२३ |
| ५ | २ | २०७.७२ | ७८१ |
| ६ | ६ | ६६९.२२ | १९४८ |
| ७ | ४ | २४६.०१ | १३७१ |
| ८ | ४ | १८६.९५ | ४८० |
| ९ | ८ | ७३९.१२ | १९०१ |
| **जम्मा** | ४४ | **५९९४.७९** | **१४४६९** |

यहाँका सामुदायिक वनहरू उत्पादनमुखी कम र संरक्षणमुखी बढी देखिन्छन् । नाङ्गा तथा हैसियत विग्रिएका स्थानहरूलाई वनको रूपमा विकास गरी हरियाली बनाउने कार्यमा यी सामुदायिक वनहरूको संरक्षणमुखी अवधारणा फलदायी नै रह्यो । तर अब यी सामुदायिक वन उपभोक्ता समूहहरूलाई दिगो उत्पादनमुखी बनाई सामुदायिक वनमा रहेका काष्ठ तथा जडिबुटी लगायत अन्य गैरकाष्ठ वन पैदावारहरूको सही र दिगो उपयोग तथा बजारीकरणको माध्यमबाट केष्णपुर नगरपालिकाको स्थानीय अर्थतन्त्रमा सकारात्मक टेवा पुऱ्याउने समय भइसकेको छ । यसका लागि सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधिमा डिभिजन वन कार्यालय, नगरपालिका, नीजिक्षेत्र लगायत विभिन्न सङ्घसंस्थाले आवश्यक सहयोग गर्नुपर्ने देखिन्छ । सामुदायिक वनहरूको सुदृढीकरणका लागि डिभिजन वन कार्यलयमा विद्यमान जनशक्तिले मात्र सम्भव नहुने भएकाले यस कार्यका लागि वनसँग आवद्ध विभिन्न गैह्र सरकारी सङ्घसंस्थाहरूको सहयोग समेत लिनु पर्ने देखिन्छ ।

तालिका १९ मा देखाइएझैं वडा ५ मा सामुदायिक वनका अलवा दुईवटा धार्मिक वन रहेका छन् ।

***तालिका १९: धार्मिक वनहरूको विवरण***

| क्र.सं. | धार्मिक वनको नाम | क्षेत्रफल (हे) | ठेगाना |
|---|---|---|---|
| १ | कृष्ण प्रणामी | ३.९ | कृष्णपुर वडा नं. ५ |
| २ | वनदेवी | ५ | कृष्णपुर वडा नं. ५ |

*स्रोत: कृष्णपुर नगरपालिकाको पार्श्वचित्र, २०७७*

### ४.७.२. वन्यजन्तु

यस नगरपालिकामा विभिन्न प्रजातिका स्तनधारी वन्यजन्तुहरू पाइन्छन् । तिनीहरूमा बाँदर, ढेडुबाँदर, दुम्सी, बँदेल, निलगाई, जरायो, चित्तल, हरिण, वन ढाडे, पाटे बाघ, हात्ती, खरायो, चितुवा, स्याल, फ्याउरो, निल घोडा, न्याउरी मुसा, चमेरो र शाही मुख्य हुन् । वन कुखुरा, काठफोरुवा, माछा खउवा, कोइली, सुँगा, लाटोकोसेरो/उल्लु, परेवा, ढुकुर, चील, उच्चील, भँगेरा, काग, मयुर, मैना, गिद्ध/बाझ, सराऊ/सारस, सिनत्यौला, लुइचे, चिबे, बकुल्ला, पानीहाँस, मलेवा, गौथली र जुरेली यहाँका मुख्य चराचुरुङ्गी हुन् । यहाँ चरङ्गा, सिद्रा, बाम, राजबाम, बंगा, फगेटा, सहर, सिंघी, तेन्जर र रहुजस्ता माछा प्रजाती र छेपारो, सर्प, सालक आदि सरीसृप पाइन्छन् ।

पछिल्लो समय यहाँका किसानहरूले आफ्नो खेतबारी बाँझो राखेका कारण तहाँ वन हुन गएको छ । जसका कारण पछिल्ला दिनहरूमा वन्यजन्तुहरू वस्ती तथा खेतीपातीमा प्रवेश गर्ने क्रम बढेको छ । यस नगरपालिकाका किसानहरूका लागि यसरी वन्यजन्तु वस्ती तथा खेतीपातिमा आउनु एक प्रमुख समस्याको रूपमा रहेको छ ।

### ४.७.३. जडिबुटी

यहाँ पाइने विभिन्न जडिबुटी तथा अन्य गैह्रकाष्ठ वन पैदावारहरूमा बाँस, निगालो, तेजपात/दालचिनी, अमला, कुरिलो, हर्रो, बर्रो, तिन्दु, पिप्ली, बोझो, रिट्ठा, पिप्रि, गुर्जो, घोडताप्रे, भ्याकुर, गिट्ठा, मौवा, बेत, अम्रिसो, बकाइनो, सालको पात आदि मुख्य हुन् । नगरपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको संयुक्त पहलमा गैह्रकाष्ठ वन पैदावारको खेती गरी तिनीहरूको बजारीकरणमा उपभोक्ताहरूलाई सहयोग गर्नुपर्ने देखिन्छ ।

पछिल्लो समय कृषि जमिन बाँझो रहने क्रम बढ्दो छ । कृषकहरूलाई सकभर जमिन बाँझो नराख्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ भने केहीकसै गरी जमिन बाँझो रहने नै भएमा त्यस्ता स्थानमा जडिबुटी लगायत अन्य गैरकाष्ठ वन पैदावार खेती वा बहुउपयोगी वन बिरुवा रोपी निजी वन दर्ता गर्न सम्बन्धित किसानहरूलाई प्रोत्साहन र सहयोग गर्नु आवश्यक छ ।

#### ४.७.४. नदी/खोला तथा पानी मुहान

यस नगरपालिकामा मोहना, मछेली, बनारा/बण्ड, बलुवा, कुङ्गढा, धारापानी, बछेला, खारखोला, ओदालगाड, चिउरीगाड, जहरे, चुनरा, जरै, तुलतुले, खरसाह, गोदावरी, मनहरा, नेउरा र घलघलेजस्ता विभिन्न नदी तथा खोलाहरू रहेका छन् । यिनीहरूमध्ये अधिकांश चुरेबाट उत्पती भई बग्दछन् । हिउँदमा पानी नै नहुने वा अति कम हुने यी खोला एवम् नदीहरूमा वर्षायाममा पानी पर्दा धेरै ठुला बाढी आई नदीकटान एवम् डुवानजस्ता विपद्ले गर्दा जनधनको क्षती हुन्छ ।

यस नगरपालीकामा पानीका प्राकृतिक मुहानहरू जमिनको सतहमा खासै देखिदैनन् । वडा १, वडा २ वडा ४ र वडा ७ बाहेक अन्यत्र यस्ता मुहानहरू छैनन् । वडा १ मा धारापानी खोला मुहान, बछेला खोला मुहान, खार खोला मुहान, ओदलगाड मुहान, बण्डखोला मुहान, चिसापानी खोला मुहान, कुमागाड खोला मुहान, हात्तीपासा खोला मुहान, जलके खोला मुहान र गुनेपानी मुहान गरी जम्मा १० ओटा पानी मुहान रहेका छन् । वडा २ मा सिस्ने मुहान एक मात्र पानी मुहान हो भने वडा ४ मा गौडी मुहान, ढायाँ मुहान, बालुवा नदी मुहान, मछेली नदी मुहान, सिस्ने मुहान र भन्का मुहान गरी जम्मा छवटा मुहान रहेका छन् । त्यसैगरी वडा ७ मा जाहाना नाला मुहान रहेको छ ।

यहाँका वासिन्दाका लागि पानीका मुहान अपरिहार्य रहेको छ । यिनीहरू खानेपानी, सिँचाइ तथा पशुपालनका लागि मात्र नभएर वनमा आगलागी नियन्त्रणका लागि समेत महत्वपूर्ण छन् । गाउँपालिकामा बढ्दो क्रममा रहेको तापक्रम र घट्दो क्रममा रहेको वर्षात्ले आगामी दिनमा पानीका मुहानहरू सुक्ने क्रम झनै बढ्ने देखिन्छ । यसैले हाल कायम रहेका मुहानहरूको संरक्षणमा नगरपालिका, वन समूहहरू, सरकारी निकाय तथा अन्य गैर सरकारी निकाय सबैले सामूहिक र एकीकृत पहल गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ । यसरी एकीकृत र सामूहिक प्रयास गर्ने क्रममा सुकेका मुहानहरूको पुनरुत्थान गर्ने सम्भावना देखिएमा सोको लागि समेत कार्य गर्नुपर्ने देखिन्छ ।

#### ४.७.५. पोखरी

केही वर्ष पहिलासम्म यस नगरपालिकामा केही यस्ता पोखरीहरू थिए जहाँ बाह्रै महिना पानी हुन्थ्यो । तर विगत केही वर्षदेखि ती पोखरीहरूमा वर्षात्का केही महिना बाहेक पानी हुँदैन । ती पोखरीमा पानी आउने स्रोत (मुहान) नै सुक्नु तथा पोखरीको पिँधमा लामो समयसम्म माटो, गेग्रान वा बालुवा जम्मा हुँदै गएर भरिनु नै यी पोखरी सुक्नुका मुख्य कारण हुन् । हाल यस नगरपालिकामा रहेका पोखरीहरूको विवरण तालिका २० बमोजिम रहेका छ ।

*तालिका २०: ताल तथा पोखरीहरूको विवरण*

| क्र.सं. | ताल तथा पोखरी | अवस्थिती |
|---|---|---|
| १ | निङलाडी ताल | वडा १ |
| २ | गडबिजुला ताल | वडा २ |
| ३ | शिव मन्दिरको पोखरी | वडा ५ |
| ४ | सिंहपुर पोखरी | वडा ६ |
| ५ | कलुवापुर पूर्ख्यौली ताल | वडा ७ |
| ६ | नेउरा ताल | वडा ८ |
| ७ | जम्नैया ताल | वडा ८ |
| ८ | टुप्पा ताल | वडा ९ |
| ९ | बाझखल्ला ताल | वडा ९ |

कृषि प्रधान यस नगरपालिकाको समग्र विकासका लागि यी पोखरीहरूलाई पहिलेकै अवस्थामा ल्याउनु एक अनिवार्य

कार्य हो । त्यसैले नगरपालिकाले योजना बनाई विभिन्न सरकारी तथा गैह्र सरकारी निकायसँगको साझेदारीमा पुरानो पोखरीहरूको पुनरुत्थान तथा नयाँ पोखरी निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राख्नु आवश्यक छ। भौगोलिक तथा भौगर्भिक अवस्थाका आधारमा यी पोखरीहरूलाई 'प्लास्टिक पोखरी' को रूपमा पनि निर्माण गर्न सकिन्छ तर प्राथमिकता भने स्थानीय ढुङ्गा माटोमा दिनु नै राम्रो हुन्छ ।

यसरी पुनरुत्थान गरिएका वा नयाँ निर्माण गरिएका पोखरीलाई जलभरण वा पुनर्भरणको लागि मात्र नलिई पर्यापर्यटनको गन्तव्यको रूपमा विकास र माछा पालनमा समेत प्रयोग गरी बहुउपयोगमा ल्याएर कृष्णपुरको अर्थतन्त्रमा सहयोग पुऱ्याउन सकिन्छ ।

**४.७.६. मिचाहा झारहरू**

कृषिभूमि, वन तथा वस्तीमा कुनै पनि प्रकारको मेहनत तथा प्रयास नगरी आफैँ उम्रने र अति छिटो समयमा व्यापक रूपमा फैलने प्रजातिहरू नै मिचाहा प्रजाति हुन् । यी प्रजातिहरूलाई सामान्य प्रयासमा हटाउन तथा निर्मूल गर्न सकिदैन । यस्ता प्रजातिहरू कृषि प्रणालीका लागि मात्र हैन वन, वन्यजन्तु तथा वस्तीका लागि समेत खतरा र जोखिम हुन् ।

यस नगरपालिकामा पछिल्लो समय बेसरम, जलजम्भु, कुम्भिका, कालो वनमारा, निलोगन्धे, गन्धे, पकर्ने काँडा, भेडे कुरो, चरि अमिलो तथा सेतो वनमाराजस्ता विभिन्न प्रकारका मिचाहा प्रजातिहरू देखा परी फैलिरहेका छन् । यिनीहरूले खेतीयोग्य बाली तथा रुखविरुवासँग खाद्यान्न तथा पानीको लागि प्रतिस्पर्धा गर्ने हुनाले कृषि उत्पादन तथा वनको पुनरुत्पादन क्रमश घटेको छ ।

## ४.८. भौतिक विकास

पूर्व पश्चिम राजमार्ग यो नगरपालिकाको लगभग मध्यभाग हुँदै जान्छ । यस नगरपालिकाका सबै बस्तीमा मोटरबाटो पुगेको छ। नगरपालिकामा जम्मा ६३१.९ किलोमिटर सडक रहेको छ। सडकको वडागत वितरण नक्सा ५ मा दिइएको छ भने लम्बाइ र घनत्व तालिका २१ मा दिइएको छ।




| S.N. | Road Network | Length (Km) |
|---|---|---|
| 1 | Krishnapur Municipality | 631.897 |
| 2 | Ward 1 | 104.954 |
| 3 | Ward 2 | 47.078 |
| 4 | Ward 3 | 25.247 |
| 5 | Ward 4 | 107.978 |
| 6 | Ward 5 | 50.621 |
| 7 | Ward 6 | 44.583 |
| 8 | Ward 7 | 75.728 |
| 9 | Ward 8 | 85.633 |
| 10 | Ward 9 | 90.075 |

*नक्सा ५: सडकको वडागत वितरण*

कृष्णपुर नगरपालिकामा कान्तिपुर एफ.एम., रेडियो नेपाल, शुक्लाफाँटा एफ.एम. लगायत अन्य विभिन्न स्टेसनहरू लिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ। नगरपालिकाका सबै वडा तथा बस्तीमा नेपाल टेलिकम र एनसेलको मोवाइल नेटवर्क राम्रो रहेको छ । विभिन्न इन्टरनेट सेवा प्रदायक कम्पनीहरूले नगरपालिका क्षेत्रमा निजि बासस्थान तथा सार्वजनिक/सामुदायिक निकायका कार्यालयमा इन्टरनेट सेवा पुऱ्याइरहेका छन् । यहाँका सबै वडामा

टिभि सेवा उपलब्ध छ। कृष्णपुर नगरपालिकामा दैनिक, साप्ताहिक र मासिक गरी १५ ओटा पत्रपत्रिकाहरू प्रकाशन हुन्छन् । यसका अतिरिक्त काठमाडौँबाट प्रकाशन हुने सबैजसो दैनिक, साप्ताहिक, र मासिक पत्रिकाहरू समेत नगरपालिकाका विभिन्न वडारूमा पाइन्छन् ।

*तालिका २१: सडकको वडागत अवस्था*

| विवरण | वडा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
| सडकको लम्बाइ (किमि) | १०४.९५ | ४७.०८ | २५.२५ | १०७.९८ | ५०.६२ | ४४.५८ | ७५.७३ | ८५.६३ | ९०.०८ | ६३१.९० |
| क्षेत्रफल (वर्ग किमि) | ७२.१२ | १७.७५ | ५.८० | ५७.४३ | ९.३८ | ९.४१ | २१.९० | २८.०८ | ३०.८८ | २५२.७५ |
| सडक घनत्व (किमि प्रति वर्ग किमि) | १.४६ | २.६५ | ४.३५ | १.८८ | ५.४० | ४.७४ | ३.४६ | ३.०५ | २.९२ | २.५० |

यस नगरपालिकामा बालबालिकाका लागि नियमित रूपमा खोप कार्यक्रम सञ्चालन भइरहेको छ। नगरपालिकाका विभिन्न वडाहरूमा स्वास्थ्य चौकि, वर्थिङ सेन्टर, निजी अस्पताल तथा क्लिनिकहरू रहेका छन् । नगरपालिकामा रहेका स्वास्थ्य सेवासँग सम्बन्धि सङ्ख्यात्मक विवरण तालिका २२ बमोजिम रहेको छ।

*तालिका २२: स्वास्थ्य संस्थाहरूको विवरण*

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | स्वास्थ्य चौकी | २ |
| २ | सामुदायिक स्वास्थ्य इकाइ | २ |
| ३ | सहरी स्वास्थ्य केन्द्र | २ |
| ४ | निजी अस्पताल | ३ |
| ५ | क्लिनिक | १८ |
| ६ | वर्थिङ सेन्टर | ५ |
| ७ | महिला स्वास्थ्य स्वयम् सेविका | १०३ |

*स्रोत: कृष्णपुर नगरपालिकाको पार्श्वचित्र, २०७७*

हाल खाना पकाउनको लागि अधिकांश घरधुरीहरू दाउराकै प्रयोग गर्दछन् भने बजारकेन्द्रका बासिन्दाहरू ग्याँसको प्रयोग गर्दछन् । यस गाउँपालिकाको सबै वडाहरूका प्राय सबै घरमा बिजली पुगेको छ। अत: यहाँका घरहरूमा बिजुली बत्तीको नै प्रयोग हुन्छ ।

यस गाउँपालिकामा विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन् (तालिका २३) । यी स्थलहरूको संरक्षण, सम्बर्धन तथा प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटन बढाउन सकिन्छ ।

*तालिका २३: धार्मिक तथा पर्यटकीय स्थलहरू*

| वडा | धार्मिक स्थल | पर्यटकीय स्थल |
|---|---|---|
| १ | राधाकृष्ण मन्दिर, निगाली मन्दिर, राधाकृष्ण मन्दिर, चर्च कुञ्चागल्ली, सिगास मन्दिर, भुइयाँ | कुङ्गढा नदी |
| २ | मन्दिरहरू (१०), भुइयाँ (११), चर्च (९) | गडबिजुला ताल, बिजयसाल होमस्टे, विजयसाल ताल र गडबिजुला इको पार्क |
| ३ | बैजनाथ मन्दिर, सिद्धनाथ मन्दिर, भुइयाँ (५), चर्च (४) | |
| ४ | ग्वासी समैजी मन्दिर, कालिका मन्दिर, समैजी मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर, राम जानकी मन्दिर, ग्वासी मन्दिर, भुवा मन्दिर, अनन्त मण्डली चर्च, किंचाई मण्डली चर्च, शान्ती मण्डली चर्च, गेट सम्बन्धी चर्च, प्रतिज्ञा चर्च र भुइयाँ (९) | ग्वासी समैजी, भम्का मछेलीपारि, मालुबेला र ढायाँखल्ला |
| ५ | कृष्ण प्रणामी धाम, शिव मन्दिर, कालिका मन्दिर (२), वनदेवी मन्दिर, ग्वासी मन्दिर र चर्च (६) | सयपत्री सा.व. वनभोज स्थल |
| ६ | गौरा मन्दिर, कालिका मन्दिर, भुइयाँ मन्दिर र चर्च (२) | सिंहपुर सा.व. (जनावर अवलोकन) |
| ७ | रामजानकी मन्दिर (पछ्लीपट्टि), ग्वासी मन्दिर, शिव मन्दिर (मटैया), शिव मन्दिर (सिमलकोट), शिव मन्दिर (कार्किकटान), शिव मन्दिर (शान्तिपुर), राम जानकी मन्दिर (कलुवापुर), चर्च (२) र भुइयाँ (२) | मटैया (शिवरात्री) |
| ८ | शिव मन्दिर, जानकी मन्दिर, सरस्वती मन्दिर, देउथान, राधास्वामी चर्च, महिमा चर्च, नमुना चर्च, बिचुवा चर्च र भुइयाँ (५) | नेउरा ताल, जम्नैया ताल र मझगाउँ झोलुङ्गे पुल |
| ९ | कालिका भैरव मन्दिर (जोरायल), कालिका भैरव मन्दिर (राजघाट), शिवदुर्गा मन्दिर (राजघाट) (३), शिवदुर्गा मन्दिर (पिपरिया), भुइयाँ (५), वनदेवी मन्दिर र चर्च | टुप्पा ताल र बाझखल्ला ताल |

# परिच्छेद ५:जलवायु परिवर्तन तथा प्रकोप/विपद्को अवस्था

## ५.१. जलवायुको अवस्था

कञ्चनपुर जिल्ला जलवायुजन्य प्रकोप तथा विपद्का दृष्टिकोणले उच्च जोखिम मध्येका जिल्लाहरू अन्तर्गत पर्दछ । स्थलगत अवलोकन तथा भौगोलिक सूचना प्रणालीबाट लिइएका नक्शाहरूको विश्लेषणले यहाँ जलवायुको प्रत्यक्ष असरहरू देखिएको विवरणलाई पुष्टि गर्दछ । स्थानीयस्तरमा आयोजना गरिएका छलफलका सहभागीहरूले पनि यहाँ जलवायु परिवर्तनको प्रत्यक्ष असर परेका अनुभवहरू आदान-प्रदान गरेका थिए । यस नगरपालिकामा पनि जलवायु परिवर्तन प्रत्यक्ष रूपमा महसुस भएको तथा यसबाट कृषि लगायत विभिन्न क्षेत्रहरूमा परेको प्रभावहरूको अनुभव सहितका उदाहरणहरू नगरपालिका एवम् वडास्तरका छलफलका सहभागीहरूले प्रस्तुत गरेका थिए । उदाहरणका लागि खेतमा सिँचाइ गर्ने तथा खानेपानीका स्रोतसमेत रहेका खोला तथा कुलामा पछिल्ला वर्षहरूमा पानीको मात्रा घटेको वा सुकेकोले समयमा खेती गर्न कठिन भएको, पहिलाभन्दा ठूलो बाढी जाने गरेको तथा कृषि तथा बाली रोगको अवस्था पनि बढेको छ । स्थानीय स्तरमा भएका छलफल, सहभागितामूलक रूपमा तयार गरिएका मौसमी तथा बालीपात्रो तथा समयरेखाले समेत जलवायुजन्य प्रकोप/विपद्हरू उल्लेख्य रूपमा वृद्धि भएको देखाएको छ ।

यहाँको मात्र मौसमको तथ्याङ्क लिने केन्द्र नभएकोले यस नगरपालिकाबाट सबैभन्दा नजिकमा रहेका धनगढी विमानस्थल र गोदावरी केन्द्रको विक्रम संवत् २०३७ देखि २०७९ सम्मको तापक्रम तथा वर्षाको औसत लिई तथ्याङ्क विश्लेषण गरिएको छ । यस नगरपालिकाको पछिल्लो ४२ वर्षको तापक्रम तथा वर्षाको औसत मासिक अवस्था चित्र २ मा देखाइएको छ ।




*चित्र २: विगत ४२ वर्षको वर्षा तथा तापक्रमको अवस्था*

यहाँ आषाढ, श्रावण र भाद्रमा अधिक (औसत ४५७.७१ मिलिमिटर), जेष्ठ र आश्विनमा मध्यम (औसत ६७.२३ मिलिमिटर) र बाँकी महिनामा कम (औसत २०.६६ मिलिमिटर) पानी पर्ने गरेको देखिन्छ । आषाढबाट आश्विनसम्म पर्ने पानीको मात्रा जम्मा वर्ष भरी पर्ने पानीको मात्राको लगभग ८८% रहेको छ । जसले गर्दा यस समयमा बाढी,

नदीकटान र डुबानजस्ता जलवायुजन्य प्रकोप/विपद्हरूको जोखिम बढिरहेको छ। यसैगरी वर्षभरीकै उच्च तापक्रम ज्येष्ठ र असार महिनामा हुने देखिएको छ। यहाँ तापक्रमको न्यूनतम विन्दु (औसत १४.५७ डिग्री सेल्सियस) पुष तथा माघ महिनामा पुग्ने गरेको देखिन्छ।

विगत ४२ वर्षको तथ्याङ्कलाई हेर्दा यस नगरपालिकामा वार्षिक औसत २०८९.२९ मिलिमिटर वर्षा हुने गरेको छ। विगत ४२ वर्षमा अधिकतम र न्यूनतम वर्षा २०४७ सालमा २९७९.४ र न्यूनतम २०४४ सालमा ११६६.६ मिलिमिटर मापन गरिएको थियो। यसैगरी चित्र ३ मा देखाइएझैँ यस अवधिमा वर्षा हुनेक्रम थोरै मात्राले भएपनि बढिरहेको देखिन्छ।




*चित्र ३: विगत ४२ वर्षको वर्षाको वार्षिक प्रवृत्ति*

त्यसैगरी यस नगरपालिकामा विगत ४२ वर्षको औसत तापक्रम २४.६३° सेल्सियस (औसत अधिकतम तापक्रम ३०.५७ डिग्री सेल्सियस र औसत न्यूनतम तापक्रम १८.६९ डिग्री सेल्सियस) रहेको छ। यस अवधिमा यहाँ २०३७ र २०७६ सालमा सबैभन्दा धेरै अधिकतम तापक्रम (क्रमशः ३२.१६ र ३१.३१ डिग्री सेल्सियस) र २०६६ सालमा सबैभन्दा थोरै न्यूनतम तापक्रम (१६.६६ डिग्री सेल्सियस) रहेको पाइएको छ। समग्रमा हेर्दा चित्र ४ मा देखाइएझैँ यस नगरपालिकामा औसत वार्षिक अधिकतम र न्यूनतम तापक्रम नगण्य रूपमा बढिरहेको देखिन्छ।




*चित्र ४: विगत ४२ वर्षको अधिकतम तथा न्यूनतम तापक्रमको वार्षिक प्रवृत्ति*

नगरपालिका तथा वडास्तरमा भएका सचेतना अभिवृद्धि तथा योजना तर्जुमा कार्यक्रमहरूका सहभागीहरूले पनि तापक्रम बढेको कुरा ऐतिहासिक समयरेखा मार्फत व्यक्त गरेकाले वैज्ञानिक तथा सहभागितामूलक दुवै विधिबाट विश्लेषण गर्दा क्रमशः जलवायु परिवर्तन भइरहेको देखिएको छ र यस्ता परिवर्तनसँगै विपद् र प्रकोपको समस्याहरू पनि बढ्दो महसुस गरिएको छ ।

## ५.२. परिवर्तित मौसमी पात्रो

स्थानीय तहको मौसम र मौसमी अवस्था, जलवायु परिवर्तनका कारणले बाली तथा प्रकोपमा आएको परिवर्तन औँल्याउनका निमित्त परिवर्तित मौसमी पात्रोको प्रयोग गरिएको छ। यस विधिमा समुदायका ज्येष्ठ नागरिक, स्थानीय जन प्रतिनिधीहरू, युवा तथा बुद्धिजीवीहरूसँगको छलफलबाट प्राप्त जलवायु सम्बन्धी जानकारी विवरणका आधारमा तापक्रम, वर्षाको स्वरूप, बिरुवाको व्यवहार, प्रकोपको स्वरूप आदिमा आधारित यो पात्रो तयार गरिएको छ । समुदायको विगत करिब ३० वर्ष पहिले र हालको अवस्थाबारे तुलनात्मक अध्ययनका आधारमा प्रकोप, तापक्रम, बाली आदिका समयमा परिवर्तन आएको वा नआएको प्रस्ट रूपमा देखिएको छ । कृष्णपुर नगरपालिकामा तयार पारिएको परिवर्तित प्रकोप तथा मौसमी पात्रो तालिका २४ मा उल्लेख गरिएको छ । समग्रमा नगरपालिकामा गर्मी तथा जाडोका दिनहरू पहिलाको भन्दा अहिले छिटो सुरु हुन थालेको महसुस भएको छ भने पहिलाको भन्दा मौसमी वर्षा धेरै ढिलो हुन थालेको र पानी कम पर्न थालेको छ ।

*तालिका २४: परिवर्तित मौसमी पात्रो*

| क्षेत्रहरू | सूचकहरू | समय | वैशाख | ज्येष्ठ | आषाढ | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तापक्रम | गर्मीका दिन | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | जाडोका दिन | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| वर्षा तथा यसको स्वरुप | मौसमी वर्षा | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| प्रकोपको स्वरुप | शीतलहर | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | खडेरी | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | बाढीपहिरो, नदीकटान, | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | असिनापानी तथा चट्याङ | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| जीविकोपार्जनका क्रियाकलापहरू | गहुँ (छर्ने) | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | मकै (छर्ने) | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |

## ५.३. कृषिबाली पात्रो

स्थानीय तहमा जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेको असर यकिन गर्न यो विधि प्रयोग गरिएको छ । यस विधिको प्रयोगमा योजना तर्जुमा गोष्ठीमा उपस्थित जनप्रतिनिधिहरू, समुदायका ज्येष्ठ नागरिक, कृषकहरू, युवा तथा बुद्धिजीवीहरूको भूमिका उल्लेख्य रहेको थियो । यसका साथसाथै स्थानीय किसानहरूलाई जलवायु परिवर्तनसँग अनुकूलन हुने गरी कृषि प्रणालीमा गरिएका फरकपनको बारेमा समेत जानकारी गराइएको थियो । यस नगरपालिकाका वडाहरूका विभिन्न स्थानहरूमा गरिएको छलफल अनुसार हालको कृषिबाली पात्रो तालिका २५ बमोजिम रहेको छ ।

*तालिका २५: कृषिबाली पात्रो*




## ५.४. विपद् तथा प्रकोपहरूको पहिचान तथा स्तरीकरण

नगरपालिकामा भएको अन्तरक्रियाका सहभागीहरूले यस नगरपालिकामा विभिन्न तेह्रवटा जलवायुजन्य प्रकोप/विपद्हरू पहिचान गरी तिनीहरूको असरका आधारमा गरेको मान निर्धारण तालिका २६ मा दिइएको छ । सबैभन्दा कम असर गर्ने प्रकोप/विपद्का लागि मान १ र सबैभन्दा बढी असर गर्ने प्रकोप/विपद्का लागि मान १० प्रदान गर्दा यहाँ बाढी, नदीकटान र डुबान सबैभन्दा ठूलो प्रकोप/विपद् (सबै वडाको जम्मा मान ६६) रहेको छ । दोस्रो र तेस्रो प्रकोप/विपद्मा क्रमशः शीतलहर (६३) र पशुरोग (५५) रहेका छन् । चौथोस्तरको प्रकोप बालीरोग (५४) रहेको छ भने त्यसपछि महामारी (४७), आगलागी र मिचाहाझार (समान ४४), चटचाङ (३६), खडेरी (३१), हावाहुरी (२९), असिनापानी र भू-क्षय (समान २२), र पहिरो (४) रहेका छन् । सबै प्रकोप/विपद्हरूको जम्मा असरको अधारमा वडा ४ सबैभन्दा बढी जोखिम (जम्मा मान ६७) मा रहेको छ भने वडा ३ सबैभन्दा कम जोखिम (जम्मा मान ४८) मा रहेको छ ।

*तालिका २६: प्रकोप तथा विपद्रूको स्तरीकरण*

| प्रकोप तथा विपद्हरू | प्रकोप/विपद्को वडागत मान | | | | | | | | | जम्मा | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ | | |
| पहिरो | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | तेह्रौं |
| बालीरोग | ५ | ५ | ५ | ६ | ५ | ७ | ७ | ७ | ७ | ५४ | चौथो |
| पशुरोग | ६ | ६ | ६ | ६ | ५ | ८ | ७ | ५ | ६ | ५५ | तेस्रो |
| बाढी, नदीकटान र डुबान | ८ | ७ | १० | ९ | ५ | ३ | ७ | ९ | ८ | ६६ | पहिलो |
| खडेरी | ४ | ४ | २ | ४ | ४ | ३ | ३ | ३ | ४ | ३१ | नवौ |
| असिनापानी | ३ | ३ | १ | ३ | ३ | २ | २ | २ | ३ | २२ | एघारौं |

| प्रकोप तथा विपद्हरू | प्रकोप/विपद्को वडागत मान | | | | | | | | | जम्मा | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ | | |
| भू-क्षय | ३ | ३ | १ | ३ | ३ | २ | २ | २ | ३ | २२ | एघारौं |
| आगलागी | ६ | ७ | १ | ६ | ५ | ३ | ५ | ७ | ४ | ४४ | छैटौं |
| मिचाहाझार | ४ | ५ | ६ | ६ | ४ | ४ | ५ | ६ | ४ | ४४ | छैटौं |
| हावाहुरी | ३ | ६ | ३ | ५ | ३ | ३ | ३ | ३ | ० | २९ | दशौं |
| चटयाङ | २ | २ | २ | ५ | ५ | ६ | ७ | ३ | ४ | ३६ | आठौं |
| महामारी | ४ | ५ | ५ | ६ | ४ | ६ | ७ | ५ | ५ | ४७ | पाँचौ |
| शीतलहर | ७ | ८ | ६ | ८ | ८ | ६ | ७ | ६ | ७ | ६३ | दोस्रो |
| **जम्मा** | **५९** | **६१** | **४८** | **६७** | **५४** | **५३** | **६२** | **५८** | **५५** | | |
| **स्तर** | **चौथो** | **तेस्रो** | **नवौ** | **पहिलो** | **सातौं** | **आठौं** | **दोस्रो** | **पाँचौ** | **छैटौं** | | |

यस कृष्णपुर नगरपालिकामा पहिचान गरिएका यी तेह्र प्रकोप/विपद् बाहेक वन्यजन्तुको आतङ्क पनि व्याप्त रहेको छ। उक्त समस्या जलवायुजन्य प्रकोप/विपद्को वर्गीकरण भित्र नअटाउने भएकाले स्तरीकरण र जोखिम विश्लेषणका लागि लिइएको छैन । यद्यपि, यस समस्याका लागि योजनामा भने केही कार्यक्रमहरू समावेश गरिएको छ। यसैगरी छलफलका क्रममा भुकम्प पनि एक विपद्को रूपमा पहिचान भएको भएता पनि यो पनि जलवायुजन्य विपद् नभएका कारण यसलाई पनि प्रकोप/विपद्को सूचीमा राएिको छैन ।

### ५.४.१. बाढी, नदीकटान र डुबान

बाढी, नदीकटान र डुबान यस नगरपालिकाको मुख्य जलवायुजन्य प्रकोप/विपद् हो । तालिका २७ तथा नक्सा ६ मा देखाइएझैं बाढीको सबैभन्दा बढी समस्या वडा ४, वडा १ र वडा ८ मा र कम समस्ण वडा ६ र वडा ५ मा रहेको छ। मोहना, बलुवानाला, बनारा, मनहरा, बण्ड, मछेली, खस्राहा, जरही, झौझा, गोदावरी, धारापानी, खारखोला, ओदालगाड, चिउरीगाड, घलघलेजस्ता नदी तथा खोलाहरूको तटीय क्षेत्रमा रहेको यस नगरपालिकामा बाढीको समस्या अधिक देखिएको छ ।

*तालिका २७: बाढी, नदीकटान तथा डुवानको जोखिमको अवस्था*

| अवस्था | बाढी, नदीकटान तथा डुवानको जोखिमको वडागत क्षेत्रफल (हेक्टर) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ | कुल जम्मा |
| उच्च | १६९० | ६२७ | ४२० | २१६१ | १५८ | ८८ | २८९ | १०८७ | ७३२ | **७२५१** |
| मध्यम | २१६१ | १००९ | १५९ | ३२१० | ७७९ | ८५१ | १६९५ | १६११ | २३५१ | **१३८२५** |
| कम | ३३९३ | १३९ | | ३५३ | | | २०५ | ११० | | **४१९९** |
| **जम्मा** | **७२४४** | **१७७५** | **५७८** | **५७२५** | **९३६** | **९३९** | **२१८९** | **२८०७** | **३०८३** | **२५२७५** |

यस्तो बाढी सामान्यतया नदी वा खोलाको दायाँबायाँ बढी हुने गरेको छ । मोहना नदी, बलुवानाला, बनारा, बण्डलगायत अन्य खोलाहरूका आसपासको भाग यस नगरपालिकामा बाढीका मुख्य क्षेत्रहरू हुन् । पूर्व पश्चिम राजमार्गमा पानीको निकास नभएका कारणले पनि यस नगरपालिकाका विभिन्न स्थानमा डुबानको समस्या बढी हुने गरेको छ। यस नगरपालिकाको बाढीको जोखिमको अवस्था नक्सा ६ मा देखाइएको छ।

### ५.४.२. शीतलहर

सूर्योदयसँगै बढेर मध्याह्नमा उच्चविन्दुमा पुग्ने तापक्रम सूर्यास्तसँगै घटेर सूर्योदय हुनुअघि न्यूनविन्दुमा झरिसकेको हुन्छ । राति सौर्यकिरण नहुने हुँदा पृथ्वीमा तापक्रम क्रमशः घट्दै न्यूनतिर झर्छ । सापेक्षिक आद्रता कम भएका बेला जलवाष्प जलकणमा परिणत हुन्छ। त्यो जलकणलाई कुहिरो भनिन्छ। कुहिरो लागेको बेला पृथ्वीको सतह र

नजीकको वायुमण्डल चिसो र त्यसभन्दा माथिल्लो भागको वायुमण्डल न्यानो हुन्छ । दिन छिप्पिंदै जाँदा पृथ्वीको सतहको तापक्रम पनि बढ्दै जान्छ र वायुमण्डलको जलकण फेरि जलवाष्पमा परिणत हुन्छ । अर्थात् कुहिरो हट्छ । तर कुहिरोको तह बाक्लो भएर आवश्यक मात्रामा सौर्य किरण पृथ्वीको सतहसम्म आउन सकेन भने कुहिरो हट्दैन । त्यही अवस्थालाई शीतलहर भनिन्छ । न्यून तापक्रम, जलवाष्पको प्रचूरता, प्रशस्त धूलीकण र बादल हटाउन पुग्ने सौर्य किरण पृथ्वीको सतहसम्म नआइपुग्नु शीतलहरको प्रमुख कारण हो ।

यहाँ शीतलहर ३० वर्षभन्दा पहिला प्रकोपको रूपमा नै चाहीँ देखिएको थिएन । पहिला मंसिर तथा पुष महिनामा करिब एक महिना केही मात्रामा देखिने शीतलहर हाल आएर कार्तिकको पहिलो हप्ताबाट शुरु भई फागुनको पहिलो हप्तासम्म नै निरन्तर रहन्छ । यो समयमा पुष र माघमा यसको असर तथा प्रभाव धेरै पर्ने गरेको छ ।




***नक्सा ६: बाढी, नदीकटान तथा डुवानको जोखिमको अवस्था***

### ५.४.३. पशुरोग

पशुरोग यस नगरपालिकाको तेस्रो ठूलो जलवायुजन्य प्रकोप हो । यहाँ सबै वडामा पशुरोगको समस्या प्राय समान रहेको छ । पशुमा भ्यागुते रोग, लम्पी रोग, प्यारालाइसिस ज्वरो आउने, जुका तथा नाम्ले पर्ने, धम्की, फनफने, लङ्गडो हुने, खोरेत, आँखा सुनिने /पाक्ने, लौमुते, थुनेलो, झोक्राउने, कलेजो पाक्ने, एवम् शरिरमा विभिन्न प्रकारका दाग तथा खटिरा आउनेजस्ता रोगहरू रहेका छन् । यसका साथै पछिल्लो समय कुखुरामा विफरको समस्या देखिन थालेका छ ।

### ५.४.४. बालीरोग

बालीरोग यस नगरपालिकाको चौथो ठूलो प्रकोप हो । यसले सबै वडामा लगभग समान असर पारेको छ । यहाँ अन्नबाली तथा तरकारी तथा फलफुलमा विभिन्न प्रकारका बालीरोगहरू देखा परेका छन् । धानमा ब्लास्ट, खैरोथोप्ले, फेद कुहिने, धानको बाला कालो हुने र जरा किराले खाने; गहुँमा कालोपोके, दाना नै नलाग्ने र सिन्दुरे; मकैमा डाँठ तथा घोगा कुहिने र जरा किराले खानेजस्ता रोगहरू देखिएका छन् । तरकारीमा लेटब्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, डचम्पिङ्ग अफ, जरा कुहिने, बोट कुहिने, रातो कमिला लाग्ने, सलहको आक्रमण, सङ्खेकिराको प्रकोप, फौजी किरा, लाई, गभारो, खुम्ले किरा, पहेँले, लाट्टी, ट्वाँटी, खुम्रे, आलुमा ऐँजेरु पलाउने, खबटे किरा, ढुसी तथा झुसिलेकिराजस्ता समस्या तथा असरहरू रहेका छन् । त्यसै गरी टमाटरमा शीतको प्रभाव उच्च रहेको छ ।

त्यसैगरी फलफूलहरूमा कोत्रे, सेतो धुलेरोग, भोजकपात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने, टुप्पोबाट मर्ने र फललाई कुहाउने औँसा कीरा, पँहेलिने, ऐँजेरू, फल कुहिएर झर्ने, केरामा पात पँहेलिने र गभारा, मेवामा ढुसी लागेर मर्ने तथा रातो कमिलाजस्ता विभिन्न समस्या तथा प्रकोपहरू रहेका छन् ।

यस नगरपालिकामा पराम्परागत रूपमा खेतीपाती गरिएका धेरै प्रजातिहरू हाल लोप भइसकेका छन् भने कतिपय लोप हुने अवस्थामा पुगेका छन् । अनदी, मनसुली, अञ्जना, रायमन्मा, झिमुवा, झिम्मो, कालगुर्जी, सौठयारी, सिल्की, सर्जु, जानकी, हर्दिना, राम, पन्थफोर बहुगनी, चैते, राधा र आरा चौबिस धान, पहेँली र सेती मकै, कालो भटमास, मुडुले र धनिया गहुँ, मास, मुसुरो, रामचना, कलउ, अर्सी, लाहा, गोपी लाही, सर्सिउँ, आदि अन्नबाली दलहन तथा तेलहन कि त पूर्ण रूपमा लोप भइसकेका छन् कि त लोपोन्मुख अवस्थामा पुगेका छन् ।

हाल जलवायुका प्रतिकूल असरहरूले गर्दा उत्पादन उल्लेखनीय रूपमा घटेको छ । जलवायुजन्य प्रकोपहरूले यहाँ मौसमी तथा बेमौसमी कृषिबालीमा उल्लेख्य असर पारेको छ । यस नगरपालिकामा पछिल्लो समय रासायनिक मल तथा विषादी प्रयोग गर्ने क्रम बढेको छ ।

### ५.४.५. महामारी

कृष्णपुर नगरपालिकामा पछिल्लो समय मानिसमा विभिन्न प्रकारका नयाँ नयाँ प्रकारका रोगहरू देखा पर्न थालेका छनु । यी रोगहरू पहिलाको भन्दा फरक प्रकृतिले देखापर्न थालेका छन् । मावन स्वास्थ्य अरू कुराका अतिरिक्त पानीमा धेरै निर्भर रहन्छ । यहाँ झाडापखाला तथा हैजा, छालाका विभिन्न प्रकारका रोगहरूको क्रम बढ्दो छ । पहिलाको तुलनामा उपचार केन्द्रहरूको बढी उपलब्धताले गर्दा यहाँका मानिसहरू यी रोगहरूको उपचार गर्ने सुबिधामा रहेका छनु । यहाँ मानवरोग लाग्दा धामीझाक्रीमा भरपर्ने कुरा पहिलाको भन्दा घटेको छ ।

### ५.४.६. आगलागी

यस नगरपालिकाको छैँटौं स्तरको प्रकोप/विपद् आगलागी रहेको छ । आगलागीले यहाँको वनक्षेत्र तथा जैविक विविधतालाई वर्षेनि ठुलो क्षति गर्ने गरेको छ । विगतमा देखा परेको आगलागी तथा आगलागीका लागि सम्भावित क्षेत्रलाई आधार बनाई यस नगरापालिमा आगलागी जोखिम क्षेत्र निर्धारण गरिएको छ । तालिका २८ तथा नक्सा ७ मा देखाइएझैँ नगरपालिकामा वडा १ आगलागीको सबैभन्दा धेरै उच्च जोखिममा रहेको छ भने वडा २, वडा ३, वडा ५ र वडा ६ कम जोखिममा रहेका छन् ।

*तालिका २८: आगलागीको जोखिमको अवस्था*

| अवस्था | बाढी, नदीकटान तथा डुवानको जोखिमको वडागत क्षेत्रफल (हेक्टर) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ | कुल जम्मा |
| उच्च | १४३३ | | | ७८७ | | | ६८९ | ५५९ | ७८० | ४२४९ |
| मध्यम | ४८८७ | ५३७ | | ३८६६ | ३०३ | | ६१८ | १३७२ | १०४२ | १२६२५ |
| कम | ९२४ | १२३७ | ५७८ | १०७२ | ६३३ | ९३९ | ८८२ | ८७६ | १२६१ | ८४०१ |
| **जम्मा** | **७२४४** | **१७७५** | **५७८** | **५७२५** | **९३६** | **९३९** | **२१८९** | **२८०७** | **३०८३** | **२५२७५** |

### ५.४.७. मिचाहाझार

मिचाहाझार यस नगरपालिकामा मध्यम असर पारिरहेको जलवायुजन्य प्रकोप हो । यसको असर नगरपालिकाका सबै वडामा प्राय समान रहेको छ । यी मिचाहाझारहरू कृषि प्रणालीका लागि मात्र नभई वन, वन्यजन्तु तथा

बस्तीका लागि समेत खतरा र जोखिमको रूपमा रहेका थालेका छन् ।

यस नगरपालिकामा पछिल्लो समय बेसरम, जलजम्भु, कुम्भिका, कालो वनमारा, निलोगन्धे, गन्धे, पकर्ने काँडा, भेडे कुरो, चरि अमिलो तथा सेतो वनमाराजस्ता विभिन्न प्रकारका मिचाहा प्रजातिहरू देखा परी फैलिरहेका छन् । यिनीहरूले खेतीयोग्य बाली तथा रुख बिरुवासँग खाद्यान्न तथा पानीको लागि प्रतिष्पर्धा गर्ने हुनाले कृषि उत्पादन तथा वनको पुनरुत्पादन घटेको छ ।




*नक्सा ७: आगलागीको जोखिमको अवस्था*

### ५.४.८. हावाहुरी, असिनापानी र चटचाङ

यस नगरपालिकामा असिनापानी, हावाहुरी र चटचाङ मध्यमस्तरका प्रकोप/विपद्का रूपमा रहेका छन् । यी प्रकोप/विपद्हरूले नगरपालिकाका सबै वडामा असर गरेको भएता पनि हावाहुरीले वडा २ तथा चटचाङले वडा १, वडा ६ र वडा ७ यिनीहरूका असरले बढी समस्याग्रस्त छन् । हावाहुरी तथा असिनापानीले बाली नाश गर्ने, फूल झारिदिएर फल लाग्नबाट रोक्ने तथा बालीनाली लडाउने गरेर उत्पादनमा धेरै असर गरेको छ । यसैगरी हावाहुरीले रूख लडाउने एवम् घरका छानाहरू उडाउने गरेको छ ।

### ५.४.९. खडेरी

लामो समयदेखि खडेरी यस नगरपालिकाको एक प्रमुख प्रकोप (नवौँ) को रूपमा रहेको छ । यस नगरपालिकाका सबै वडाहरूमा खडेरीको असर रहेको छ । खडेरीका कारण पानीको मुहानहरू सुक्ने, पानी कम हुनाले उत्पादनमा कमी र रोगव्याधीको प्रकोप खडेरीसँगै बढेको देखिन्छ । स्थलगत छलफलहरूका आधारमा यस नगरपालिकाको सबै वडाहरूमा पानी पर्ने आशामा बाली लगाउने गरे पनि खडेरीका कारण हिउँदेबाली उत्पादन कम हुने गरेको देखिन्छ । स्थानीय कृषकहरूका अनुसार यस नगरपालिकाका केही खेतीयोग्य जमिन पानीको अभावको कारण हिँउदको समयमा बाँझो नै रहने गरेको छ ।

### ५.४.१०.भू-क्षय

साधारणतया भू-क्षय एक प्रकारको संवेदनशील प्रकोप हो र यहाँ यो ठूलो चुनौतीको रूपमा देखिएको छ । यस नगरपालिकामा वन क्षेत्र भएको ठाउँमा भू-क्षयको खासै प्रभाव देखिदैँन तर वस्ती र खेतीयोग्य जमिन भएको ठाउँमा भू-क्षय एक प्रमुख प्रकोपको रूपमा देखिएको छ ।

### ५.४.११. पहिरो

यस नगरपालिकामा पहिरोको प्रकोप/विपद् एकदमै कम रहेको छ । नगरपालिकामा पहिरोको समस्या र जोखिम वडा १ मा मात्रै रहेको छ। यस नगरपालिकामा पहिरोले चुरे क्षेत्रमा फाट्टफुट्ट बाहेक बस्ती तथा मानवजीवनमा ठूलो असर पुऱ्याएको देखिँदैन । भौगोकि सुचना प्रणलीमा आधारित विष्लेषणका आधारमा हेर्दा यहाक्े वडा १ को चुरे क्षेत्रमा जम्मा ११.२६ हेक्टर क्षेत्रमा पहिरो गएको दृखिन्छ। वडा १ मा रहेका पहिराको जोखमको अवस्था नक्सा ८ मा देखाइएको छ।




*नक्सा ८: वडा १ मा पहिरोको अवस्था*

## ५.५. जोखिममा रहेका बस्तीहरू

यस नगरपालिकामा बाढी, नदीकटान तथा डुवान, आगलागी र पहिरो बाहेकका प्रकोप/विपद्को फैलावट लगभग समान छ। यी तीनवटा विपद्ले प्रत्येक वडाका कतिवटा बस्तीमा असर पारेको छ भनी भौलिक सूचना प्रणालीमा आधारित भई गरिएको विश्लेषणको अवस्था तालिका २९ भने जोखिमका आधारमा बस्तीहरूको वर्गीकरण नक्सा ९ मा मा देखाइएको छ।

*तालिका २९: पहिरो, आगलागी र बाढीको जोखिममा रहेका बस्ती संख्या*

| वडा | प्रकोप/विपद् | | | जम्मा |
|---|---|---|---|---|
| | पहिरो | आगलागी | बाढी, डुवान तथा नदीकटान | |
| १ | ३ | ९ | १४ | १४ |
| २ | ० | ४ | १० | १० |
| ३ | ० | ० | ५ | ५ |
| ४ | ० | १० | १० | १० |
| ५ | ० | ४ | ८ | ८ |
| ६ | ० | ४ | ९ | ९ |
| ७ | ० | १ | १० | १० |
| ८ | ० | ३ | ८ | ८ |
| ९ | ० | ४ | ८ | ८ |
| जम्मा | ३ | ३९ | ८२ | ८२ |




*नक्सा ९: विपद् तथा प्रकोपका आधारमा बस्तीहरूको वर्गीकरण*

## ५.६. प्रकोप/विपद्हरूको ऐतिहासिक घटनाक्रम

यस नगरपालिकाभित्र विगतदेखि हालसम्म देखा परेका जलवायुजन्य प्रकोप/विपद्हरूको क्रमिकता तथा उक्त प्रकोप/विपद्हरूसँग अनुकूलित हुन समुदायद्वारा अपनाइएका प्रयासहरूको विश्लेषण गरी भविष्यमा जोखिमको रूपमा पटक-पटक आउन सक्ने सम्भावना भएका प्रकोप/विपद्हरूको आँकलन गरिएको छ । ऐतिहासिक समय रेखा (तालिका ३०) को विश्लेषणले यस्ता प्रकोप/विपद्हरूले समुदायको जीविकोपार्जनमा प्रत्यक्ष तथा अप्रत्यक्ष असर गरिरहेको देखिन्छ । जलवायु परिवर्तनका कारणले कृषिबाली र पशुपक्षीहरूमा विभिन्न रोगहरूको प्रकोप बढ्नुका साथै पहिरो, बाढी र खडेरीले यस क्षेत्रमा क्रमशः सताएको पाइएको छ । यस्ता असरहरूबाट बच्न स्थानीय स्तरमा एकल तथा सामूहिक रूपमा केही प्रयासहरू गरिएको छ यद्यपि यस्ता समस्यासँग दीर्घकालीन अनुकूलनका उपायहरूको योजनाबद्ध रूपमा तयारी तथा कार्यान्वयन गरिनु आवश्यक देखिन्छ ।

*तालिका ३०: सहभागितामूलक ऐतिहासिक समयरेखा*

| प्रकोप तथा विपद् | वर्ष | प्रकोप/विपद्ले ल्याएको असर तथा प्रभावहरू | प्रभावित स्थान |
|---|---|---|---|
| **वडा १** | | | |
| बाढी, डुवान, पहिरो तथा नदी कटान | २०४२/०४३ | • करिब ३० बिघा जमिनको बाली नष्ट<br>• १० बिघा जमिन कटानी गरेको<br>• करिब १० हेक्टर वनमा असर<br>• ४ घर पूर्ण रूपमा क्षति<br>• वन वगरमा परिणत भएको<br>• ८–१० घर आन्तरिक रूपमा बसाईं सरी गएको | ओदालगाड |
| | २०४५ | • १०–१५ बिघा खेतीयोग्य जमिन बगेको<br>• वनमा क्षति<br>• २ घर विस्थापित | खारखोला, बण्ड |
| | २०६४ आश्विन १७ गते | • १ जना मानिस (अर्जुन बोहरा) लाई बगाएको<br>• करिब १० ओटा गाई बगाएको<br>• २०–२५ घरमा नोक्सानी<br>• बोरिङ्ग बगाएको<br>• खानेपानीको पाइप बगाएको<br>• बिजुलीका पोल ढलेका<br>• २० बिघा जमिनको खेतीमा क्षति | धारापानी |
| | २०६८ | • करिब ७ बिघा खेतीयोग्य जमिन बगेको<br>• ३ घर विस्थापित<br>• करिब ५०० मिटर ग्राभेल बाटोमा क्षति | पहरिया, ओदालखोला |
| | २०७३ | • करिब २० बिघा धान खेतीमा क्षति<br>• ७ घर विस्थापित<br>• बाटो बगाएको<br>• १० ओटा चौपाया मरेका<br>• पोखरीका १५,००० माछा बगाएको | |
| | २०७९ आश्विन २१ गते | • २ गोठका करिब १० गाईवस्तु बगाएको<br>• ६–७ बिघा खेतीयोग्य जमिनमा असर<br>• करिब १०० मिटर तटबन्ध बगाएको<br>• करिब ५०० मिटर ग्राभेल बाटो मा क्षति<br>• २ ओटा पोखरीको माछामा क्षति | ओदाल, बहेला, भेटघाट |
| आगलागी | प्रत्येक वर्ष | • वन र वन्यजन्तुमा व्यापक असर | वडा भित्रका वनहरू |
| असिनापानी | २०५४ | • गहुँबाली, तरकारीबालीका साथै फलफूलखेतीमा हानी | पुरै वडा |
| चटचाङ | २०५८ | • २ जनाको मृत्यु | |
| हावाहुरी | प्रत्येक वर्ष | • मकै ढाल्ने<br>• घरको छाना उडाउने<br>• रुख ढाल्ने<br>• बिजुलीका पोल ढाल्ने<br>• फलफुल खेतिमा असर | पुरै वडा |
| मिचाहा झार | प्रत्येक वर्ष | • उपयोगी बनस्पतिलाई हानी<br>• खेतीयोग्य जमिनमा हानी<br>• पानीका मुहान सुकाउने<br>• ताल तलैयाको गुणस्तरमा कमी | पुरै वडा |
| बालीरोग | प्रत्येक वर्ष | • विभिन्न प्रकारका रोग तथा कीराले गर्दा अन्नबाली, दलहन, तेलहन, फलफुल एवम् तरकारीको उत्पादन तथा उत्पादकत्वमा कमी | पुरै वडा |
| पशुरोग | प्रत्येक वर्ष | • विभिन्न पशुरोगका कारण व्यावसायिक लगायत परम्परागत कृषकहरू प्रभावित | पुरै वडा |
| शीतलहर | | • २०७१ मा चौटे सार्कीको मृत्यु<br>• वर्षेनि सयौं मानिसमा नकारात्मक स्वास्थ्य असर | पुरै वडा |
| मानवरोग | | • बिभिन्न प्रकारका महामारीका कारण वर्षेनि वडावासीहरू प्रभावित | पुरै वडा |
| खडेरी | | • उत्पादकत्वमा कमी<br>• सिँचाई र खानेपानीमा समस्या | पुरै वडा |

| प्रकोप तथा विपद् | वर्ष | प्रकोप/विपद्ले ल्याएको असर तथा प्रभावहरू | प्रभावित स्थान |
|---|---|---|---|
| भू-क्षय | - | • माटो बगाउने<br>• उत्पादनमा कमि | पुरै वडा |
| **वडा २** | | | |
| बाढी, डुवान तथा नदी कटान | २०४० | • करिब २० बिघा जमिनको धान खेति बगाएको | पुरै वडा |
| | २०५६ | • ४ घर डुवानमा परी क्षतिग्रस्त भएको<br>• १ मानिसको मृत्यु भएको<br>• राजमार्गमा १०० मिटर कटान गरेको | पुरै वडा |
| | २०६४ | • करिब ५०० घरहरूमा आंशिक क्षति तथा ३० घर पूर्ण क्षति भएको<br>• खाद्य भण्डारमा क्षति पुगेको<br>• करिब २० बिघा  धान बाली नष्ट गरेको<br>• जंगलको २० बिघा जमिनकटानी गरेको<br>• २० ओटा पशुचौपाय मरेको<br>• बिजुलीका पोल ढलेको<br>• राजमार्ग अवरुद्ध भएको | वडा २ को कमैया शिबिर लगायत सबै टोल |
| आगलागी | | • वन र वन्यजन्तुमा व्यापक असर | वडा भित्रका वनहरू |
| असिनापानी | | • गहुँबाली, तरकारीबालीका साथै फलफूलखेतीमा हानी | पुरै वडा |
| चटचाङ | २०६३ | • १ जना महिलाको मृत्यु | |
| हावाहुरी | प्रत्येक वर्ष | • मकै ढाल्ने<br>• घरको छाना उडाउने<br>• रुख ढाल्ने<br>• बिजुलीका पोल ढाल्ने<br>• फलफुल खेतिमा असर | पुरै वडा |
| मिचाहा झार | प्रत्येक वर्ष | • उपयोगी वनस्पतिलाई हानी<br>• खेतीयोग्य जमिनमा हानी<br>• पानीका मुहान सुकाउने<br>• ताल तलैयाको गुणस्तरमा कमी | पुरै वडा |
| बालीरोग | प्रत्येक वर्ष | • विभिन्न प्रकारका रोग तथा कीराले गर्दा अन्नबाली, दलहन, तेलहन, फलफुल एवम् तरकारीको उत्पादन तथा उत्पादकत्वमा कमी | पुरै वडा |
| पशुरोग | प्रत्येक वर्ष | • विभिन्न पशुरोगका कारण व्यावसायिक लगायत परम्परागत कृषकहरू प्रभावित | पुरै वडा |
| शीतलहर | प्रत्येक वर्ष | • पहिला भन्दा आजकाल शितलहर बढदै गएको<br>• तरकारी, दलहन, तेलहन बालीमा समस्या बढेको<br>• निमोनिया दमजस्ता बिरामीलाई अत्यधिक समस्या गरेको<br>• बालबालिका, गरिब तथा बुढाबुढीमा धेरै समस्या हुने गरेको | पुरै वडा |
| मानवरोग | प्रत्येक वर्ष | • अगाडिको भन्दा लामखुट्टे धेरै मात्रामा बृदि भएकाले मानीसमा, डेङ्गो, जापनीज इन्सफलाटिस, मलेरीया तथा आँखा पाक्ने रोग, जन्डिस, टाइफाइडजस्ता रोग धेरै लाग्ने गरेको | पुरै वडा |
| खडेरी | प्रत्येक वर्ष | • धान, गहुँ, मकैजस्ता मुख्य अन्नबालीका साथै दलहन, तेलहनमा समेत बिजाङ्कुरण नहुने, फल तथा फुल नलाग्नुका साथै उत्पादनमा भारी गिरावट हुने गरेको | पुरै वडा |
| भू-क्षय | प्रत्येक वर्ष | • माटो बगाउने<br>• उत्पादनमा कमि | पुरै वडा |
| **वडा ३** | | | |
| बाढी, डुवान तथा नदी कटान | २०४० | • करिब १०० बिघा धानबाली सहितको खेत बगाएको<br>• करिब ३० घर बगाएको<br>• २५/३० घरधुरीको अन्दाजी ५० चौपाया मरेका/बगाएको | |
| | २०६४/६५ | • करिब १५० घरधुरी प्रभावित<br>• २० घर विस्थापित<br>• विद्यालयहरूमा क्षति तथा एक विद्यालय विस्थापित | |
| | २०७८ | • ४ घर गोठसहित बगाएको<br>• तरकारीबाली, धान, तोरी, मसुर र उखु बालीमा नोक्सानी | |
| आगलागी | २०७३ | एक घर प्रभावित | |

| प्रकोप तथा विपद् | वर्ष | प्रकोप/विपद्ले ल्याएको असर तथा प्रभावहरू | प्रभावित स्थान |
|---|---|---|---|
| | २०७८ | एक घर प्रभावित | |
| असिनापानी | | • गहुँबाली, तरकारीबालीका साथै फलफूलखेतीमा हानी गर्ने गरेको | |
| चट्याङ | | समय समयमा चटचाङ लाग्ने गरेको भएता पनि हालसम्म मानवीय क्षति नभएको | |
| हावाहुरी | २०५९ | • सरस्वती प्रा.वि. को छानो उडाएको<br>• २००/२५० घरधुरी प्रभावित<br>• ५/७ बिघाको मकै खेतीमा क्षति<br>• ५/७ बिघाको केराखेतीमा क्षति | पुरै वडा |
| | २०७५ | • सँगम चौधरीको व्यावसायिक कुखुरा फर्ममा क्षति<br>• जुनतारा बालविकास केन्द्र मा नकारात्मक असर | |
| मिचाहा झार | प्रत्येक वर्ष | • उपयोगी वनस्पतिलाई हानी<br>• खेतीयोग्य जमिनमा हानी | पुरै वडा |
| बालीरोग | प्रत्येक वर्ष | • विभिन्न प्रकारका रोग तथा कीराले गर्दा अन्नबाली, दलहन, तेलहन, फलफुल एवम् तरकारीको उत्पादन तथा उत्पादकत्वमा कमी | पुरै वडा |
| पशुरोग | प्रत्येक वर्ष | • विभिन्न पशुरोगका कारण व्यावसायिक लगायत परम्परागत कृषकहरू प्रभावित | पुरै वडा |
| शीतलहर | प्रत्येक वर्ष | • पहिला भन्दा आजकाल शितलहहर बढदै गएको<br>• तरकारी, दलहन, तेलहन वालीमा समस्या बढेको<br>• निमोनिया दमजस्ता विरामीलाई अत्यधिक समस्या गरेको<br>• बालबालिका, गरिब तथा बुढाबुढीमा धेरै समस्या हुने गरेको | पुरै वडा |
| मानव रोग | प्रत्येक वर्ष | • बिभिन्न प्रकारका महामारी का कारण वर्षेनि वडाबासीहरू प्रभावित | पुरै वडा |
| खडेरी | प्रत्येक वर्ष | • पानीको मूलहरू सुकेका<br>• उत्पादकत्वमा कमी<br>• वनजङ्गलमा क्षति | पुरै वडा |
| भू–क्षय | प्रत्येक वर्ष | • माटो बगाउने<br>• उत्पादनमा कमी | पुरै वडा |
| **वडा ४** | | | |
| बाढी, डुवान तथा नदी कटान | २०६४ | • ५ घर पूर्ण रूपमा क्षति भएको<br>• ५० बिघा जति धान रोपेको जमिन बगाएको<br>• २५० वस्तु बगाएको<br>• १ जना मानिलाई बगाएको<br>• २५ घर विस्थापित्<br>• २० हेक्टर जति वनमा क्षति<br>• प्रशस्त भौतिक पूर्वाधारमा क्षति | पुरै वडा |
| | २०६८ | • ५० बिघा जति धानखेतीमा असर<br>• अन्य बालीमा पनि नोक्सानी | पुरै वडा |
| | २०७८ | • १०० बिघा जति जाीनमा लगाइएको बाली मा हानी<br>• वन क्षेत्रमा क्षति | पुरै वडा |
| आगलागी | प्रत्येक वर्ष | • वनका वन्यजन्तु तथा बोटबिरुवामा नकारात्मक असर पर्ने गरेको | वन क्षेत्र |
| असिनापानी | | • गहुँबाली, तरकारीबालीका साथै फलफूलखेतीमा हानी गर्ने गरेको | |
| चटचाङ | | समय समयमा चटचाङ लाग्ने गरेको भएता पनि हालसम्म मानवीय क्षति नभएको | |
| हावाहुरी | प्रत्येक वर्ष | • केरा खेती तथा उखु खेतीमा नोक्सानी गर्ने गरेको<br>• टायल तथा टिनका छाना उडाउने गरेको | पुरै वडा |
| मिचाहा झार | प्रत्येक वर्ष | • उपयोगी बनस्पति लाई हानी<br>• खेतीयोग्य जमिनमा हानी | पुरै वडा |
| बालीरोग | प्रत्येक वर्ष | • विभिन्न प्रकारका रोग तथा कीराले गर्दा अन्नबाली, दलहन, तेलहन, फलफुल एवम् तरकारीको उत्पादन तथा उत्पादकत्वमा कमी | पुरै वडा |
| पशुरोग | प्रत्येक वर्ष | • विभिन्न पशुरोगका कारण व्यावसायिक लगायत परम्परागत कृषकहरू प्रभावित | पुरै वडा |
| शीतलहर | प्रत्येक वर्ष | • पहिला भन्दा आजकाल शितलहहर बढदै गएको<br>• तरकारी, दलहन, तेलहन वालीमा समस्या बढेको<br>• निमोनिया दमजस्ता विरामीलाई अत्यधिक समस्या गरेको | पुरै वडा |

| प्रकोप तथा विपद् | वर्ष | प्रकोप/विपद्ले ल्याएको असर तथा प्रभावहरू | प्रभावित स्थान |
|---|---|---|---|
| | | • बालबालिका, गरिब तथा बुढाबुढीमा धेरै समस्या हुने गरेको | |
| मानवरोग | | • बिभिन्न प्रकारका महामारी का कारण वर्षेनि वडाबासी हरू प्रभावित | पुरै वडा |
| खडेरी | प्रत्येक वर्ष | • उत्पादकत्वमा कमी<br>• सिँचाई र खानेपानीमा समस्या | पुरै वडा |
| भू-क्षय | प्रत्येक वर्ष | • माटो बगाउने<br>• उत्पादनमा कमि | पुरै वडा |
| **वडा ५** | | | |
| बाढी, डुवान तथा नदी कटान | २०३७ | • धानखेतीमा क्षति<br>• बस्ती डुबानमा परी समुदायको जनजीवन प्रभावित भएको | पुरै वडा |
| | २०६४ | • पुरै वूती डुबानमा परेको<br>• ५० ओटा जति चौपाया तथा २००–२५० कुखुरा बगाएको<br>• १०–१५ कच्ची घर नष्ट भएका<br>• राजमार्ग किनारा कटान भएको<br>• करिब ३० वटा कुकुर बगाएको | पवित्र वस्ती र खल्ला टोल |
| | २०६९ | • करिब १०० परिवार अस्थायी रूपमा विस्थापित भएका | पुरै वडा |
| | २०७२ | • करिब २०० घर अस्थायी रूपमा विस्थापित | पुरै वडा |
| | २०७९ | • १०४ घर अस्थायी रूपमा विस्थापित<br>• १५ घरमा पूर्ण क्षति | पुरै वडा |
| आगलागी | २०५५ | • वनदेवी सामुदायिक वनमा ठुलो क्षति भएको<br>• करिब डेढ बिघाको गहुँबाली नष्ट गरेको | सुदर्शनपुर |
| असिनापानी | | • गहुँबाली, तरकारीबालीका साथै फलफूलखेतीमा हानी गर्ने गरेको | |
| चट्याङ | | • पुनाराम चौधरीको मृत्यु भएको | |
| हावाहुरी | | • केरा खेती तथा उखु खेतीमा नोक्सानी गर्ने गरेको<br>• टायल तथा टिनका छाना उडाउने गरेको | |
| मिचाहा झार | प्रत्येक वर्ष | • उपयोगी बनस्पति लाई हानी<br>• खेतीयोग्य जमिनमा हानी | पुरै वडा |
| बालीरोग | प्रत्येक वर्ष | • विभिन्न प्रकारका रोग तथा कीराले गर्दा अन्नबाली, दलहन, तेलहन, फलफुल एवम् तरकारीको उत्पादन तथा उत्पादकत्वमा कमी | पुरै वडा |
| पशुरोग | प्रत्येक वर्ष | • विभिन्न पशुरोगका कारण व्यावसायिक लगायत परम्परागत कृषकहरू प्रभावित | पुरै वडा |
| शीतलहर | प्रत्येक वर्ष | • पहिला भन्दा आजकाल शितलहहर बढदै गएको<br>• तरकारी, दलहन, तेलहन बालीमा समस्या बढेको<br>• निमोनिया दमजस्ता विरामीलाई अत्यधिक समस्या गरेको<br>• बालबालिका, गरिब तथा बुढाबुढीमा धेरै समस्या हुने गरेको | पुरै वडा |
| मानव रोग | | • बिभिन्न प्रकारका महामारीका कारण वर्षेनि वडाबासीहरू प्रभावित | पुरै वडा |
| खडेरी | प्रत्येक वर्ष | • उत्पादकत्वमा कमी<br>• सिँचाई र खानेपानीमा समस्या | पुरै वडा |
| भू–क्षय | प्रत्येक वर्ष | • माटो बगाउने<br>• उत्पादनमा कमि | पुरै वडा |
| **वडा ६** | | | |
| बाढी, डुवान तथा नदी कटान | २०६२ | • खेतीयोग्य जमिनको करिब ७५ प्रतिशत धानखेती बगाएको<br>• ३० भन्दा धेरै घरधुरी प्रभावित | मोहना र बलुवा |
| | २०६४ | • करिब ३०० घरमा आंशिक क्षति भएको<br>• करिब २० बिघा धानबाली नष्ट गरेको<br>• करि २५ बिघा वनक्षेत्र बगाएको<br>• ५० ओटाजति चौपाण मरेका | पुरै वडा |
| | २०७८ | • ५० बिघा भन्दा धेरै धानखेतीमा नकारात्मक असर<br>• २ खोर कुखुरा बगाएको<br>• तोरी र मसुरो खेतीलाई पनि नकारात्मक असर पुऱ्याएको | पुरै वडा |
| आगलागी | २०५० | • १५ दिनसम्म निरन्तर आगलागी भएको<br>• नियन्त्रण गर्न निकै कठिन भएको<br>• वन र वन्यजन्तुमा नकारात्मक असर परेको | बलुवाफाँटा |
| असिनापानी | २०३६ | • रूखको बोक्रासमेत बाँकी नरहने गरी लगातार परेको | पुरै वडा |

| प्रकोप तथा विपद् | वर्ष | प्रकोप/विपद्ले ल्याएको असर तथा प्रभावहरू | प्रभावित स्थान |
|---|---|---|---|
| | | • मकै, केरा, तरकारी, उखु लगायत सबै प्रकारको खेतीमा असर पुऱ्याएको | |
| चट्याङ | २०५० | • एक महिलाको मृत्यु | मौरीफाँटा |
| | २०७९ | • केही घरपालुवा जनावर मरेका | मौरीफाँटा |
| हावाहुरी | प्रत्येक वर्ष | • पक्की घरका टिन तथा कच्ची घरका टायल सबै उडाएको<br>• कुखुरा र केरा व्यवसायमा नकारात्मक असर<br>• बिजुलीका खम्बाहरू ढलेर विद्युत वितरण प्रभावित बनेको | |
| मिचाहा झार | प्रत्येक वर्ष | • उपयोगी बनस्पति लाई हानी<br>• खेतीयोग्य जमिनमा हानी | पुरै वडा |
| बालीरोग | प्रत्येक वर्ष | • विभिन्न प्रकारका रोग तथा कीराले गर्दा अन्नबाली, दलहन, तेलहन, फलफुल एवम् तरकारीको उत्पादन तथा उत्पादकत्वमा कमी | पुरै वडा |
| पशुरोग | प्रत्येक वर्ष | • विभिन्न पशुरोगका कारण व्यावसायिक लगायत परम्परागत कृषकहरू प्रभावित | पुरै वडा |
| शीतलहर | प्रत्येक वर्ष | • पहिला भन्दा आजकाल शितलहर बढदै गएको<br>• तरकारी, दलहन, तेलहन बालीमा समस्या बढेको<br>• निमोनिया दमजस्ता बिरामीलाई अत्यधिक समस्या गरेको<br>• बालबालिका, गरिब तथा बुढाबुढीमा धेरै समस्या हुने गरेको | पुरै वडा |
| मानवरोग | प्रत्येक वर्ष | • बिभिन्न प्रकारका महामारी का कारण वर्षेनि वडाबासी हरू प्रभावित | पुरै वडा |
| खडेरी | प्रत्येक वर्ष | • उत्पादकत्वमा कमी<br>• सिँचाई र खानेपानीमा समस्या | पुरै वडा |
| भू-क्षय | प्रत्येक वर्ष | • माटो बगाउने<br>• उत्पादनमा कमि | पुरै वडा |
| **वडा ७** | | | |
| बाढी, डुवान तथा नदी कटान | २०४० | • २५/३० घरधुरी प्रभावित<br>• १०/१५ गाइवस्तु बगाएको<br>• खेत बालुवा ढुङ्गाले पुरिएको | मोहना तटिय क्षेत्र, कार्किकटान र शान्तिपुर |
| | २०६२ असोज ४ | • डम्बर दत्त भट्टको छोरा खेमराज भट्ट र शेर बहादुर कार्किलाई बगाएको<br>• ७ घर अस्थायी रूपमा विस्थापित्<br>• करिब १५ बिघा खेत बालीसहित बगाएको | कार्किकटान र शान्तिपुर |
| | २०६५ | • २५/३० बिघा धानखेती बगाएको<br>• १०/१५ गाईवस्तु बगाएको<br>• २०/२५ घरधुरीको अन्न, भाँडाकुडा बगाएको<br>• खेतीयोग्य जमिनमा बालुवा र ढुङ्गाले पटान गरेको | पुरै वडा |
| | २०६९ | • लक्ष्मण ऐरलाई बगाएको | सिमलकोट मटैया |
| | २०७८ | • काटेको धानमा क्षति<br>• तोरी, मसुरो र आलु खेतीमा नोक्सानी | पुरै वडा |
| आगलागी | २०६८ | • गम्भिर महतो र कलावती केसीको घर पूर्ण रूपमा क्षति | मटैया |
| | २०७३ | • २ गोठ र परालका कुन्यु जलेर नष्ट<br>• आरती धामीको भान्सा कोठा जलेको<br>• वनका बुट्यानहरू जलेर नष्ट | मटैया कटान |
| असिनापानी | २०३६ | • रूखको बोक्रासमेत बाँकी नरहने गरी लगातार परेको<br>• मकै, केरा, तरकारी, उखु लगायत सबै प्रकारको खेतीमा असर पुऱ्याएको | २०३६ |
| चटचाङ | २०५४ | • एउटा राँगो मरेको | कलुवापुर पश्चिम |
| | २०६६ | • १ जनाको मृत्यु भएको | सिमलकोट |
| | २०७० | • सुर्जीदेवी रानाको मृत्यु | कलुवापुर पश्चिम |
| | २०७५ | • २ गोरू र ३ बाखा मरेका | कलुवापुर |
| | २०७९ | • मोहनाको किनारमा २ जना (श्रीमान्, श्रीमती) दिपक र दुलरा राना को मृत्यु | कलुवापुर |
| हावाहुरी | २०६६ जेठ | • सैयौं घरका छाना उडाएको<br>• रुखहरू धेरै मात्रामा ढलेका | पुरै वडा |

| प्रकोप तथा विपद् | वर्ष | प्रकोप/विपद्ले ल्याएको असर तथा प्रभावहरू | प्रभावित स्थान |
|---|---|---|---|
| | | • विजुलीका पोलहरू ढल्दा २ महिनासम्म बत्ति नआएको<br>• ४/५ सय घरधुरीमा छाना उडाएर राखेको अन्न भिजाएको<br>• उखु तथा केरा खेतीमा नकारात्मक असर | |
| | २०७५ जेठ २३ | • करिब ४० घर पूर्ण रूपमा क्षति<br>• केही कुखुरा फर्महरूमा हानी<br>• केही गाईबाखा मरेका<br>• खेतीमा नकारात्मक असर | पुरै वडा |
| मिचाहा झार | प्रत्येक वर्ष | • उपयोगी बनस्पति लाई हानी<br>• खेतीयोग्य जमिनमा हानी<br>• वनमा पहिलेदेखि भएका बोटबिरुवा मासिदै गएका | पुरै वडा |
| बालीरोग | प्रत्येक वर्ष | • विभिन्न प्रकारका रोग तथा कीराले गर्दा अन्नबाली, दलहन, तेलहन, फलफुल एवम् तरकारीको उत्पादन तथा उत्पादकत्वमा कमी | पुरै वडा |
| पशुरोग | प्रत्येक वर्ष | • पहिला भन्दा आजकाल शितलहहर बढदै गएको<br>• तरकारी, दलहन, तेलहन वालीमा समस्या बढेको<br>• निमोनिया दमजस्ता विरामीलाई अत्यधिक समस्या गरेको<br>• बालबालिका, गरिब तथा बुढाबुढीमा धेरै समस्या हुने गरेको | पुरै वडा |
| शीतलहर | प्रत्येक वर्ष | • वन तथा गाइवस्तुमा नकारात्मक असर<br>• खेती प्रणालिमा असर | पुरै वडा |
| मानवरोग | प्रत्येक वर्ष | • बिभिन्न प्रकारका महामारी का कारण वर्षेनि वडाबासी हरू प्रभावित | पुरै वडा |
| खडेरी | प्रत्येक वर्ष | • उत्पादकत्वमा कमी<br>• सिँचाई र खानेपानीमा समस्या | पुरै वडा |
| भू-क्षय | प्रत्येक वर्ष | • माटो बगाउने<br>• उत्पादनमा कमि | पुरै वडा |
| | | **वडा ८** | |
| बाढी, डुवान तथा नदी कटान | २०४० | • २ जना मान्छे बगाएको<br>• करिब ५० बिघा धानखेती बगाएको<br>• ६०/६५ घरपालुवा जनावर र २० भन्दा धेरै घर बगाएको | भन्सारे |
| | २०६२ असोज ४ | • १ जना मान्छे सहित सैयौं बिघा धानखेती बगाएको | |
| | २०६४ | • २२ घर पूर्ण क्षति भएको भने केहीमा आंशिक क्षति भएको<br>• २५ बिघा जति जमिन पटाहा गरेको<br>• २० पशु चौपाया मरेका | |
| | २०७८ | • सैयौं बिघा बाली सहितको खेत बगाएको | पुरै वडा |
| आगलागी | २०७६ | • विरेन्द्र सामुदायिक वन पुरै क्षति भएको | |
| असिनापानी | २०७२ | • तरकारी खेती र गहुँबालीमा असर | |
| चटचाङ | २०५५ | • एकजना मान्छेको मृत्यु | |
| हावाहुरी | २०७२ | • टिन उडाएर गाइगोरूका खुट्टा काटेको<br>• मानिसहरूलाई चोटपटक लागेको<br>• वनमा धेरै असर | पुरै वडा |
| मिचाहा झार | प्रत्येक वष | • उपयोगी वनस्पतिलाई हानी<br>• खेतीयोग्य जमिनमा हानी | पुरै वडा |
| बालीरोग | प्रत्येक वर्ष | • विभिन्न प्रकारका रोग तथा कीराले गर्दा अन्नबाली, दलहन, तेलहन, फलफुल एवम् तरकारीको उत्पादन तथा उत्पादकत्वमा कमी | पुरै वडा |
| पशुरोग | प्रत्येक वर्ष | • विभिन्न पशुरोगका कारण व्यावसायिक लगायत परम्परागत कृषकहरू प्रभावित | पुरै वडा |
| शीतलहर | प्रत्येक वर्ष | • पहिला भन्दा आजकाल शितलहहर बढदै गएको<br>• तरकारी, दलहन, तेलहन वालीमा समस्या बढेको<br>• निमोनिया दमजस्ता विरामीलाई अत्यधिक समस्या गरेको<br>• बालबालिका, गरिब तथा बुढाबुढीमा धेरै समस्या हुने गरेको | पुरै वडा |
| मानवरोग | प्रत्येक वर्ष | • बिभिन्न प्रकारका महामारी का कारण वर्षेनि वडाबासी हरू प्रभावित | पुरै वडा |
| खडेरी | प्रत्येक वर्ष | • उत्पादकत्वमा कमी<br>• सिँचाई र खानेपानीमा समस्या | पुरै वडा |
| भू-क्षय | प्रत्येक वर्ष | • माटो बगाउने | पुरै वडा |

| प्रकोप तथा विपद् | वर्ष | प्रकोप/विपद्ले ल्याएको असर तथा प्रभावहरू | प्रभावित स्थान |
|---|---|---|---|
| | | • उत्पादनमा कमि | |
| | | **वडा ९** | |
| बाढी, डुवान तथा नदी कटान | २०२८ | • करिब ३५ जनाको मृत्यु<br>• सैयौं बिघा खेतीयोग्य जमिनमा क्षति | राजघाट,, चप्परतला लगायत पुरै वडा प्रभावित |
| | २०४१ | • ढिमरिया गाउँ पुरै बगेको<br>• २० देखि २२ घरको बस्ती विस्थापित<br>• २ जना मानिस को मृत्यु<br>• धानखेती, वस्तुभाउमा धेरै नकारात्मक असर | |
| | २०५६ | • करिब २० बिघा जमिन कटान गरी बगाएको | |
| | २०६२ | • जग्गा कटान गरी करिब २५ बिघा धानखेती बगाएको | |
| | २०६४ | • करिब ५० घर डुवानमा परेका<br>• करिब ३० बिघा धानबाली नष्ट<br>• ५ बिघा जमिन कटानी गरेको<br>• २० चौपाया मरेका | |
| | २०६८ | • करिब २० बिघाको धानखेती नष्ट | |
| | २०७८ | • अतिवृष्टि का कारण करिब ५० बिघा मा काटेको धानमा क्षति | |
| आगलागी | २०७१/७२ | • वनबाट सल्केर आएको आगोबाट १ घर जलेर पूर्ण रूपमा नष्ट<br>• जंगलमा वर्षेनी लाग्ने गरेको आगलागीबाट वनमा अत्यधिक क्षति हुने गरेको | |
| असिनापानी | २०३६ | • करिब १० बिघा मकै बाली नष्ट, ३ गाई मरेको, केहि मान्छे घाईते भएको, वनजंगल, वन्यजन्तुमा तथा चराचुरुङ्गीहरू मरेका | पुरै वडा |
| | प्रत्येक वर्ष | • फाट्टफुट्ट हुने बेमौसमी असिनापानीले फलफूलका फूल झार्ने, गहुँ झार्ने गरी कृषकहरूलाई दुःख दिने गरेको | पुरै वडा |
| चटचाङ्ग | २०७७ असार | • राजघाट र चप्परतलामा गरी २ जनाको मृत्यु | राजघाट र चप्परतला |
| | २०७८ जेठ | • राजघाटमा १ जनाको मृत्यु<br>• करिब १५ जना घाइते<br>• रूखमा आगो लागेको, निभ्न हप्तौं लागेको | राजघाट |
| हावाहुरी | २०७५ र २०७७ | • पक्की घरका टिन तथा कच्ची घरका टायल सबै उडाएको<br>• कुखुरा र केरा व्यवसायमा नकारात्मक असर<br>• बिजुलीका खम्बाहरू ढलेर विद्युत वितरण प्रभावित बनेको | पुरै वडा |
| मिचाहा झार | प्रत्येक वर्ष | • उपयोगी बनस्पति लाई हानी<br>• खेतीयोग्य जमिनमा हानी | पुरै वडा |
| बालीरोग | प्रत्येक वर्ष | • विभिन्न प्रकारका रोग तथा कीराले गर्दा अन्नबाली, दलहन, तेलहन, फलफुल एवम् तरकारीको उत्पादन तथा उत्पादकत्वमा कमी | पुरै वडा |
| पशुरोग | प्रत्येक वर्ष | • विभिन्न पशुरोगका कारण व्यावसायिक लगायत परम्परागत कृषकहरू प्रभावित | पुरै वडा |
| शीतलहर | प्रत्येक वर्ष | • पहिला भन्दा आजकाल शितलहहर बढदै गएको<br>• तरकारी, दलहन, तेलहन वालीमा समस्या बढेको<br>• निमोनिया दमजस्ता विरामीलाई अत्यधिक समस्या गरेको<br>• बालबालिका, गरिब तथा बुढाबुढीमा धेरै समस्या हुने गरेको | पुरै वडा |
| मानवरोग | प्रत्येक वर्ष | • बिभिन्न प्रकारका महामारी का कारण वर्षेनि वडाबासी हरू प्रभावित | पुरै वडा |
| खडेरी | प्रत्येक वर्ष | • उत्पादकत्वमा कमी<br>• सिँचाई र खानेपानीमा समस्या | पुरै वडा |
| भू-क्षय | प्रत्येक वर्ष | • माटो बगाउने<br>• उत्पादनमा कमि | पुरै वडा |

## ५.७. बस्ती अनुसार प्रकोप/विपद्को विवरण

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गर्ने क्रममा अध्ययन गरिएका विभिन्न सामग्रीहरूका साथै ऐतिहासिक समयरेखाको विश्लेषणले देखाए अनुरूप यस नगरपालिकामा विभिन्न वडाका मुख्य बस्तीहरूलाई जलवायुजन्य प्रकोप/विपद्हरू र तिनका असरहरूको लेखाजोखा गरी बस्तीहरूको वर्गीकरण तथा प्राथमिकीकरण

गर्न यस विधिको प्रयोग गरिएको छ । प्रत्येक वडामा रहेका बस्तीहरूलाई निर्धारण गरी सहभागीहरूसँग प्रमुख प्रकोप/विपद्हरूको बारेमा छलफल गरी तिनीहरूको असर र प्रभावका आधारमा हरेक बस्तीलाई एक आपसमा तुलना गर्न लगाई वडाभित्रका बस्तीहरूको वर्गीकरण गरिएको छ (तालिका ३१) ।

*तालिका ३१: बस्ती अनुसार प्रकोपको विवरण*

| बस्ती | बस्ती | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | | | | | | | | |
| | **धारापानी** | **पुतली बजार** | **दोमिल्ला** | **श्रीपुर** | **सुन्दरीफाँटा** | **पहरिया** | **निगाली** | **भेटघाट** | **बण्ड** |
| **धारापानी** | | धारापानी | दोमिल्ला | धारापानी | सुन्दरीफाँटा | पहरिया | निगाली | भेटघाट | धारापानी |
| **पुतली बजार** | | | पुतली बजार | पुतली बजार | सुन्दरीफाँटा | पहरिया | पुतली बजार | भेटघाट | पुतली बजार |
| **दोमिल्ला** | | | | दोमिल्ला | सुन्दरीफाँटा | पहरिया | निगाली | भेटघाट | बण्ड |
| **श्रीपुर** | | | | | सुन्दरीफाँटा | पहरिया | श्रीपुर | भेटघाट | श्रीपुर |
| **सुन्दरीफाँटा** | | | | | | सुन्दरीफाँटा | निगाली | सुन्दरीफाँटा | सुन्दरीफाँटा |
| **पहरिया** | | | | | | | निगाली | भेटघाट | पहरिया |
| **निगाली** | | | | | | | | निगाली | निगाली |
| **भेटघाट** | | | | | | | | | भेटघाट |
| **बण्ड** | | | | | | | | | |
| **जम्मा** | ४ | ५ | ३ | ३ | ८ | ६ | ७ | ७ | २ |

| बस्ती | बस्ती | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वडा २ | | | | | | | | |
| | **मुक्तकमैया शिविर, वाणी** | **खल्लाकोट** | **वाणी (पुरानो वस्ती)** | **वाणी (नयाँ वस्ती)** | **सरस्वती टोल** | **बङ्ग (आरक्ष वस्ती)** | **बङ्ग (पुरानो बस्ती** | **बङ्ग (मुक्त कमैया शिविर)** | **बङ्ग ( गुनेलफाँटा)** |
| **मुक्तकमैया शिविर, वाणी** | | मुक्त कमैया शिविर वाणी | मुक्त कमैया शिविर वाणी | मुक्त कमैया शिविर वाणी | मुक्त कमैया शिविर वाणी | मुक्त कमैया शिविर वाणी | मुक्त कमैया शिविर वाणी | मुक्त कमैया शिविर वाणी | मुक्त कमैया शिविर वाणी |
| **खल्लाकोट** | | | खल्लाकोट | खल्लाकोट | खल्लाकोट | बङ्ग आरक्ष बस्ती | खल्लाकोट | बङ्ग मुक्त कमैया शिविर | खल्लाकोट |
| **वाणी (पुरानो वस्ती)** | | | | वाणी नयाँ बस्ती | सरस्वती टोल | बङ्ग आरक्ष बस्ती | बङ्ग पुरानो बस्ती | बङ्ग मुक्त कमैया शिविर | बङ्ग गुनेलफाँटा |
| **वाणी (नयाँ वस्ती)** | | | | | वाणी नयाँ बस्ती | बङ्ग आरक्ष बस्ती | बङ्ग पुरानो बस्ती | बङ्ग मुक्त कमैया शिविर | बङ्ग गुनेलफाँटा |
| **सरस्वती टोल** | | | | | | बङ्ग आरक्ष बस्ती | सरस्वती टोल | बङ्ग मुक्त कमैया शिविर | बङ्ग गुनेलफाँटा |
| **बङ्ग (आरक्ष वस्ती)** | | | | | | | बङ्ग आरक्ष बस्ती | बङ्ग मुक्त कमैया शिविर | बङ्ग आरक्ष बस्ती |
| **बङ्ग (पुरानो बस्ती)** | | | | | | | | बङ्ग मुक्त कमैया शिविर | बङ्ग गुनेलफाँटा |
| **बङ्ग (मुक्त कमैया शिविर)** | | | | | | | | | बङ्ग मुक्त कमैया शिविर |
| **बङ्ग ( गुनेलफाँटा)** | | | | | | | | | |
| **जम्मा** | ९ | ६ | २ | ३ | ३ | ७ | ३ | ८ | ५ |

| बस्ती | बस्ती | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वडा ३ | | | | | | |
| | **चित्रपुर** | **आमघाट** | **भि.आई.पि. टोल** | **बडबैका टोल** | **वैवाहपट्टि** | **कटानपट्टि** | **हिरापुर** |
| **चित्रपुर** | | आमघाट | चित्रपुर | बडबडैका टोल. | चित्रपुर | चित्रपुर | चित्रपुर |
| **आमघाट** | | | आमघाट | आमघाट | आमघाट | आमघाट | आमघाट |
| **भि.आई.पि. टोल** | | | | बडबडैका टोल. | वैवाहपट्टी | कटानपट्टी | हिरापुर |
| **बडबैका टोल** | | | | | बडबडैका टोल. | बडबडैका टोल. | बडबडैका टोल. |
| **वैवाहपट्टि** | | | | | | कटानपट्टी | वैवाहपट्टी |
| **कटानपट्टि** | | | | | | | कटानपट्टी |
| **हिरापुर** | | | | | | | |
| **जम्मा** | ५ | ७ | १ | ६ | ३ | ४ | २ |

| बस्ती | बस्ती |  |  |  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  | वडा ४ |  |  |  |  |  |  |  |  |  |  |
|  | मालुबेला | किचाई | दया अमरपुर | खल्लाढायाँ | साहारानगर | शिवशक्ति | कोइराल बोझिया | बेलकुण्डी | किचाई शिविर | मौवाफाँटा | बालुवाटार |
| मालुबेला |  | मालुवेला | दया अमरपुर | खल्लाढायाँ | मालुवेला | मालुवेला | मालुवेला | बेलकुण्डी | किचाई शिविर | मालुवेला | मालुवेला |
| किचाई |  |  | दया अमरपुर | खल्लाढायाँ | किचाई | किचाई | किचाई | किचाई | किचाई शिविर | किचाई | किचाई |
| दयाअमरपुर |  |  |  | खल्लाढायाँ | दयाअमरपुर | दयाअमरपुर | दयाअमरपुर | बेलकुण्डी | दयाअमरपुर | दयाअमरपुर | दयाअमरपुर |
| खल्लाढायाँ |  |  |  |  | खल्लाढायाँ | खल्लाढायाँ | खल्लाढायाँ | बेलकुण्डी | किचाई शिविर | खल्लाढायाँ | खल्लाढायाँ |
| साहारानगर |  |  |  |  |  | शिवशक्ति | कोइराला बोझिया | बेलकुण्डी | किचाई शिविर | साहारानगर | साहारानगर |
| शिवशक्ति |  |  |  |  |  |  | शिवशक्ति | बेलकुण्डी | किचाई शिविर | शिवशक्ति | शिवशक्ति |
| कोइराल बोझिया |  |  |  |  |  |  |  | बेलकुण्डी | किचाई शिविर | कोइराला बोझिया | कोइराला बोझिया |
| बेलकुण्डी |  |  |  |  |  |  |  |  | बेलकुण्डी | बेलकुण्डी | बेलकुण्डी |
| किचाई शिविर |  |  |  |  |  |  |  |  |  | किचाई शिविर | किचाई शिविर |
| मौवाफाँटा |  |  |  |  |  |  |  |  |  |  | मौवाफाँटा |
| बालुवाटार |  |  |  |  |  |  |  |  |  |  |  |
| जम्मा | ७ | ७ | ९ | ९ | ३ | ५ | ४ | १० | ९ | २ | १ |

| बस्ती | बस्ती |  |  |  |  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  | वडा ५ |  |  |  |  |  |  |  |  |  |  |  |
|  | रानाटोल | बङ्गपुर | सिद्धार्थ | अत्तरियापट्टि | सुदर्शनपुर | बडैखल्ला | पवित्रबस्ती | पटेलापट्टी | खल्ला | प्रगति | बेहेन्यान | बीचपट्टी |
| रानाटोल |  | रानाटोल | रानाटोल | रानाटोल | सुदर्शनपुर | रानाटोल | पवित्रबस्ती | रानाटोल | खल्ला | प्रगति | रानाटोल | रानाटोल |
| बङ्गपुर |  |  | बङ्गपुर | बङ्गपुर | सुदर्शनपुर | बङ्गपुर | पवित्रबस्ती | बङ्गपुर | खल्ला | प्रगति | बङ्गपुर | बङ्गपुर |
| सिद्धार्थ |  |  |  | अत्तरियापट्टि | सुदर्शनपुर | बडैखल्ला | पवित्रबस्ती | सिद्धार्थ | खल्ला | प्रगति | सिद्धार्थ | सिद्धार्थ |
| अत्तरियापट्टि |  |  |  |  | सुदर्शनपुर | बडैखल्ला | पवित्रबस्ती | पटेलापट्टी | खल्ला | प्रगति | अत्तरियापट्टि | बीचपट्टी |
| सुदर्शनपुर |  |  |  |  |  | सुदर्शनपुर | पवित्रबस्ती | सुदर्शनपुर | खल्ला | प्रगति | सुदर्शनपुर | सुदर्शनपुर |
| बडैखल्ला |  |  |  |  |  |  | पवित्रबस्ती | पटेलापट्टी | खल्ला | प्रगति | बडैखल्ला | बडैखल्ला |
| पवित्रबस्ती |  |  |  |  |  |  |  | पवित्रबस्ती | खल्ला | पवित्रबस्ती | पवित्रबस्ती | पवित्रबस्ती |
| पटेलापट्टी |  |  |  |  |  |  |  |  | खल्ला | प्रगति | पटेलापट्टी | पटेलापट्टी |
| खल्ला |  |  |  |  |  |  |  |  |  | खल्ला | खल्ला | खल्ला |
| प्रगति |  |  |  |  |  |  |  |  |  |  | प्रगति | प्रगति |
| बेहेन्यान |  |  |  |  |  |  |  |  |  |  |  | बीचपट्टी |
| बीचपट्टी |  |  |  |  |  |  |  |  |  |  |  |  |
| जम्मा | ८ | ७ | ४ | ३ | ९ | ५ | ११ | ५ | १२ | १० | १ | ३ |

| बस्ती | बस्ती |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|
|  | वडा ६ |  |  |  |  |  |  |  |
|  | सिंपुर | रानाटोल | उत्तर बञ्जरिया | दक्षिण बञ्जरिया | पश्चिम बालुवाफाँटा | बीच बालुवाफाँटा | पूर्वटोल | मौरीफाँटा |
| सिंपुर |  | सिंपुर | उत्तर बञ्जरिया | दक्षिण बञ्जरिया | सिंपुर | सिंपुर | पूर्वटोल | मौरीफाँटा |
| रानाटोल |  |  | उत्तर बञ्जरिया | दक्षिण बञ्जरिया | रानाटोल | रानाटोल | पूर्वटोल | मौरीफाँटा |
| उत्तर बञ्जरिया |  |  |  | दक्षिण बञ्जरिया | उत्तर बञ्जरिया | उत्तर बञ्जरिया | पूर्वटोल | मौरीफाँटा |
| दक्षिण बञ्जरिया |  |  |  |  | पश्चिम बालुवाफाँटा | दक्षिण बञ्जरिया | पूर्वटोल | मौरीफाँटा |
| बालुवाफाँटा पश्चिम |  |  |  |  |  | पश्चिम बालुवाफाँटा | पूर्वटोल | मौरीफाँटा |
| बीच बालुवाफाँटा |  |  |  |  |  |  | पूर्वटोल | मौरीफाँटा |
| पूर्वटोल |  |  |  |  |  |  |  | मौरीफाँटा |
| मौरीफाँटा |  |  |  |  |  |  |  |  |
| जम्मा | ४ | ३ | ५ | ५ | ३ | १ | ७ | ८ |

| बस्ती | बस्ती | | | | |
|---|---|---|---|---|---|
| | वडा ७ | | | | |
| | शान्तिपुर | कार्किकटान | सिमलकोट मटैया | कलुवापुर पछ्लीपट्टि | कलुवापुर अघिलपट्टि |
| शान्तिपुर | | शान्तिपुर | शान्तिपुर | शान्तिपुर | शान्तिपुर |
| कार्किकटान | | | कार्किकटान | कार्किकटान | कार्किकटान |
| सिमलकोट मटैया | | | | सिमलकोट मटैया | सिमलकोट मटैया |
| कलुवापुर पछ्लीपट्टि | | | | | कलुवापुर पछ्लीपट्टि |
| कलुवापुर अघिलपट्टि | | | | | |
| जम्मा | ५ | ४ | ३ | २ | १ |

| बस्ती | बस्ती | | | | |
|---|---|---|---|---|---|
| | वडा ८ | | | | |
| | शान्तिपुर | राजघाट | मझगाँई | विचुवा | रतासीगौढी |
| शान्तिपुर | | राजघाट | शान्तिपुर | बिचुवा | रतासीगौढी |
| राजघाट | | | राजभाट | राजघाट | रतासीगौढी |
| मझगाँई | | | | बिचुवा | रतासीगौढी |
| विचुवा | | | | | रतासीगौढी |
| रतासीगौढी | | | | | |
| जम्मा | २ | ४ | १ | ३ | ५ |

| बस्ती | बस्ती | | | | | |
|---|---|---|---|---|---|---|
| | वडा ९ | | | | | |
| | राजघाट | चप्परतला | साना गाउँ | जोरायल | पचढक्की | पिपरिया |
| राजघाट | | राजघाट | राजघाट | राजघाट | राजघाट | राजघाट |
| चप्परतला | | | चप्परतला | चप्परतला | चप्परतला | चप्परतला |
| साना गाउँ | | | | साना गाउँ | साना गाउँ | साना गाउँ |
| जोरायल | | | | | जोरायल | जोरायल |
| पचढक्की | | | | | | पिपरिया |
| पिपरिया | | | | | | |
| जम्मा | ६ | ५ | ४ | ३ | १ | २ |

तालिका ३१ को विश्लेषण गर्दा सबै नौवटा नै वडामा सबैभन्दा बढी र सबैभन्दा कम प्रभावित बस्तीहरूको विवरण तालिका ३२ मा उल्लेख गरिएको छ।

*तालिका ३२: वडागत रूपमा सबैभन्दा बढी र सबैभन्दा कम जोखिममा रहेका बस्ती*

| विवरण | वडा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| सबैभन्दा बढी प्रभावित बस्ती | सुन्दरीफाँटा | वाणी मुक्त कमैया शिविर | आमघाट | बेलकुण्डी | खल्ला | पूर्वटोल | शान्तिपुर | रतासीगौढी | राजघाट |
| सबैभन्दा कम प्रभावित बस्ती | बण्ड | वाणी पुरानो बस्ती | भिआइपि टोल | बालुवाटार | बेहेन्यान | बिच बालुवाफाँटा | कलुवापुर अघिलपट्टि | मझगाँई | पचढक्की |

## ५.८. विषयगत क्षेत्रमा परेका प्रभाव तथा असरहरूको विश्लेषण

यो विधिको प्रयोगले प्राथमिकीकरण भएका जलवायु परिवर्तनका असरहरूबाट कृषि तथा खाद्य सुरक्षा; वन, जैविक विविधता तथा जलाधार संरक्षण; जलस्रोत तथा ऊर्जा; ग्रामीण तथा सहरी बसोबास; उद्योग, यातायात तथा भौतिक पूर्वाधार; पर्यटन एवम् प्राकृतिक तथा सांस्कृतिक सम्पदा; स्वास्थ्य, खानेपानी तथा सरसफाइ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा पारेका प्रभावहरूको विश्लेषण गरिएको छ (तालिका ३३)। ३० वर्ष अगाडिको अवस्था, हाल देखिएका प्रभाव तथा असरहरू र भविष्यमा पर्न सक्ने असरहरूको परिदृश्यको कल्पनासँगै उच्च जोखिममा रहेका महिला तथा बालबालिकामा पर्न सक्ने असरहरूको विश्लेषणले विपद् तथा जलवायु परिवर्तनका कारण सिर्जित असरहरूसँग अनुकूलित हुने योजना निर्माणका लागि बलियो आधार प्रस्तुत गर्दछ।

*तालिका ३३: विभिन्न विषयगत क्षेत्रमा रहेका प्रभाव तथा असरहरूको विश्लेषण*

| क्षेत्र | ३० वर्ष अगाडिको अवस्था | प्रभाव तथा असरहरू | भविष्यमा पर्नसक्ने प्रभाव तथा असरहरू | महिला तथा बालबालिकामा पर्नसक्ने प्रभाव |
|---|---|---|---|---|
| कृषि तथा खाद्य सुरक्षा | • आत्मनिर्भर; नून र चिनीबाहेक अरू आफ्नै उत्पादनले पुग्ने<br>• रासायनिक मल तथा कीटनाशक औषधीको प्रयोग नभएको<br>• स्थानीय बीउबिजनको प्रयोग भएको<br>• स्थानीय जातका पशु पालन भएको<br>• पशुरोगहरू कम लाग्ने गरेको<br>• धान खेती धेरै हुने गरेको<br>• गोठ लेकबेसी गर्ने गरेको<br>• खुला चरिचरण गर्ने गरेको | • उत्पादकत्व घटी ३०/३५ मुरी मकै हुने ठाउँमा ५/६ मुरी पनि नहुने<br>• खेतबारी बाँझो रहने अवस्था<br>• बाली नछिप्पिदै सुक्न थालेको<br>• केही समय अगाडिसम्म पशुपालनमा न्यून आकर्षण रहेको भएता पनि हाल केही किसानहरूले व्यवसायिक पशुपालन गर्न लागेको<br>• कृषि सामग्रीमा आयात बढेको<br>• कृषि व्यावसायिक हुँदै गएको<br>• स्थानीय बीऊबिजन र स्थानीय जातका पशुहरू हराउँदै गएको<br>• गोठ लेकबेसी गर्ने क्रम पूर्ण रूपमा बन्द भएको<br>• खुला चरिचरणमा कमी हुँदै गएको<br>• कृषिजमिनको क्षेत्रफल क्रमश घटुदै गएको | • खाद्य असुरक्षामा वृद्धि हुन सक्ने<br>• सिँचाइ प्रणालीको विकासले कृषि उत्पादनमा मौसममा भर पर्नुपर्ने अवस्थामा कमी हुने<br>• कृषि तथा पशुपालनमा ठिमाहा प्रजातिको प्रयोगका कारण उत्पादनमा वृद्धि भएतापनि स्थानीय प्रजातिहरू लोप हुन सक्ने<br>• कृषि तथा पशुरोग वृद्धि हुन सक्ने<br>• व्यावसायिक कृषि प्रणालीको सुरुवात हुनसक्ने<br>• नयाँ रोगहरूको वृद्धि हुन सक्ने<br>• कृषिमा आधुनिकीकरणले गर्दा काम गर्न सहज तथा छरितो हुन सक्ने<br>• बजारको राम्रो व्यवस्थापन भएको अवस्थामा विभिन्न प्रजातिका तरकारी तथा फलफूल खेती विस्तार हुँदै जाने । | • विषादी तथा किटनाशक औषधीको प्रयोगका कारण महिलाहरूको प्रजनन स्वास्थ्यमा असर पर्न सक्ने<br>• बालबालिकामा कुपोषण बढ्न सक्ने |
| वन, जैविक विविधता तथा जलाधार संरक्षण | • वनजङ्गल घना भएको<br>• पानीको मूलहरू हालका भन्दा धेरै भएको<br>• समयमा पानी पर्ने गरेको<br>• जडीबुटीहरू हालको भन्दा धेरै पाइने गरेको<br>• जङ्गलमा प्रशस्त जनावरहरू रहेको | • मिचाहाझारले घाँसमा कमी भएको<br>• सामुदायिक वनको सुरुवात भएसँगै जङ्गल क्षेत्रमा विस्तार भएको<br>• वन पैदावार (दाउरा तथा काठ) को उपलब्धतामा वृद्धि भएको<br>• पानीका मूलहरू सुक्दै गएका<br>• नयाँ प्रजातिका चराचुरुङ्गी देखिएका<br>• विजयसालजस्ता राम्रा प्रजातिका स्थानीय काष्ठजन्य रुखहरू कम हुँदै गएको<br>• कृषि जमिन बाँझो छोड्ने कारणले गर्दा सो स्थान वनमा परिणत भएको (वडा १) | • मिचाहा प्रजातिको प्रकोप अझै बढ्न सक्ने<br>• भौतिक पूर्वाधार विकासका क्रममा वन क्षेत्र धेरै विनाश हुन सक्ने ।<br>• पशुपालनमा समस्या आउन सक्ने ।<br>• खानेपानीका मूलहरू अझै सुक्दै जान सक्ने<br>• जडिबुटी खेतीमा सामुदायिक वनको सहभागिता हुनसक्ने<br>• वन क्षेत्रमा वृद्धि हुन सक्ने<br>• राम्रा प्रजातिका स्थानीय काष्ठजन्य रुखहरू लोप हुन सक्ने | • पानीका स्रोत घट्दै जाँदा महिला तथा बालबालीकाहरूलाई बढी असर पर्ने<br>• घाँसपातका लागि लामो समय खर्च गर्नु पर्ने |
| जलस्रोत तथा ऊर्जा | • खानेपानीका मूलहरू रहेका<br>• सिँचाइको लागि खोलानालाका पानी प्रयोग गर्ने गरेको<br>• विभिन्न कुलो निर्माण गरी सिँचाइ गर्ने गरेको<br>• पोखरीको सङ्ख्या प्रशस्त रहेका<br>• ऊर्जाका रूपमा दियालो, दाउरा तथा | • बिजुली बत्ती तथा सोलारको प्रयोग बढेको<br>• निर्माण भएका सिँचाइ कुलाहरू खासै प्रयोगमा नरहेका; जीर्ण अवस्थामा पुगेका<br>• मूलहरू सुक्दै जानाले खानेपानीको अभाव हुँदै गएको<br>• कुलो भएपनि पानी नभएको<br>• पोखरीको सङ्ख्या घटेको तथा क्षेत्रफल पनि सानो | • सुख्खाको समय अझ बढ्न सक्ने र सिँचाइको सुविधा नभएमा खाद्य सङ्कट आउन सक्ने<br>• जल तथा उर्जा सङ्कट अझ बढ्न सक्ने<br>• पोखरीहरूको उचित संरक्षण नगरेमा पोखरीको क्षेत्र नासिन सक्ने<br>• करेसा पोखरी तथा घैंटे पोखरी निर्माण गरी | • खानेपानीको मूलहरू सुक्दै जनाले महिला तथा बालबालिकाहरूलाई बढी असर पर्ने<br>• जल तथा उर्जा सङ्कटका कारण महिलाहरूको कार्यबोझ बढ्न सक्ने<br>• सरसफाइमा कमी हुन सक्ने |

| क्षेत्र | ३० वर्ष अगाडिको अवस्था | प्रभाव तथा असरहरू | भविष्यमा पर्नसक्ने प्रभाव तथा असरहरू | महिला तथा बालबालिकामा पर्नसक्ने प्रभाव |
|---|---|---|---|---|
| | मट्टितेल आदिको प्रयोग हुने गरेको । | भएको | वर्षाको पानी सङ्कलन गर्ने काम विस्तार हुन सक्ने<br>• प्रत्येक घरमा धाराको पानी पुग्न सक्ने | |
| ग्रामीण तथा सहरी बसोबास; | • जनघनत्व कम रहेको<br>• सडक सञ्जालको खासै विस्तार नभएको<br>• कृषिमा आत्मनिर्भरता रहेको<br>• ग्रामीण केन्द्रित वस्ती तथा बजार रहेका<br>• पातलो छरिएर रहेका वस्तीहरू रहेका<br>• खरले छाएका कच्ची घरहरूको बाहुल्यता रहेको | • जङ्गल फडानी भएको, सडक सञ्जालमा वृद्धि र सडक छेउछाउमा वस्तीहरू केन्द्रित भएको<br>• साना साना बजारहरूको विस्तार भएको र मानिसहरू बढी सहर केन्द्रित भएको ।<br>• सहज उपलब्धताका कारण परनिर्भरता बढेको<br>• सहर केन्द्रित बसोबासका कारण पशुपालन तथा कृषि उत्पादनमा कमी आएको<br>• जनघनत्व बढेको<br>• जस्तापाताले छाएका तथा पक्की घरहरूतर्फ आकर्षण बढेको | • सहर केन्द्रित वस्ती बढ्नाले स्थानीय जग्गा जमिन कम हुँदै जाने जसका कारण स्थानीय उत्पादनमा कमी हुन सक्ने ।<br>• पशुजन्य उत्पादनमा कमी आउन सक्ने ।<br>• अव्यवस्थित सहरीकरण बढ्न सक्ने । | • महिलाहरूलाई जीविकोपार्जनमा समस्या आउन सक्ने<br>• खाद्यान्नमा बाह्य उत्पादनको प्रयोग बढी गर्नाले महिला तथा बालबालिकाको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने |
| उद्योग, यातायात तथा भौतिक पूर्वाधार | • उद्योगहरू एकदमै न्यून रहेको<br>• हाल कायम रहेका यातायातका साधनहरू खासै धेरै नभएका<br>• घरहरू खर, झिँगटी तथा फुसले छाउने गरेको<br>• अधिकांश घरहरू कच्ची रहेका<br>• बाटाका नाममा ससाना गोरेटोहरू मात्रै रहेका<br>• सञ्चारका लागि हुलाकमार्फत चिठ्ठीपत्र आदान प्रदान हुने गरेको | • साना, मझौला तथा ठुला उद्योगहरू सञ्चालनमा आएका<br>• सबै वडा सडक सञ्जालसँग जोडिएको<br>• घरहरू पक्की तथा टिनको छाना प्रयोग गर्ने चलन बढेको<br>• सडक सञ्जाल विस्तार हुँदै गएको<br>• अधिकतम जनसङ्ख्याको मोबाईल फोनमा पहुँच पुगेको<br>• इन्टरनेटको पहुँच भएको | • उद्योग कलकारखानाको सङ्ख्यामा वृद्धि हुने<br>• अतिवृष्टि तथा अनावृष्टिका कारण भौतिक पूर्वाधारहरू अझ बढी जोखिममा पर्ने<br>• यातायात तथा सडक सञ्जाल अझ विस्तार हुँदै जाने<br>• इन्टरनेट तथा मोबाइल फोनमा करिब सबैको पहुँच पुग्ने । | • उद्योग, यातायातका साधन तथा भौतिक पूर्वाधारहरूको विकासका कारण महिला तथा बालबालिकाहरूलाई पहिले भन्दा सहज हुन सक्ने<br>• प्रदुषणको कारण महिला तथा बालबालिकाको स्वास्थ्यमा असर पर्ने |
| पर्यटन एवम् प्राकृतिक तथा सांस्कृतिक सम्पदा | • विवाह, व्रतबन्ध तथा अन्य सामाजिक कार्यमा स्थानीय बाजा बजाउने गरेको<br>• स्थानीय उत्पादनहरूको विक्री वितरणका लागि हाट, बजार बाक्लै लाग्ने गरेको<br>• व्यापारका लागि कैलालीको घनगढी तथा कञ्चनपुर कै महेन्द्रनगरसम्म पुग्ने गरेको<br>• मौलिक स्थानीय थारू संस्कृतिको बाहुल्यता रहेको | • स्थानीय बाजा बजाउने जनशक्तिमा कमी भएको र विवाह, व्रतबन्ध तथा अन्य सामाजिक कार्यमा पनि पहिले भन्दा कमै मात्रामा माग हुने गरेको<br>• बजारहरूको विस्तारसँगै स्थानीय हाट बजार तथा मेलाहरूमा कमी हुँदै आएको ।<br>• ऐतिहासिक धरोहर तथा सांस्कृतिक सम्पदाहरूको उचित प्रचार प्रसार हुन नसकेको<br>• मौलिक संस्कृति हराउँदै गई पश्चिमा संस्कृतितर्फ आकर्षण बढेको | • पुराना सांस्कृतिक कलाहरू नयाँ पुस्तामा हस्तान्तरण हुन नसक्दा लोप हुन सक्ने<br>• ऐतिहासिक धरोहर तथा सांस्कृतिक सम्पदाहरूको उचित सम्भार नभएमा इतिहासको रूपमा मात्र रहन सक्ने तर उचित तरिकाले संरक्षण सम्बर्धन तथा प्रचार प्रसार गर्न सकेमा पर्यटन विकासमा टेवा पुग्ने<br>• मौलिक संस्कृति लोप हुन सक्ने | • बालबालिकाहरूलाई पुराना सांस्कृतिक कलाहरूका बारेमा जानकारी नभएको, जसका कारण उक्त कलाहरू भविष्यमा लोप हुँदै जाने सम्भावना रहेको |
| स्वास्थ्य, | • बिरामी हुँदा झारफुक तथा घरेलु | • स्वास्थ्य चौकी तथा अस्पतालहरूमा वृद्धि भएको | • स्वास्थ्य सुविधा सहज हुँदै जान सक्ने तर | • महिला तथा बालबालिकाको |

| क्षेत्र | ३० वर्ष अगाडिको अवस्था | प्रभाव तथा असरहरू | भविष्यमा पर्नसक्ने प्रभाव तथा असरहरू | महिला तथा बालबालिकामा पर्नसक्ने प्रभाव |
|---|---|---|---|---|
| खानेपानी तथा सरसफाइ | औषधी र जडीबुटीको प्रयोग हुने गरेको<br>• खानेपानीको लागि मुलको पानी तथा आते पम्पको प्रयोगमा निर्भर रहेको<br>• सरुवा रोगहरू मुख्य गरी हैजा, दादुरा, झाडापखाला आदिको प्रकोप बढी भएको | • बालबालिकालाई नियमित खोप लगाउने गरेको<br>• स्वास्थ्य परीक्षणको प्रचलन बढेको<br>• कृषि बालीमा विषादीको प्रयोगका कारण स्वास्थ्यमा असर परेको<br>• सरुवा रोगहरू कम भएको तर आँखा पोल्ने, छालासम्बन्धी रोगहरू, क्यान्सर, मधुमेह, उच्च रक्तचापजस्ता समस्या बढेको ।<br>• बजारमा बस्ती बढ्नाले फोहोरमैला व्यवस्थापन हुन नसकेको । | नयाँ नयाँ खालका स्वास्थ्य समस्या देखा पर्ने<br>• वायु तथा जमिन प्रदुषण बढ्दै जाने<br>• बालीमा विषादीको प्रयोग बढ्न सक्ने<br>• सहरको विस्तारसँगै फोहोरमैला व्यवस्थापनको समस्या बढ्दै जान सक्ने<br>• सरसफाइमा जनचेतना वृद्धि हुने<br>• स्वच्छ खानेपानीमा पहुँच कम हुने | स्वास्थ्यमा समस्या बढ्न सक्ने<br>• प्रजनन स्वास्थ्य तथा बाल स्वास्थ्यमा समस्या बढ्न सक्ने<br>• खानेपानीको समस्या बढ्नाले महिला तथा बालबालिकालाई कार्यबोझ बढ्न सक्ने |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | • पानी समयमा पर्ने गरेको<br>• घना जङ्गल भएको कारण बाढी पहिरोको जोखिम कम रहेको | • छोटो समयमा ठूलो पानी पर्ने हुनाले बाढी, नदीकटान तथा डुवानको बढी हुने गरेको<br>• नदी कटान बढेको<br>• आगलागीको प्रकोप बढेको<br>• समयमा वर्षा नहुने समस्या बढेको<br>• बेमौसमी वर्षाले खेतीबाली बिगार्ने गरेको | • मौसमी तथा आन्तरिक बसाइ सराइ बढ्न सक्ने<br>• आगलागीको प्रकोप बढ्न सक्ने<br>• बाढी, नदीकटान, डुवान तथा पहिरोजस्ता प्राकृतिक प्रकोप/विपद्हरूमा वृद्धि हुन सक्ने | • जलवायुजन्य प्रकोप तथा विपद्का घटनाहरूमा वृद्धि हुनाले महिला तथा बालबालिकाहरू बढी प्रभावित हुन सक्ने |

## ५.९. प्रकोप/विपद्बाट विभिन्न समूह, लिङ्ग तथा समुदामा परेका असरहरूको विश्लेषण

यस कृष्णपुर नगरपालिकामा महिला, दलित, विपन्न तथा पिछडिएका वर्गहरूको जोखिम विश्लेषणबाट सबै जसो प्रकोप/विपद्का क्षेत्रमा विश्लेषण गर्दा उमेरगत समूहमा युवा र वयस्कहरूलाई बढी असर गरेको पाइन्छ। त्यसैगरी लैङ्गिक रूपमा महिलालाई, आर्थिक रूपमा विपन्नलाई र सामाजिक हिसाबमा एकल महिलालाई बढी असर परेको देखिन्छ (तालिका ३४)।

*तालिका ३४: प्रकोप/विपद्ले विभिन्न समूहमा परेका असरहरूको विश्लेषण*

| प्रकोप/विपद् | लिङ्ग | | उमेर समूह | | | | आर्थिक अवस्था | | | सामाजिक अवस्था | | जातजाती | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | बालवालिका | युवा | वयस्क | वृद्ध | विपन्न | मध्यम | सम्पन्न | अपाङ्गता भएका व्यक्ति | एकल महिला | दलित | थारू | अन्य |
| बाढी | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | १ | ३ | ३ | ३ | २ | १ |
| बालीरोग | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | २ | १ | २ | २ | ३ | २ | २ |
| पशुरोग | ३ | ३ | ३ | २ | २ | ३ | ३ | २ | १ | २ | ३ | ३ | २ | २ |
| शीतलहर | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | २ | १ | २ | ३ | २ | २ | २ |
| मानवरोग | ४ | ३ | ३ | ३ | २ | ३ | ३ | २ | १ | २ | ३ | २ | २ | २ |
| पहिरो | २ | ३ | २ | ३ | ३ | २ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| खडेरी | ४ | ३ | २ | ४ | ४ | २ | ३ | २ | २ | २ | ३ | ३ | २ | २ |
| असिनापानी | ३ | ३ | ३ | ३ | ३ | २ | ३ | २ | २ | १ | २ | ३ | २ | १ |
| भू-क्षय | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | २ | २ | २ |
| आगलागी | ३ | ४ | २ | ३ | ३ | २ | ३ | २ | १ | २ | ३ | ३ | २ | १ |
| मिचाहाझार | ३ | २ | १ | ३ | ३ | १ | ३ | २ | १ | २ | ३ | ३ | ३ | २ |
| हावाहुरी | ३ | ३ | ३ | ३ | ३ | २ | ३ | २ | १ | २ | ३ | ३ | २ | १ |
| चट्याङ | ३ | २ | ३ | २ | २ | २ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ |

## ५.१०. जीविकोपार्जनका स्रोतहरूमाथिको प्रभाव विश्लेषण

यस नगरपालिकाका सबै वडाहरूका समुदायसँग जीविकोपार्जनका पाँच सम्पत्तिहरूमाथि जलवायु परिवर्तनका असर र तिनका प्रभावबारे छलफल गरी विश्लेषण गरिएको छ। जीविकोपार्जनका स्रोतहरूमाथि प्रकोप/विपद्ले पारेको प्रभावसँग तुलना गरी न्यून क्षति, मध्यम क्षति, उच्च क्षति र अति उच्च क्षतिको आधारमा क्रमशः १, २, ३ र ४ मान प्रदान गरी सोही बमोजिम विश्लेषण गरिएको छ (तालिका ३५)। जीविकोपार्जनका पाँच स्रोतहरू (प्राकृतिक, भौतिक, आर्थिक, सामाजिक र मानवीय स्रोत) माथिको प्रभाव विश्लेषणको अध्ययनले समुदाय अनुकूलित हुन हाल भएका असरहरूको अवस्था विश्लेषण गर्दै यो योजना बनाउन थप मद्दत गरेको छ।

*तालिका ३५: प्रकोप/विपद्बाट जीविकोपार्जनका स्रोतहरूमाथि परेको प्रभाव विश्लेषण*

| जीविकोपार्जनका स्रोतहरू | प्रकोप/विपद् | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाढी, डुबान, नदीकटान | पहिरो | बालीरोग | पशुरोग | मानवरोग | शीतलहर | भू-क्षय | आगलागी | असिनापानी | चट्याङ | मिचाहाझार | हावाहुरी | खडेरी | |
| **प्राकृतिक स्रोतहरू** | | | | | | | | | | | | | | |
| खेतीयोग्य जमिन | ४ | ४ | ४ | २ | १ | ३ | २ | १ | २ | १ | ४ | ३ | ४ | ३५ |
| पानीको स्रोत | ३ | ३ | १ | २ | १ | १ | १ | २ | १ | १ | १ | २ | ४ | २३ |
| वन जङ्गल | २ | २ | १ | १ | १ | १ | १ | ४ | २ | २ | ३ | ४ | ४ | २८ |
| वन्यजन्तु | १ | १ | १ | १ | २ | ३ | १ | ४ | २ | १ | ३ | २ | ३ | २५ |
| जडीबुटी | २ | २ | १ | १ | १ | २ | १ | ४ | २ | १ | २ | १ | २ | २२ |
| **भौतिक स्रोतहरू** | | | | | | | | | | | | | | |
| बाटो | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | १८ |
| घर वा सामुदायिक भवन | १ | १ | १ | १ | १ | २ | १ | ३ | १ | २ | १ | २ | २ | १९ |
| खानेपानी | ३ | ३ | १ | १ | १ | १ | १ | २ | १ | १ | ३ | १ | ३ | २२ |

| जीविकोपार्जनका स्रोतहरू | प्रकोप/विपद् | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाढी, डुबान, नदीकटान | पहिरो | बालीरोग | पशुरोग | मानवरोग | शीतलहर | भू-क्षय | आगलागी | असिनापानी | चट्याङ | मिचाहाझार | हावाहुरी | खडेरी | |
| विद्युत | २ | २ | १ | १ | १ | १ | १ | २ | १ | २ | २ | १ | ३ | २० |
| सिँचाई | १ | १ | १ | १ | १ | १ | १ | २ | १ | १ | ३ | २ | ३ | १९ |
| **आर्थिक स्रोतहरू** | | | | | | | | | | | | | | |
| कृषि | ४ | ४ | ४ | ४ | ३ | ४ | २ | ३ | ३ | १ | ३ | ३ | ३ | ४१ |
| पशुपालन | ३ | ३ | ३ | ३ | ३ | ३ | १ | ३ | २ | १ | २ | २ | ३ | ३२ |
| रोजगारी | १ | १ | ४ | ४ | ३ | २ | १ | १ | १ | १ | १ | १ | २ | २३ |
| व्यापार तथा उद्यम | २ | २ | ३ | ३ | ३ | २ | १ | २ | १ | १ | १ | १ | १ | २३ |
| **सामाजिक स्रोतहरू** | | | | | | | | | | | | | | |
| सामुदायिक भवन | २ | १ | १ | १ | १ | २ | १ | २ | १ | १ | २ | ३ | २ | २० |
| विद्यालय र स्वास्थ्य चौकी | २ | ३ | १ | १ | ३ | ३ | १ | २ | १ | १ | २ | ३ | २ | २५ |
| आमा समूह, बाल क्लव, कृषि समूह | २ | १ | १ | २ | ३ | २ | १ | २ | १ | १ | ३ | ३ | ३ | २५ |
| **मानवीय स्रोतहरू** | | | | | | | | | | | | | | |
| शिक्षा | ३ | ३ | २ | १ | ३ | २ | १ | २ | १ | १ | १ | ३ | १ | २४ |
| मानव स्वास्थ्य | ३ | ३ | २ | १ | ३ | ३ | १ | ३ | १ | १ | १ | २ | १ | २५ |
| बसाईं सराई | २ | २ | १ | १ | २ | १ | १ | १ | १ | १ | १ | १ | १ | १६ |

# परिच्छेद ६:सङ्कटासन्नता तथा जोखिम विश्लेषण

नगरपालिकाको वडागत जलवायुजन्य सङ्कटासन्नता तथा जोखिम विश्लेषण नेपाल सरकारले २०७८ मा प्रकाशन गरेको सङ्कटासन्नता तथा जोखिम लेखाजोखा एवम् अनुकूलनका विकल्पहरू नामक पुस्तक अनुसार गरिएको छ। यो योजना तयार गर्दा प्रकोप/विपद्हरूको पहिचान र जलवायु तथा विपद्जन्य सङ्कटासन्नता तथा जोखिमको विश्लेषण गरी अनुकूलन क्षमता लेखाजोखाका लागि जलवायुका प्रकोप/विपद्हरूबाट सङ्कटासन्न वडा र वडाभित्रका सङ्कटासन्न समुदाय, घरधुरी र व्यक्ति पहिचान गर्न तथा जलवायु परिवर्तनका प्रमुख असर तथा क्षेत्रहरूको विश्लेषण गर्न भौगोलिक सूचना प्रणाली तथा सहभागितामूलक परिदृश्य विकासको समेत प्रयोग गरी सहभागितामूलक विधिहरू प्रयोग गरिएको छ। यो प्रक्रियामार्फत वर्तमान तथा भावी जलवायु सङ्कटासन्नतालाई न्यूनीकरण गर्न सहयोग पुग्ने खालका अनुकूलनका अभ्यास तथा अनुकूलन क्रियाकलापहरू र स्रोतको पहिचान गर्न एवम् तिनको प्रभावकारी ढङ्गले परिचालन गर्न सहज बनाउनको लागि तल उल्लिखित प्रक्रियाहरू पुरा गरी यो योजना तयार गरिएको छ।

## ६.१. प्रकोप/विपद् सूचकाङ्क

कृष्णपुर नगरपालिकाको सङ्कटासन्नता तथा जोखिम विश्लेषण गर्नको लागि नगरपालिकास्तरीय अन्तरक्रियाका सहभागीरूले पहिचान गरेका १३ ओटा प्रकोप/विपद्हरू (तालिका २) ले सामुदायिक तथा पारिस्थितिकीय प्रणालीमा पारेका असरहरूको विश्लेषण गरिएको छ। यसका लागि विभिन्न प्रकोप/विपद्हरूसँग सामुदायिक तथा पारिस्थितिकीय प्रणालीको सम्मुखता, संवेदनशीलता र प्रकोप/विपद्हरूसँग जुध्ने अनुकूलन क्षमताको विश्लेषण नेपाल सरकारले तय गरेका विभिन्न सूचकहरू मध्यबाट यस नगरपालिकाका लागि उपयुक्त सूचकहरूको पहिचान र छनौट गरी गरिएको छ।

प्रकोप/विपद्हरूको सूचाङ्क तालिका ३६ मा देखाइएको छ। यस तालिका अनुसार जलवायुजन्य प्रकोप/विपद्हरूको समस्या तथा जोखिम कृष्णपुर नगरपालिकाको वडा ४ मा सबैभन्दा बढी र वडा ३ मा सबैभन्दा कम रहेको छ।

*तालिका ३६: जलवायुजन्य प्रकोप/विपद्हरूको वडागत सूचकाङ्क*

| प्रकोप/विपद्हरू | प्रकोप/विपद्को वडागत सूचकाङ्क | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ |
| पहिरो | ०.००७७ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| बालीरोग | ० | ० | ० | ०.०५२२ | ० | ०.१०४४ | ०.१०४४ | ०.१०४४ | ०.१०४४ |
| पशुरोग | ०.०३५५ | ०.०३५५ | ०.०३५५ | ०.०३५५ | ० | ०.१०६४ | ०.०७०९ | ० | ०.०३५५ |
| बाढी | ०.०९१२ | ०.०७२९ | ०.१२७७ | ०.१०९४ | ०.०३६५ | ० | ०.०७२९ | ०.१०९४ | ०.०९१२ |
| खडेरी | ०.०६ | ०.०६ | ० | ०.०६ | ०.०६ | ०.०३ | ०.०३ | ०.०३ | ०.०६ |
| असिनापानी | ०.०४२६ | ०.०४२६ | ० | ०.०४२६ | ०.०४२६ | ०.०२१३ | ०.०२१३ | ०.०२१३ | ०.०४२६ |
| भू-क्षय | ०.०४२६ | ०.०४२६ | ० | ०.०४२६ | ०.०४२६ | ०.०२१३ | ०.०२१३ | ०.०२१३ | ०.०४२६ |
| आगलागी | ०.०७०९ | ०.०८५१ | ० | ०.०७०९ | ०.०५६७ | ०.०२८४ | ०.०५६७ | ०.०८५१ | ०.०४२६ |
| मिचाहाझार | ० | ०.०४२६ | ०.०८५१ | ०.०८५१ | ० | ० | ०.०४२६ | ०.०८५१ | ० |
| हावाहुरी | ०.०२८० | ०.०५६१ | ०.०२८० | ०.०४६७ | ०.०२८० | ०.०२८० | ०.०२८० | ०.०२८० | ० |
| चटचाङ | ० | ० | ० | ०.०४१८ | ०.०४१८ | ०.०५५७ | ०.०६९६ | ०.०१३९ | ०.०२७९ |
| मानव रोग | ० | ०.०३०३ | ०.०३०३ | ०.०६०६ | ० | ०.०६०६ | ०.०९०९ | ०.०३०३ | ०.०३०३ |
| शीतलहर | ०.०६०९ | ०.०९०९ | ० | ०.०९०९ | ०.०९०९ | ० | ०.०४५५ | ० | ०.०४५५ |
| **जम्मा** | **०.४३९३** | **०.५५८४** | **०.३०६६** | **०.७३८२** | **०.३९९०** | **०.४५६१** | **०.६५४२** | **०.५२८९** | **०.५२२३** |

## ६.२. सम्मुखता

तालिका २ अनुसारका १३ ओटा प्रकोप/विपद्हरूसँग कृष्णपुर नगरपालिकाका सबै वडाका सामुदायिक तथा

पारिस्थितिकीय प्रणालीको सम्मुखताको अवस्था तालिका ३७ अनुसार रहेको छ । यसरी सम्मुखताको विश्लेषणका लागि कूल जनसङ्ख्या, खेतीयोग्य जमिन, वन क्षेत्र, बसोवास क्षेत्र, भौतिक पूर्वाधार (खानेपानीका पूर्वाधार, पुलको तथा, सामुदायिक भवनका सङ्ख्यालाई सूचकको रूपमा लिइएको छ। नगरपालिकामा आयोजना भएको अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले सहभागितामूलक ढङ्गबाट प्रत्येक सूचकको वडागत मान निर्धारण गरेका छन् । यसरी मान निर्धारण गर्नका लागि प्रत्येक वडाको जम्मा सम्मुखतालाई एक मानी पहिचान भएका तेह्रवटा प्रकोप/विपद्सँग बढी सम्मुख भएको सूचकलाई बढी र कम सम्मुख भएको सूचकलाई कम मान दिइएको छ। नगरपालिका भरीको औसतलाई हेर्दा प्रकोप/विपद्हरूले सबैभन्दा बढी कूल जनसङ्ख्यामा असर गरेको छ भने त्यसपछि क्रमश: खेतीयोग्य जमिन, आवासक्षेत्र, वनक्षेत्र, र भौतिक पूर्वाधारमा असर गरेको छ ।

*तालिका ३७: सम्मुखताका सूचक र तिनीहरूको वडागत मान*

| सम्मुखताका सूचकहरू | सम्मुखताको वडागत मान | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ | औसत |
| कूल जनसङ्ख्या | ०.२५ | ०.३ | ०.३५ | ०.३५ | ०.४ | ०.३ | ०.३५ | ०.२५ | ०.३ | ०.३१७ |
| खेतीयोग्य जमिन | ०.२८ | ०.२५ | ०.२५ | ०.२ | ०.१८ | ०.३ | ०.२५ | ०.२५ | ०.२५ | ०.२४६ |
| वन क्षेत्र | ०.१५ | ०.१५ | ०.०५ | ०.१५ | ०.१७ | ०.१ | ०.१ | ०.१५ | ०.२ | ०.१३६ |
| बसोवास क्षेत्र | ०.२ | ०.२ | ०.२५ | ०.१५ | ०.१५ | ०.१५ | ०.२ | ०.१५ | ०.१५ | ०.१७८ |
| भौतिक पूर्वाधार | ०.१२ | ०.१ | ०.१ | ०.१५ | ०.१ | ०.१५ | ०.१ | ०.२ | ०.१ | ०.१२४ |
| **जम्मा** | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |

सम्मुखताहरूको सूचाङ्क तालिका ३८ मा देखाइएको छ । यस तालिका अनुसार जलवायुजन्य प्रकोप/विपद्हरूसँग वडा २ सबैभन्दा बढी र वडा ३ सबैभन्दा कम सम्मुख रहेका छन् ।

*तालिका ३८: सम्मुखताहरूको वडागत सुचकाङ्क*

| सम्मुखताका सूचकहरू | सम्मुखताको वडागत सूचकाङ्क | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ |
| कूल जनसङ्ख्या | ०.१२ | ०.३२ | ० | ०.२७ | ०.२० | ०.११ | ०.१९ | ०.०३ | ०.१४ |
| खेतीयोग्य जमिन | ०.२० | ०.१८ | ० | ०.२५ | ०.११ | ०.१२ | ०.१४ | ०.१४ | ०.२० |
| वन क्षेत्र | ०.२२ | ०.०२ | ०.००२ | ०.१४ | ०.०००२ | ० | ०.०४ | ०.०७ | ०.०७ |
| बसोवास क्षेत्र | ०.०३ | ०.१८ | ०.००८ | ० | ०.११ | ०.०९ | ०.१८ | ०.०५ | ०.०८ |
| भौतिक पूर्वाधार | ०.०९ | ०.१२ | ०.००५ | ०.०३ | ०.१२ | ०.०७ | ०.०७ | ० | ०.०६ |
| **जम्मा** | ०.६६ | ०.८२ | ०.०१५ | ०.६९ | ०.५४ | ०.३९ | ०.६१ | ०.२९ | ०.५४ |

## ६.३. संवेदनशीलता

तालिका २ अनुसारका १३ ओटा प्रकोप/विपद्हरूसँग कृष्णपुर नगरपालिकाका सबै वडाका सामुदायिक तथा पारिस्थितिकीय प्रणालीको संवेदनशीलताको अवस्था तालिका ३९ अनुसार रहेको छ । यसरी संवेदनशीलताको विश्लेषणका लागि आर्थिक रूपमा आश्रित जनसङ्ख्या, महिलाको जनसङ्ख्या, फरक क्षमता भएकाको जनसङ्ख्या, दीर्घरोगीको जनसङ्ख्या, कच्ची घरको सङ्ख्या, फुसको छाना भएका घरको सङ्ख्या, बाढी, नदीकटान, पहिरो र आगलागीको जोखिममा भएका बस्ती सङ्ख्या, दाउरालाई मात्र इन्धनको रूपमा प्रयोग गर्ने घरधुरी, बत्ती बाल्न मट्टीतेलको प्रयोग गर्ने घरधुरी, खुल्ला पानी पिउने घरधुरी, पानीको अभाव भएको घरधुरी र खुल्ला शौचालय प्रयोग गर्ने घरधुरीलाई सूचकको रूपमा लिइएको छ । नगरपालिकामा भएको अन्तरक्रिया कार्यक्रममा सहभागितामूलक ढङ्गबाट प्रत्येक सूचकको वडागत मान निर्धारण गरिएको छ । यसरी मान निर्धारण गर्नको लागि प्रत्येक वडाको जम्मा संवेदनशीलतालाई एक मानी पहिचान भएका तेह्रवटा प्रकोप/विपद्सँग बढी संवेदनशील भएको सूचकलाई बढी र कम संवेदनशील भएको सूचकलाई कम मान दिइएको छ ।

*तालिका ३९: संवेदनशीलताका सूचक र तिनीहरूको वडागत मान*

| संवेदनशीलताका सूचकहरू | संवेदनशीलताको वडागत मान | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ | औसत |
| आर्थिक रूपमा आश्रित जनसङ्ख्या | ०.०७ | ०.११ | ०.१ | ०.२ | ०.२ | ०.०६ | ०.१५ | ०.१८ | ०.२ | ०.१४ |
| महिलाको जनसङ्ख्या | ०.०६ | ०.०६ | ०.०६ | ०.०७ | ०.२ | ०.०७ | ०.१५ | ०.१५ | ०.२ | ०.११ |
| फरक क्षमता भएकाको जनसङ्ख्या | ०.०५ | ०.०५ | ०.०५ | ०.०५ | ०.०३ | ०.०७ | ०.०६ | ०.०६ | ०.०३ | ०.०५ |
| दीर्घरोगीको जनसङ्ख्या | ०.०५ | ०.०४ | ०.०५ | ०.०८ | ०.०५ | ०.२ | ०.०८ | ०.०७ | ०.०५ | ०.०७ |
| कच्ची घरको सङ्ख्या | ०.१२ | ०.२५ | ०.२५ | ०.०७ | ०.२ | ०.२४ | ०.१५ | ०.२ | ०.२ | ०.१९ |
| फुसको छाना भएका घरको सङ्ख्या | ०.०५ | ०.११ | ०.०४ | ०.०५ | ० | ०.०६ | ०.०५ | ०.०५ | ० | ०.०५ |
| बाढी, नदीकटान, पहिरो र आगलागीको जोखिममा भएका बस्ती सङ्ख्या | ०.१५ | ०.१७ | ०.१५ | ०.०५ | ०.०६ | ०.०५ | ०.१५ | ०.११ | ०.०४ | ०.१० |
| दाउरालाई मात्र इन्धनको रूपमा प्रयोग गर्ने घरधुरी | ०.२ | ०.१५ | ०.२३ | ०.१ | ०.२ | ०.१५ | ०.०७ | ०.१५ | ०.२ | ०.१६ |
| बत्ती बाल्न मट्टीतेलको प्रयोग गर्ने घरधुरी | ०.०४ | ०.०१ | ०.०१ | ०.०५ | ०.०१ | ०.०१ | ०.०३ | ० | ०.०१ | ०.०२ |
| खुल्ला पानी पिउने घरधुरी | ०.१ | ०.०१ | ०.०१ | ०.१ | ० | ०.०८ | ०.०३ | ०.०३ | ०.०२ | ०.०४ |
| पानीको अभाव भएको घरधुरी | ०.०५ | ०.०१ | ० | ०.०८ | ० | ० | ०.०३ | ० | ० | ०.०२ |
| खुल्ला शौचालय प्रयोग गर्ने घरधुरी | ०.०६ | ०.०३ | ०.०५ | ०.१ | ०.०५ | ०.०१ | ०.०५ | ० | ०.०५ | ०.०४ |
| **जम्मा** | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | |

संवेदनशीलताको सूचाङ्क तालिका ४० मा देखाइएको छ। यस तालिका अनुसार कृष्णपुर नगरपालिकाका जलवायुजन्य प्रकोप/विपद्हरूसँग वडा २ सबैभन्दा बढी र वडा ३ सबैभन्दा कम संवेदनशील रहेका छन् ।

*तालिका ४०: संवेदनशीलताको वडागत सूचकाङ्क*

| संवेदनशीलताका सूचकहरू | संवेदनशीलताको वडागत सूचकाङ्क | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ |
| आर्थिक रूपमा आश्रित जनसङ्ख्या | ०.०४९ | ०.१४१ | ० | ०.११९ | ०.०७८ | ०.०४८ | ०.०७८ | ०.०१५ | ०.०५९ |
| महिलाको जनसङ्ख्या | ०.०३९ | ०.११३ | ० | ०.१०० | ०.०७१ | ०.०४३ | ०.०७२ | ०.०११ | ०.०५० |
| फरक क्षमता भएकाको जनसङ्ख्या | ०.०२६ | ०.०५० | ०.००१ | ०.०४८ | ०.०२५ | ०.०१३ | ०.०२८ | ० | ०.०१० |
| दीर्घरोगीको जनसङ्ख्या | ०.००४ | ०.००३ | ०.००२ | ०.००७ | ०.०७४ | ०.००६ | ०.००२ | ०.००१ | ० |
| कच्ची घरको सङ्ख्या | ०.१४३ | ०.१६९ | ० | ०.१८७ | ०.१४६ | ०.१२९ | ०.१६० | ०.०५० | ०.१४९ |
| फुसको छाना भएका घरको सङ्ख्या | ०.०४६ | ० | ०.००४ | ०.०३१ | ०.००७ | ०.०२३ | ०.००७ | ० | ०.००१ |
| बाढी, नदीकटान, पहिरो र आगलागीको जोखिममा भएका बस्ती सङ्ख्या | ०.१०३ | ०.०५७ | ० | ०.०५७ | ०.०३४ | ०.०४६ | ०.०५७ | ०.०३४ | ०.०३४ |
| दाउरालाई मात्र इन्धनको रूपमा प्रयोग गर्ने घरधुरी | ०.०६० | ०.१६१ | ०.००३ | ०.१३५ | ०.०७७ | ०.०५५ | ०.०६७ | ० | ०.०५८ |
| बत्ती बाल्न मट्टीतेलको प्रयोग गर्ने घरधुरी | ०.०१६ | ०.००५ | ० | ०.०१९ | ०.०१० | ०.००६ | ०.०१४ | ०.००८ | ०.०१३ |
| खुल्ला पानी पिउने घरधुरी | ०.०२२ | ०.०४२ | ० | ०.०४२ | ०.०२८ | ०.०२२ | ०.०२५ | ०.००६ | ०.०२३ |
| पानीको अभाव भएको घरधुरी | ०.००१ | ०.००७ | ० | ०.००२ | ०.०१९ | ०.००४ | ०.००३ | ०.००५ | ०.००३ |
| खुल्ला शौचालय प्रयोग गर्ने घरधुरी | ०.०३४ | ०.०४४ | ०.००७ | ०.०३१ | ०.०२३ | ०.०१० | ०.०३७ | ० | ०.०३७ |
| **जम्मा** | ०.५४२ | ०.७९३ | ०.०१७ | ०.७७७ | ०.५९२ | ०.४०४ | ०.५४९ | ०.१३० | ०.४३७ |

## ६.४. अनुकूलन क्षमता

तालिका २ अनुसारका १३ ओटा प्रकोप/विपद्हरूसँग कृष्णपुर नगरपालिकाका सबै वडाका सामुदायिक तथा पारिस्थितिकीय प्रणालीको अनुकूलन क्षमताको अवस्था तालिका ४१ अनुसार रहेको छ । यसरी अनुकूलन क्षमता विश्लेषणका लागि आर्थिक रूपले सक्रिय जनसङ्ख्या, शिक्षित जनसङ्ख्या, पानीका मुहानका सङ्ख्या, समुदायले व्यवस्थापन गरेको वनको सङ्ख्या, धाराको पानी प्रयोग गर्ने घरधुरी, बिजुलीमा पहुँच भएका घरधुरी, विद्यालयको सङ्ख्या, स्वास्थ्यकेन्द्र र अस्पतालको सङ्ख्या, सडक घनत्व, बजार क्षेत्रको सङ्ख्या, पर्यटन केन्द्रको सङ्ख्या, पक्की

घरधुरी, प्रतिवर्ष हुने अन्न उत्पादन, घरपालुवा जनावर सङ्ख्या, नगरपालिका केन्द्रसँगको दुरी, सामुदायिक भवनको सङ्ख्या र आकस्मिक उद्दारका लागि उपलब्ध खुल्ला क्षेत्रलाई सूचकको रूपमा लिइएको छ । नगरपालिकामा आयोजना भएको अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले सहभागितामूलक ढङ्गबाट प्रत्येक सूचकको वडागत मान निर्धारण गरेका छन् । यसरी मान निर्धारण गर्नको लागि प्रत्येक वडाको जम्मा अनुकूलन क्षमतालाई एक मानी पहिचान भएका एघारवटा प्रकोप/विपद्ले कम असर पारेका सूचकलाई बढी र बढी असर पारेका सूचकलाई कम मान दिइएको छ ।

*तालिका ४१: अनुकूलन क्षमताका सूचक र तिनीहरूको वडागत मान*

| अनुकूलन क्षमताका सूचकहरू | अनुकूलन क्षमताको वडागत मान | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ | औसत |
| आर्थिक रूपले सक्रिय जनसङ्ख्या | ०.०७ | ०.१२ | ०.०६५ | ०.१ | ०.१५ | ०.१ | ०.०५ | ०.०८ | ०.२ | ०.१० |
| शिक्षित जनसङ्ख्या | ०.०५ | ०.१२ | ०.०५ | ०.१ | ०.११ | ०.०९ | ०.०६ | ०.०८ | ०.२ | ०.१० |
| पानीका मुहानका सङ्ख्या | ०.०६ | ०.०३ | ०.०३५ | ०.०५ | ०.०५ | ०.०५ | ०.०३ | ०.०५ | ०.०७ | ०.०५ |
| समुदायले व्यवस्थापन गरेको वनको सङ्ख्या | ०.०७ | ०.०४ | ०.०५५ | ०.०६ | ०.०३ | ०.०२ | ०.०३ | ०.०३ | ०.०२ | ०.०४ |
| धाराको पानी प्रयोग गर्ने घरधुरी | ०.०५ | ०.०४ | ० | ०.०५ | ०.०५ | ०.०५ | ०.०२ | ०.०६ | ०.०३ | ०.०४ |
| बिजुलीमा पहुँच भएका घरधुरी | ०.०६ | ०.११ | ०.०८ | ०.१ | ०.११ | ०.२५ | ०.१५ | ०.०९ | ०.०५ | ०.११ |
| विद्यालयको सङ्ख्या | ०.०६ | ०.०७ | ०.०५५ | ०.०६ | ०.०४ | ०.०२ | ०.०८ | ०.०३ | ०.०१ | ०.०५ |
| स्वास्थ्यकेन्द्र र अस्पतालको सङ्ख्या | ०.०६ | ०.०६ | ०.०६ | ०.०२ | ०.०३ | ०.०१ | ०.०५ | ०.०१ | ०.०१ | ०.०३ |
| सडक सञ्जाल | ०.०७ | ०.०४ | ०.०८ | ०.०४ | ०.०४ | ०.०७ | ०.१ | ०.०९ | ०.०५ | ०.०६ |
| बजार क्षेत्रको सङ्ख्या | ०.०३ | ०.०७ | ०.०५ | ०.०३ | ०.०४ | ०.०१ | ०.०२ | ०.०२ | ०.०१ | ०.०३ |
| पर्यटन केन्द्रको सङ्ख्या | ०.०३ | ०.०३ | ०.०३५ | ०.०१ | ०.०१ | ०.०३ | ०.०१ | ०.०१ | ०.०१ | ०.०२ |
| पक्की घरधुरी | ०.०७ | ०.०७ | ०.०८ | ०.१ | ०.०४ | ०.०४ | ०.१ | ०.०६ | ०.१ | ०.०७ |
| प्रतिवर्ष हुने अन्न उत्पादन | ०.०७ | ०.०७ | ०.०८ | ०.१ | ०.०६ | ०.०७ | ०.१ | ०.१ | ०.१ | ०.०८ |
| घरपालुवा जनावर सङ्ख्या | ०.०८ | ०.०३ | ०.०७५ | ०.०६ | ०.०३ | ०.०७ | ०.०७ | ०.१ | ०.०५ | ०.०६ |
| नगरपालिका केन्द्रसँगको दुरी | ०.०२ | ०.०४ | ०.०७ | ०.०३ | ०.१ | ०.०४ | ०.०७ | ०.०८ | ०.०१ | ०.०५ |
| सामुदायिक भवनको सङ्ख्या | ०.०५ | ०.०३ | ०.०६ | ०.०३ | ०.०७ | ०.०३ | ०.०२ | ०.०४ | ०.०२ | ०.०४ |
| आकस्मिक उद्दारका लागि उपलब्ध खुल्ला क्षेत्र | ०.१ | ०.०३ | ०.०७ | ०.०६ | ०.०४ | ०.०५ | ०.०४ | ०.०७ | ०.०६ | ०.०६ |
| **जम्मा** | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | |

अनुकूलन क्षमताहरूको सूचकाङ्क तालिका ४२ मा देखाइएको छ । यस तालिका अनुसार कृष्णपुर नगरपालिकाका जलवायुजन्य प्रकोप/विपद्हरूसँग जुध्नको लागि वडा २ सँग सबैभन्दा राम्रो र वडा ३ सँग सबैभन्दा कमजोर अनुकूलन क्षमता रहेको छ ।

*तालिका ४२: अनुकूलन क्षमताको वडागत सूचकाङ्क*

| अनुकूलन क्षमताका सूचकहरू | अनुकूलन क्षमताको वडागत सूचकाङ्क | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ |
| आर्थिक रूपले सक्रिय जनसङ्ख्या | ०.०४ | ०.१ | ० | ०.०९ | ०.०७ | ०.०४ | ०.०७ | ०.०१ | ०.०५ |
| शिक्षित जनसङ्ख्या | ०.०५ | ०.१० | ० | ०.०८ | ०.०७ | ०.०५ | ०.०५ | ०.०१ | ०.०४ |
| पानीका मुहानका सङ्ख्या | ०.०५ | ०.०५ | ० | ० | ०.०२ | ० | ० | ० | ० |
| समुदायले व्यवस्थापन गरेको वनको सङ्ख्या | ०.०३ | ०.०३ | ० | ०.०३ | ०.०१ | ०.०३ | ०.०२ | ०.०२ | ०.०४ |
| धाराको पानी प्रयोग गर्ने घरधुरी | ०.००४ | ०.०४ | ०.०३ | ०.०१ | ०.०१ | ० | ०.००२ | ०.००३ | ०.०००४ |
| बिजुलीमा पहुँच भएका घरधुरी | ०.०२ | ०.११ | ०.०१ | ०.०७ | ०.०६ | ०.०४ | ०.०४ | ० | ०.०३ |
| विद्यालयको सङ्ख्या | ०.०४ | ०.०५ | ०.०० | ०.०३ | ०.०२ | ०.०२ | ०.०२ | ० | ०.०१ |
| स्वास्थ्यकेन्द्र र अस्पतालको सङ्ख्या | ०.००४ | ०.०३ | ०.०० | ०.००४ | ०.०२ | ०.००४ | ०.०१ | ० | ०.०१ |
| सडक सञ्जाल | ० | ० | ०.०५ | ०.०१ | ०.०६ | ०.०५ | ०.०३ | ०.०३ | ०.०२ |
| बजार क्षेत्रको सङ्ख्या | ०.०१ | ०.००४ | ० | ०.०३ | ०.०१ | ० | ०.००४ | ० | ० |

| अनुकूलन क्षमताका सूचकहरू | अनुकूलन क्षमताको वडागत सूचकाङ्क | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ |
| पर्यटन केन्द्रको सङ्ख्या | ०.००५ | ०.०२ | ० | ०.०२ | ०.००५ | ०.००५ | ०.००५ | ०.०१ | ०.०१ |
| पक्की घरधुरी | ०.०१ | ०.०७ | ०.०१ | ०.०५ | ०.०३ | ०.०१ | ०.०१ | ० | ०.०१ |
| प्रतिवर्ष हुने अन्न उत्पादन | ०.०७ | ०.०५ | ० | ०.०७ | ०.०४ | ०.०६ | ०.०४ | ०.०६ | ०.०८ |
| घरपालुवा जनावर सङ्ख्या | ०.०५ | ०.०५ | ० | ०.०६ | ०.०४ | ०.०३ | ०.०४ | ०.०२ | ०.०२ |
| नगरपालिका केन्द्रसँगको दुरी | ०.०५ | ०.०२ | ०.०४ | ०.०२ | ० | ०.०२ | ०.०२ | ०.०३ | ०.०५ |
| सामुदायिक भवनको सङ्ख्या | ०.०१ | ०.०४ | ० | ०.०२ | ०.०३ | ०.०२ | ०.०१ | ०.००२ | ०.०२ |
| आकस्मिक उद्दारका लागि उपलब्ध खुल्ला क्षेत्र | ०.०६ | ०.०१ | ० | ०.०१ | ०.०१ | ०.०४ | ०.०४ | ०.०२ | ०.००३ |
| **जम्मा** | ०.५१ | ०.७८ | ०.१५ | ०.६१ | ०.५० | ०.४१ | ०.४१ | ०.२२ | ०.४० |

## ६.५. जोखिमका आधारमा वडा स्तरीकरण

संवेदनशीलता तथा अनुकूलन क्षमताको वडागत कूल सूचकाङ्कको आधारमा वडागत सङ्टासन्नता पहिचान गरिएको छ। र, अन्त्यमा प्रकोप/विपद्, सम्मुखता र सङ्टासन्नताका आधारमा जोखिमको वडागत सूचाङ्क निकालिएको छ। यसरी जोखिमको वडागत सूचाङ्कको पहिचान गरी नौवटा नै वडाहरूको स्तरीकरण गरिएको छ । तालिका ४३ मा देखाइए झैं कृष्णपुर नगरपालिकाको वडा ४ तथा वडा ७ अति उच्च जोखिममा रहेका छन्। वडा १ र २ उच्च, वडा ५, ६ र ९ मध्यम, तथा वडा ३ र ८ कम जोखिममा रहेका छन्।

*तालिका ४३: सङ्कटासन्नता तथा जोखिमको आधारमा वडा स्तरीकरण*

| वडा | प्रकोप/विपद् | सम्मुखता | संवेदनशीलता | अनुकूलन क्षमता | सङ्टासन्नता | जोखिम | जोखिमको आधारमा वडा स्तरीकरण | वडाको जोखिमको तह |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०.४३९३ | ०.६५९९ | ०.५४२४ | ०.५०९२ | ०.२६६२ | ०.०७७२ | ४ | उच्च |
| २ | ०.५५८४ | ०.८१५९ | ०.७९३५ | ०.७८३६ | ०.१७१७ | ०.०७८२ | ३ | उच्च |
| ३ | ०.३०६६ | ०.०१४५ | ०.०१६९ | ०.१५१८ | ०.०१४३ | ०.०००१ | ९ | कम |
| ४ | ०.७३८२ | ०.६८५४ | ०.७७७४ | ०.६०८८ | ०.३०४१ | ०.१५३९ | १ | अति उच्च |
| ५ | ०.३९९० | ०.५४१२ | ०.५९१९ | ०.४९८८ | ०.२९६६ | ०.०६४१ | ६ | मध्यम |
| ६ | ०.४५६१ | ०.३८९१ | ०.४०४० | ०.४०८९ | ०.२३८८ | ०.०४२४ | ७ | मध्यम |
| ७ | ०.६५४२ | ०.६१५० | ०.५४९४ | ०.४१४० | ०.३२२० | ०.१२९५ | २ | अति उच्च |
| ८ | ०.५२८९ | ०.२८९१ | ०.१३०४ | ०.२१५८ | ०.१०२३ | ०.०१५६ | ८ | कम |
| ९ | ०.५२२३ | ०.५३९४ | ०.४३६९ | ०.४०२६ | ०.२६१० | ०.०७३५ | ५ | मध्यम |

# परिच्छेद ७:जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका रणनीतिहरू

## ७.१. नीतिगत रणनीतिहरू

यस योजना अन्तर्गत विभिन्न प्रकोप/विपद्हरूबाट उत्पन्न हुनसक्ने समस्याहरूको सामना गर्न नगरपालिकास्तरीय स्थानीय विपद् जोखिम तथा जलवायु उत्थानशील समितिका साथै वडास्तरीय विपद् जोखिम तथा जलवायु उत्थानशील समितिहरू निर्माण गरिएको र उक्त समितिहरूले गर्ने कार्य तथा जिम्मेवारीहरू निर्धारण गरिएको छ । यसका साथै यस नगरपालिकाले निम्न बमोजिमका नीतिगत रणनीतिहरू लागु गर्नेछ ।

### ७.१.१. जनचेतना तथा क्षमता अभिवृद्धिका रणनीतिहरू

१. भुकम्प सुरक्षा सम्बन्धी जनचेतना अभिवद्धि गर्ने कार्यका लागि पर्चा पम्पलेट वितरण तथा सडक नाटकजस्ता क्रियाकलापहरू सञ्चालन गर्ने । यसका साथै स्थानीय रेडियोमा चेतनामूलक कार्यक्रम सञ्चालन गने

२. सुख्खा मौसम, हावाहुरी आउने बेलामा वन जङ्गलमा आगो नलगाउन तथा जथाभावी आगो नसक्लाउन समुदायलाई विभिन्न माध्यमबाट सचेत गर्ने

३. विद्यालयमा आगलागी सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

४. हाइ टेन्सन लाइन नजिक घर नबनाउनका लागि चेतना फैलाउने

५. हावाहुरी आउने महिना अगावै यसले पार्नसक्ने असर र प्रभावको विषयमा चेतनामूलक पर्चा , पम्पलेट, सडक नाटक आदिजस्ता अभियान चलाउने । यसका साथै स्थानीय रेडियोमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्न सहकार्य गर्ने

६. आफ्नो घर तथा गोठको छाना राम्रोसँग बाँध्ने बाँध्न लगाउने तथा घर बनाउँदा ठूलठूला रुखको वरीपरि नबनाउने र हावाहुरी आउदा रुख बिरुवाको फेदमा नबस्न समुदायलाई सचेत गर्ने

७. बाढी जोखिम न्यूनीकरण गर्न पम्लेट तयार गरी चेतना वृद्धिको अभियान सञ्चालन गर्ने । यसका साथै स्थानीय रेडियोमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्न सहकार्य गर्ने

८. भूकम्प प्रतिरोधी भौतिक पूवाधार निर्माणका लागि दक्ष जनशक्ति उत्पादन गर्ने डकर्मी तथा सिकर्मी तालिम सञ्चालन गर्ने

९. विद्यार्थीहरूको सहभागितामा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने

१०. सडक नाटक तथा लोकगीत प्रतियोगिता मार्फत बाढी सम्बन्धी जनचेतना फैलाउने

११. विद्यालयमा चट्याङ र यसबाट सुरक्षित हुने विधि सम्बन्धी कक्षा सञ्चालन गर्ने, प्रत्येक घरमा अर्थिङ गर्ने तथा विद्युत टान्सफर नजिक घर नबनाउन चेतना फैलाउने

### ७.१.२. जोखिम न्यूनीकरणका रणनीतिहरू

१. कम्तीमा २००० परिवारलाई व्यवस्थापन गर्न सक्ने २ ओटा सुरक्षित आवास केन्द्रहरूको निर्माण गर्ने

२. हरेक भौतिक पूर्वाधार निर्माण गर्दा भुकम्पीय दृष्टिकोणबाट सुरक्षित भएको सुनिश्चित गर्ने

